*दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं,*
*जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ।*

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

# प्रथम विधान महाधिवेशन

(असोज १५–१७, २०७८) बाट पारित

# संगठनात्मक प्रस्ताव

cpnuml

पुस्तकको नाम : संगठनात्मक प्रस्ताव

प्रकाशक : नेकपा (एमाले) केन्द्रीय सचिवालय

संस्करण : पहिलो

मुद्रित प्रति : १० हजार

मिति : मंसिर २०७८

मूल्य : रु.५५/–

ले–आउट डिजाइन तथा मुद्रण व्यवस्थापन : एम एस माउस पुतलीसडक

# विषयसूची

(क) विषय प्रवेश ... ५

(ख) पार्टी निर्माणका वैचारिक आधारहरू ... १२

(ग) पार्टीको संगठनात्मक सिद्धान्त र जनताको बहुदलीय जनवाद ... १८

(घ) पार्टी निर्माणमा जबज र पार्टी जीवनको लोकतान्त्रिकरण ... २५

(ङ) पार्टी संगठनको वर्तमान अवस्था ... ३६

(च) पार्टी निर्माणमा देखिएका समस्या ... ४८

(छ) आजको सन्दर्भमा पार्टी निर्माण र संगठन व्यवस्थापन ... ६६

(ज) निष्कर्ष ... ९१

## (क) विषय प्रवेश

१. कम्युनिष्ट पार्टी सञ्चालन गर्ने वैज्ञानिक र विधिसम्मत संगठनात्मक प्रणाली हुन्छ । त्यसलाई निश्चित दर्शन, सिद्धान्त र नीतिले मार्गदर्शन गर्दछ । विधिसम्मत प्रणालीको अभावमा बनेका संगठनहरू व्यक्तिकेन्द्रित समुह जस्तो बन्न पुग्दछन् र निश्चित समयपछि त्यस्ता समुहहरूको अस्तित्व समाप्त भएर जान्छ ।

कम्युनिष्ट पार्टीहरूले अवलम्वन गर्दै आएको संगठनात्मक सिद्धान्तलाई 'लेनिनवादी संगठनात्मक सिद्धान्त' भनिन्छ । यो सिद्धान्त अभ्यासमा आउनुपूर्व पनि संगठन निर्माण र सञ्चालनका विधि र प्रणालीहरू अभ्यासमा थिए । तर ती विधि र प्रणालीमा प्रशस्त कमजोरीहरू रहेका थिए, जसलाई लेनिनले नयाँ स्वरुपमा परिमार्जित र विकसित गर्नुभयो । रुसी अक्टुवर समाजवादी क्रान्तिका दौरानमा संगठनात्मक क्षेत्रमा गरिएका अभ्यास र अनुभवहरूलाई संगठनात्मक प्रणालीका रुपमा सिद्धान्तकृत गरियो । अहिले, कम्युनिष्ट आन्दोलनभित्र मात्र होइन, बाहिर समेत संगठन सञ्चालन र व्यवस्थापनमा यस प्रणालीको गहिरो प्रभाव देख्न सकिन्छ । लेनिनको समयपछि सूचना प्रविधिमा भएको विकास, सामाजिक प्रबन्धमा आएको बदलाव र त्यसले मनोविज्ञानमा समेत ल्याएको परिवर्तनले संगठन व्यवस्थापनका क्षेत्रमा पनि उल्लेख्य परिवर्तन ल्याइदिएको छ ।

२. नेपाल कम्युनिष्ट पार्टी स्थापनाको समयदेखि नै पार्टी निर्माण र सञ्चालनमा लेनिनवादी संगठनात्मक सिद्धान्तको प्रयोग र अभ्यास हुँदै आएको हो । तर त्यसको प्रयोगमा विभिन्न कालखण्डमा गम्भीर प्रकृतिका समस्याहरू प्रकट भए । पार्टी स्थापनाको अगुवाई गर्नुहुने संस्थापक महासचिव पुष्पलाललाई पहिलो महाधिवेशन गर्ने समेत अवसर प्राप्त भएन । पार्टी स्थापनादेखि तेस्रो महाधिवेशनसम्म पार्टीको मुख्य वैचारिक नेताको भूमिकामा उहाँ नै देखिनुभयो । तर पार्टी एकताबद्ध रहँदासम्म पार्टीको मुख्य नेतृत्वका रुपमा स्वीकार्य हुन सक्नुभएन । तेस्रो महाधिवेशनपछि पार्टी छिन्नभिन्न भएपछि पार्टी पुनर्गठनको अगुवाई पुष्पलालले नै गर्नुभयो । तर त्यो प्रयास पनि कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने कुरामा सफल रहेन । पार्टीको पहिलो, दोस्रो र तेस्रो महाधिवेशनसम्म पार्टी एकताबद्ध रहे पनि पार्टीभित्र वैचारिक संघर्षलाई विधिसम्मत ढंगले सञ्चालन गर्ने, वैचारिक एकता कायम गर्ने, पार्टीमा हुर्किएको गुटबन्दी, संगठनात्मक अराजकता र क्षेत्रीयतावादी प्रवृत्तिमाथि विजय हासिल गरेर पार्टी र आन्दोलनलाई सही बाटोमा अघि बढाउने कुरामा निरन्तर समस्याहरू देखिए । नेकपाले स्थापना कालदेखि नै राष्ट्रियता, जनवाद र जनजीविकाका प्रश्नमा सही एजेण्डा अघि बढाउँदै आएपनि लामो समयसम्म राष्ट्रिय राजनीतिको मुख्य शक्तिका रुपमा पार्टीको विकास हुन सकेन । बरु उल्टै फुट र विभाजनको शिकार बन्न पुग्यो ।

३. नेपालको कम्युनिष्ट आन्दोलनमा तेस्रो महाधिवेशनपछि विभाजन, विखण्डन र विघटनका साथै पार्टी पुनर्गठन तथा पुनर्निर्माणका प्रवृत्तिहरू पनि एकसाथ देखिए । ती प्रवृत्तिहरू २०३६ को ऐतिहासिक जनआन्दोलन र त्यसको जगमा सम्पन्न जनमत संग्रहको कालसम्म एक ढंगले अघि बढे । जनमत संग्रहपछि भने नेपालमा राजनीतिक दलहरू

*पार्टीको पहिलो, दोस्रो र तेस्रो महाधिवेशनसम्म पार्टी एकताबद्ध रहे पनि पार्टीभित्र वैचारिक संघर्षलाई विधिसम्मत ढंगले सञ्चालन गर्ने, वैचारिक एकता कायम गर्ने, पार्टीमा हुर्किएको गुटबन्दी, संगठनात्मक अराजकता र क्षेत्रीयतावादी प्रवृत्तिमाथि विजय हासिल गरेर पार्टी र आन्दोलनलाई सही बाटोमा अघि बढाउने कुरामा निरन्तर समस्याहरू देखिए ।*

संस्थागत स्वरुपमा सुदृढ बन्दै गए । नेपालको कम्युनिष्ट आन्दोलनमा झापा विद्रोहको जगमा विकसित भएको नेकपा (माले)को धार र केन्द्रीय न्युक्लियस हुँदै अघि बढेको चौथो महाधिवेशनको धार त्यसपछिको कम्युनिष्ट आन्दोलनका प्रमुख शक्तिका रुपमा रहे । झापा विद्रोहबाट विकास भएको नेकपा (माले)को धारले नै नेपालको कम्युनिष्ट आन्दोलनको एकता र एकीकरणको मूल प्रवृत्तिलाई आत्मसात गर्न सफल रह्यो । उक्त धार माले–मार्क्सवादी एकतापछि आजको नेकपा (एमाले)को रुपमा नेपालको कम्युनिष्ट आन्दोलनको मूल प्रवाहका रुपमा स्थापित भएको छ । झापा आन्दोलनबाट अघि बढेर शान्तिपूर्ण जनआन्दोलन, प्रजातन्त्र प्राप्तिका लागि साझा शत्रुका विरुद्ध संभव सबै शक्तिसित कार्यगत एकताका साथ गरिने जनसंघर्षका माध्यमबाट नेपालको मुख्य राजनीतिक शक्तिका रुपमा स्थापित भई निर्वाचनको माध्यमबाट सरकारको नेतृत्व समेत गरेर लोकप्रिय बन्न पुगेको नेकपा (एमाले) र सशस्त्र संघर्षको बाटो हुँदै शान्ति प्रक्रियाको बाटोबाट मूलधारको राजनीतिमा आएको नेकपा (माओवादी केन्द्र) बीचमा सम्पन्न पार्टी एकता नेपालको कम्युनिष्ट आन्दोलनको एउटा ऐतिहासिक परिघटना थियो । तर पार्टी एकताको मर्म र भावना विपरित अवसरवादी नेताहरूको पार्टी तथा सरकार विरुद्धका षडयन्त्रपूर्ण क्रियाकलापका

कारणले एकता सफल हुन सकेन । तर त्यसले स्थापित गरेको एकताको मुल प्रवृत्तिलाई आत्मसात गर्दै अहिले हाम्रो पार्टी नेकपा (एमाले) अघि बढिरहेको छ ।

४. नेपालमा कम्युनिष्ट आन्दोलनको विकास र सुदृढीकरणका क्रममा यस पार्टीले मा र्क्सवादलाई सिर्जनात्मक रुपमा लागू गर्दै अघि बढेको छ । मा र्क्सवादको सिर्जनात्मक प्रयोगकै क्रममा जननेता मदन भण्डारीको नेतृत्वमा यस पार्टीले जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तको विकास गर्न सफल भएको हो । पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनले जनताको बहुदलीय जनवादलाई नेतृत्वकारी विचारका रुपमा ग्रहण गरेको थियो । बुटवलमा सम्पन्न पार्टीको आठौं राष्ट्रिय महाधिवेशनबाट मा र्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तका रुपमा आत्मसात गरियो र सोही महाधिवेशनले 'पार्टी जीवनको लोकतान्त्रिकरण'को मान्यतालाई संस्थागत रुपमा अघि बढायो । यस मान्यतालाई आत्मसात गरेपछि यो पार्टी एशियाकै सबैभन्दा विस्तारित र व्यापक लोकतान्त्रिक अभ्यास गर्ने कम्युनिष्ट पार्टीका रुपमा समेत स्थापित भयो । यद्यपि पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनपछि पार्टीलाई संगठनात्मक रुपमा लोकतान्त्रिक र संस्थागत ढंगले अघि बढाउँदा बढाउँदै पनि यस पार्टीले २०५४ साल र अहिले गरी दुईपटक विभाजनकारी प्रवृत्तिको सामना गर्नुपऱ्यो । कम्युनिष्ट पार्टीको विभाजनमा धेरथोर वैचारिक, सैद्धान्तिक र नीतिगत कारणहरू रहे पनि मुलभूत रुपमा संगठनात्मक अराजकता, वैचारिक विचलन, गुटबन्दीपूर्ण क्रियाकलाप र अवसरवाद नै मुख्य प्रवृत्तिका रुपमा रहने गरेका छन् । पार्टीमा स्थापित संगठनात्मक पद्धतिको पालना र कार्यान्वयनमा भएका कमी–कमजोरीले पनि त्यसमा एकहदसम्म

*एकाध व्यक्तिले विधि र प्रक्रिया उल्लंघन गर्दा उदासीनता देखाउनाले गुटबन्दीको विकास हुने र त्यसलाई समयमै नियन्त्रण वा सम्बोधन गर्न नसक्दा त्यसले विग्रह र विभाजनसम्म पुऱ्याउने गरेको छ । नेकपाको पुनर्गठनपछि एकाध घटनाबाहेक नेकपा (एमाले) पार्टीका रूपमा एकता र एकीकरण नै यसको मूल प्रवृत्ति रहँदै आएको छ ।*

भूमिका खेल्ने गरेको छ । पार्टी संगठन निर्माण गर्ने, त्यसलाई सञ्चालन गर्ने, घटना र विषयवस्तुलाई हेर्ने र विश्लेषण गर्ने, नीति निर्माण गर्ने तथा विचारधारात्मक संघर्ष सञ्चालन गर्ने, नेतृत्वको भूमिका निर्वाह गर्ने र कार्यकर्ता परिचालन गर्ने जस्ता कुरामा संगठनात्मक सिद्धान्त र पद्दतिलाई सही ढंगले अवलम्बन गर्न नसक्दा वा त्यसको गम्भीर उल्लंघन गर्न पुग्दा पार्टीभित्र गम्भीर समस्या आएको देखिन्छ। एकाध व्यक्तिले विधि र प्रक्रिया उल्लंघन गर्दा उदासीनता देखाउनाले गुटबन्दीको विकास हुने र त्यसलाई समयमै नियन्त्रण वा सम्बोधन गर्न नसक्दा त्यसले विग्रह र विभाजनसम्म पुऱ्याउने गरेको छ। नेकपाको पुनर्गठनपछि एकाध घटनाबाहेक नेकपा (एमाले) पार्टीका रुपमा एकता र एकीकरण नै यसको मूल प्रवृत्ति रहँदै आएको छ। अन्तरपार्टी संघर्ष विग्रहका तहमा पुगेका बेलामा पनि त्यसलाई रोक्न यो पार्टी धेरैपटक सफल भएको छ। यस प्रकारको क्षमता निर्माणमा यस पार्टीद्वारा मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा अघि बढाइएका अभ्यास, विकसित गरेका गौरवपूर्ण संगठनात्मक पद्दति र परम्पराहरूको विशेष योगदान रहेको छ ।

५. पार्टी भूमिगत रुपमा क्रियाशील रहँदा पार्टी सदस्यहरूको संख्या अत्यन्त सीमित रहने गरेको र कमिटीहरू साना तथा छरिता रहने गरेका थिए । पार्टी नेतृत्व समेत आमजनताको बीचमा प्रत्यक्ष रुपमा परिचयका साथ प्रस्तुत नहुँदाको समयमा अन्तरसंघर्ष पनि बाहिर सार्वजनिक हुने सम्भावना कमै रहन्थ्यो । पार्टी खुला र जनआधारित भएर सञ्चालित हुँदा त्यसमा भिन्नता आउनु स्वभाविकै हो । त्यसमाथि पार्टी राज्यका विभिन्न तहका सरकारको नेतृत्व गर्ने ठाउँमा रहँदा राज्यका नीति र नियम अन्तर्गत सञ्चालन हुने अवस्थामा त्यसको सञ्चालन प्रक्रियामा भिन्नता रहन्छ नै । पछिल्लो समयमा पार्टी र सरकारबीचको अन्तरसम्बन्धको प्रश्न र राजकीय जिम्मेवारीमा पुग्ने प्रश्नमा पार्टीमा मतभेद उत्पन्न हुने गरेको छ । अन्तरपार्टी लोकतान्त्रिक अभ्यास कमजोर हुँदा त्यसमा जटिलता थपिने गरेको छ । तर पनि संगठनात्मक पद्दति र प्रणालीका सन्दर्भमा हाम्रो पार्टी समृद्ध छ र यसका आफ्नै विशिष्ट परम्परा तथा अनुभव रहेका छन् । पार्टी सञ्चालनका यी विशिष्ट अनुभवहरूलाई आत्मसात गर्न नसक्दा पार्टी जीवनमा बेलाबखत समस्या आउने गरेको छ । आगामी दिनमा त्यस्तो नहोस् भन्नका लागि पार्टीको संगठनात्मक सिद्धान्त र प्रणालीलाई हाम्रो आन्दोलनका विशिष्ट अनुभवका आधारमा लागु गर्नुपर्ने हुन्छ । संगठनात्मक पद्दति र प्रणालीलाई कठमुल्लावादी ढंगले लागू गर्न खोज्नु र त्यो अव्यावहारिक भयो भनेर विधि र पद्धतिबिहीन ढंगले चल्ने कुरा दुबै हानिकारक हुने गर्दछ ।

६. यतिबेला 'जहाँ नेपाली त्यहाँ नेकपा (एमाले)' को राजनीतिक र संगठनात्मक प्रभाव विस्तार भएको अवस्था छ । केन्द्र, प्रदेश र स्थानीय तहमा आमरुपमा यो प्रमुख पार्टीका रुपमा क्रियाशील छ । यस्तो अवस्थामा पार्टी निर्माण र सञ्चालनका व्यवस्थित र व्यावहारिक प्रणाली अवलम्वन गर्नु आवश्यक हुन्छ । विगतमा हाम्रो पार्टीले मा

*नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को बीचमा पार्टी एकता भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएपछि त्यसमा गम्भीर समस्या उत्पन्न भयो । संगठनात्मक अराजकता, गुटबन्दी र दक्षिणपन्थी अवसरवादले पार्टीमा खुलेआम छुट पाउने अवस्था सिर्जना भयो ।*

र्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गर्दै आएको छ । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को बीचमा पार्टी एकता भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएपछि त्यसमा गम्भीर समस्या उत्पन्न भयो। संगठनात्मक अराजकता, गुटबन्दी र दक्षिणपन्थी अवसरवादले पार्टीमा खुलेआम छुट पाउने अवस्था सिर्जना भयो। पार्टीको मुल नेतृत्वका रुपमा रहेको सचिवालयको ठूलो हिस्सा गुटबन्दी र पछि गएर पार्टी विघटनको कारका बन्यो । नेकपा (एमाले) पुनर्स्थापित भएपछि पनि त्यसका असरहरू पार्टी जीवनका समस्याका रुपमा रहिरहे। त्यसको समाधानका लागि गरिएका प्रयासहरू एकहदसम्म सकारात्मक रहे। तर त्यसका बाबजुद नेकपा (एमाले) र त्यसको नेतृत्वलाई कमजोर बनाउने उद्देश्यका साथ दल विभाजनसम्बन्धी अध्यादेश जारी गरेर पार्टीलाई कमजोर बनाउने षडयन्त्र भयो । पार्टीको जनतासँगको घनिष्ठ सम्बन्ध र बलियो संगठनात्मक आधारका कारणले उक्त प्रयास निस्प्रभावी बन्दै गएको छ । विधिसम्मत ढंगले अघि बढ्न तयार हुने हो भने असहमतिलाई सहमतिमा र अन्तरसंघर्षलाई एकतामा बदल्न सकिन्छ । तर पार्टीलाई घात गर्ने र अन्तरध्वंस मच्चाउने कुराको औचित्य कहिल्यै पुष्टि हुनसक्दैन। इतिहासले त्यस्ता व्यक्तिहरूलाई

हरपल दण्डित गरिरहने छ। हाम्रो पार्टी र आन्दोलनको अनुभवमा आधारित कटु सत्य यही हो।

नेकपाको संगठनात्मक इतिहास र पार्टी निर्माणका पछिल्ला अनुभव समेतको आधारमा पार्टीको संगठनात्मक जीवनलाई पुनर्व्यवस्थित गर्नु आवश्यक छ। मा र्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सुरु भएको पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यता र पार्टी एकतापश्चात् नेकपाको समयमा हामीले व्यहोरेका संगठनात्मक जीवनका समस्या समेतको आधारमा पार्टी जीवनलाई थप सुदृढ र एकताबद्ध गर्ने उद्देश्यका साथ संगठनात्मक प्रस्ताव प्रस्तुत गरिएको छ।

## (ख) पार्टी निर्माणका वैचारिक आधारहरू

१. राजनीतिक दलहरू वर्गीय समाजका उपज हुन्। निश्चित वर्गका राजनीतिक प्रतिनिधिको रुपमा समाजमा उनीहरूको भूमिका निर्धारित हुन्छ। कम्युनिष्ट पार्टीले आफ्नो मुलुकका श्रमजीवी वर्ग र उत्पीडित समुदायको हितका पक्षमा काम गर्दछ। निश्चित वर्ग र वर्गीय समुदायको आंशिक हितको प्रतिनिधित्व वर्गीय संगठन वा सामाजिक संघ–संस्थाहरूले पनि गर्न सक्छन्। तर तिनीहरूबाट राज्यसत्ताको नेतृत्व गर्न र त्यसका माध्यमबाट सम्बन्धित वर्गको समग्र हितको प्रतिनिधित्व हुनसक्दैन। त्यसका लागि वर्गीय मुक्ति र समग्र वर्ग हितको राजनीतिक प्रतिनिधित्व गर्ने एक सुसंगठित राजनीतिक दलको आवश्यकता पर्दछ। नेपालजस्ता मुलुकमा पुरातनवादी पार्टीहरूले सामन्ती समाजका उत्पीडक वर्गको, पूँजीवादी पार्टीहरूले पूँजीपति वर्गको र कम्युनिष्ट तथा वामपन्थी पार्टीहरूले श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधित्व गर्दछन्।

*नेपाल कम्युनिष्ट पार्टी (एमाले) शारीरिक श्रम र बौद्धिक श्रम गरेर बाँच्ने सबै खाले श्रमजीवी वर्गको पार्टी हो । यस पार्टीले समाजका निम्न तथा मध्यम वर्ग र परिवर्तनमा सहयोगी हुने राष्ट्रिय पुँजीपति वर्गको हितको समेत प्रतिनिधित्व गर्छ । तर यो पार्टी श्रमजीवी वर्ग पक्षधरताबाट कहिल्यै विचलित भने हुँदैन ।*

नेकपा (एमाले) नेपालका विद्यमान श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधित्व गर्ने प्रमुख पार्टी हो ।

२. नेपालका श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधित्व गर्ने पार्टीका रुपमा २००६ साल वैशाख ९ (तदनुसार २२ अप्रिल १९४९) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) २००६ सालमा स्थापना भएको नेकपाको निरन्तरता र कम्युनिष्ट आन्दोलनको मुलधार हो । नेपाली समाज पूँजीवादी चरणमा प्रवेश गरे पनि तदनुरुपको उत्पादक शक्ति र सम्बन्धको विकास हुनसकेको छैन र सामन्ती उत्पादन सम्बन्धमा आधारित वर्गहरूको उपस्थिति कुनै न कुनै रुपमा विद्यमान छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) शारीरिक श्रम र बौद्धिक श्रम गरेर बाँच्ने सबै खाले श्रमजीवी वर्गको पार्टी हो । यस पार्टीले समाजका निम्न तथा मध्यम वर्ग र परिवर्तनमा सहयोगी हुने राष्ट्रिय पुँजीपति वर्गको हितको समेत प्रतिनिधित्व गर्छ । तर यो पार्टी श्रमजीवी वर्ग पक्षधरताबाट कहिल्यै विचलित भने हुँदैन । यतिबेला नेकपा (एमाले)को उद्देश्य आर्थिक–सामाजिक विकास र रुपान्तरणको माध्यमबाट समाजवादको आधार तयार गर्नु रहेको छ । त्यसका लागि पार्टीले ‘समृद्ध नेपाल, सुखी नेपाली’को संकल्प लिएको छ । भविष्यमा

नेपाली समाजलाई आर्थिक रसामाजिक रुपले सबल र सुदृढ बनाउँदै शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माण गर्नु यसको मुख्य लक्ष हो । पार्टी निर्माणको मूल सैद्धान्तिक आधार पनि यही हो ।

३. यतिबेला विज्ञान, प्रविधि र व्यवस्थापनमा भएको विकासले श्रम सम्बन्धमा समेत व्यापक परिवर्तन आइरहेको छ । श्रम शोषणको स्वरुप र अतिरिक्त मूल्य आर्जन गर्ने पूँजीवादी तौरतरिकामा समेत फेरबदल आइरहेको छ । विद्युतीय कारोबार र पूँजी बजारको तीब्र विकासले बजार प्रणालीको परम्परागत स्वरुपमा समेत परिर्वतन आइरहेको छ । यस्तो अवस्थामा वर्ग संरचनामा भइरहेको फेरबदललाई गहिरो गरी नियाल्नु, उत्पादन पद्दति रसम्बन्धको स्वरुपमा भइरहेको परिवर्तनका आधारमा श्रमजीवी वर्गको हितको रक्षा गर्दै राष्ट्रिय अर्थतन्त्रको विकास गर्नु आवश्यक छ । श्रम सम्बन्ध र श्रम ढाँचामा आएको परिवर्तनले श्रमजीवी वर्गको दायरा फराकिलो भएको छ र त्यसको परिभाषामा समयानुकूल परिमार्जन समेत भइरहेको छ । संगठित संस्थाको अधिनस्थ वस्तु र सेवाको प्रत्यक्ष वा परोक्ष उत्पादनमा सहभागी हुने वा अनौपचारिक क्षेत्रमा शारीरिक र बौद्धिक श्रम गर्नेहरू सबै श्रमजीवी वर्गको उपस्थिति समाजमा वढदो क्रममा छ । आजको सन्दर्भमा कम्युनिष्ट पार्टी निर्माणमा यस्ता विषयहरूलाई समेत ध्यान दिन सक्नु पर्दछ ।

४. कम्युनिष्ट पार्टीको नाम र झण्डाका आधारमा मात्र पार्टी क्रान्तिकारी हुने होइन । त्यसका लागि क्रान्तिकारी सिद्धान्त, नीति र कार्यक्रमका साथै तदनुरुपको व्यवहारको आवश्यकता पर्दछ । नेपालको सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका क्रममा जननेता मदन भण्डारीको नेतृत्वमा प्रतिपादन गरिएको जनताको बहुदलीय जनवाद नै यतिबेलाको सबैभन्दा क्रान्तिकारी विचार हो । जनताको बहुदलीय

*नेपालको सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका क्रममा जननेता मदन भण्डारीको नेतृत्वमा प्रतिपादन गरिएको जनताको बहुदलीय जनवाद नै यतिबेलाको सबैभन्दा क्रान्तिकारी विचार हो ।*

जनवादका आधारमा विकास गरिएका कार्यक्रम, कार्यदिशा र नीतिहरू नै हाम्रो पार्टी निर्माणका आधार हुन् । पार्टीले यही दृष्टिकोणका आधारमा आठौं राष्ट्रिय महाधिवेशनदेखि पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यता अवलम्बन गरिरहेको छ। आजसम्मका अनुभव समेतको आधारमा पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रियालाई थप सुदृढ र परिमार्जन गर्नु आवश्यक छ ।

५. क्रान्तिकारी सिद्धान्त, नीति र कार्यक्रम दस्तावेजमा उल्लेख गरेर मात्र क्रान्तिकारी पार्टी निर्माण हुँदैन। त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने हुन्छ । व्यवहारमा लागू नहुने क्रान्तिकारी सिद्धान्त, नीति र कार्यक्रमको कुनै अर्थ हुँदैन । सिद्धान्त र व्यवहारको अन्तरसम्बन्धका बारेमा जननेता मदन भण्डारीले हमेसा व्यवहारमा जोड दिनुभएको छ। 'भाषालाई व्याकरणले पछ्याउने' र 'सिद्धान्तको रंग खैरो र जीवनको रंग हरियो हुन्छ' भन्ने विश्लेषणका साथ उहाँले सिद्धान्तलाई जीवनसँग जोड्न हमेसा जोड दिनु भएको छ । नेपाली राजनीतिमा सिद्धान्तमा जोड दिने नाममा राजनीतिक घटनाक्रम र जनअपेक्षालाई उपेक्षा गर्ने जडसुत्रवादी प्रवृत्ति लामो समयसम्म हावी रह्यो । त्यसका विपरीत व्यवहारवादी हुने नाममा प्रतिक्रियावादी शक्तिसँग आत्मसमर्पण गर्ने प्रवृत्ति पनि विभिन्न

समयमा प्रकट भयो । सिद्धान्त र व्यवहारका बीचको सन्तुलन तथा द्वन्द्वलाई ठीक ढंगले व्यवस्थापन र समन्वय गर्न सक्दा मात्र क्रान्तिकारी ध्येय र उद्देश्यमा सफलता पाउन सकिन्छ । यस कामका लागि सही सिद्धान्तको मार्गदर्शनमा जनतालाई जागृत, संगठित र परिचालित गर्नसक्ने, जनतामा भिजेका सचेत र जागरुक कार्यकर्ताको विशाल पंक्ति र शृङ्खलाबद्ध कमिटी प्रणालीको आवश्यकता पर्दछ । जनताको बहुदलीय जनवादले हामीलाई त्यस दिशामा अघि बढ्न सुस्पष्ट रुपमा मार्गनिर्देश गरेको छ ।

६. कम्युनिष्ट पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा संस्थापक नेता पुष्पलालले सिद्धान्त, संगठन र संघर्षको तीन 'स'को नीतिमा जोड दिनुहुन्थ्यो । जननेता मदन भण्डारीले त्यस अतिरिक्त प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने कुरामा विशेष जोड दिनुभयो । यस हिसाबले सबल र सुदृढ पार्टी निर्माणको सन्दर्भमा निम्न ५ आयाममा विशेष ध्यान दिनुपर्दछ–

**पहिलो**– सही सिद्धान्त, कार्यक्रम र कार्यदिशाको निरुपण र त्यससम्बन्धी बुझाइमा एकरुपता ।

**दोस्रो**– वैचारिक रुपले सुसंगठित आधारभूत वर्गका साथै सबै भौगोलिक क्षेत्र र समुदायमा आधारित पार्टी संगठनको शृङ्खलाबद्ध कमिटी प्रणालीको निर्माण ।

**तेस्रो**– नेतृत्व, कमिटी र कार्यकर्ताका बीचमा गहिरो अन्तरसम्बन्ध कायम हुनु र परिभाषित कार्य जिम्मेवारीअनुरुप तिनीहरू परिचालित हुनु ।

*कम्युनिष्ट पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा संस्थापक नेता पुष्पलालले सिद्धान्त, संगठन र संघर्षको तीन 'स'को नीतिमा जोड दिनुहुन्थ्यो । जननेता मदन भण्डारीले त्यस अतिरिक्त प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने कुरामा विशेष जोड दिनुभयो ।*

**चौथो**– पार्टी नीतिअनुरुप राष्ट्रिय हित र जन सरोकारका विषयमा पार्टीपंक्तिको व्यापक परिचालन गर्नु, जनशैली र अनुकरणीय व्यवहारका माध्यमबाट जनतासँगको सम्बन्धलाई घनिष्ठ बनाउँदै चुनावका माध्यमबाट तीनै तहका सरकारको नेतृत्व गर्ने ठाउँमा पार्टीलाई पुऱ्याउनु ।

**पाँचौं**– प्रतिपक्षमा रहेको अवस्थामा दवाव र जागरणको भूमिकाका माध्यमबाट र सरकारको नेतृत्वमा रहेको अवस्थामा 'समृद्ध नेपाल, सुखी नेपाली'को संकल्प अनुरुप समाजवादको आधार तयार गर्ने काममा जनप्रतिनिधि र पार्टी नेतृत्वको सरकारलाई मार्गदर्शन गर्नु ।

७. नेपालको कम्युनिष्ट आन्दोलनले विश्व कम्युनिष्ट आन्दोलनको अभिन्न अंग हो । मा र्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपालको कम्युनिष्ट आन्दोलनको मुलप्रवाहका रुपमा यो पार्टी आफ्नो अनुभवमा आधारित मौलिक बाटोबाट अघि बढिरहेको छ । यसर्थ, नेपालको कम्युनिष्ट आन्दोलनमा नेकपा (एमाले) कुनै मुलुक विशेषको आन्दोलनको अनुयायी होइन र हुन सक्तैन । विश्वका सफल भनिएका आन्दोलनको यान्त्रिक अनुशरणबाट यो पार्टी टाढै रहने गरेको

छ। मार्क्सवादलाई नेपाली विशेषताअनुरुप सिर्जनात्मक रुपमा लागू गर्ने क्रममा यस पार्टीले आफ्नो मौलिक बाटो तय गर्दै अघि बढिरहेको छ। नेपाली राजनीतिका सबै ठूला जनआन्दोलन र जनक्रान्तिमा यसले वैचारिक र राजनीतिक नेतृत्व प्रदान गर्न सफल भएको छ। संविधानसभाको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा यस पार्टीको अहम् भूमिका रहेको छ। यतिबेला नेपाली जनक्रान्ति बुर्जुवा जनवादी क्रान्तिभन्दा भिन्न र जनताको बहुदलीय जनवादले आत्मसात गरेको मान्यताको तहमा पुगिनसकेको अवस्था छ। यस्तो अवस्थामा जनताको बहुदलीय जनवादले समाजवादको आधार तयार नहुन्जेलसम्म कार्यक्रमिक रुपमा समेत र समाजवादको चरणमा सैद्धान्तिक रुपमा मार्गदर्शन गर्नेछ। प्रस्तुत संगठनात्मक प्रस्ताव यसै सैद्धान्तिक मान्यताबाट निर्देशित छ।

## (ग) पार्टीको संगठनात्मक सिद्धान्त र जनताको बहुदलीय जनवाद

१. मार्क्स र एंगेल्सले मार्क्सवादको विकासमा आफ्नो समग्र जीवन बिताउनु भयो। उहाँहरूको जीवन कालमा कम्युनिष्ट लिग, अन्तर्राष्ट्रिय श्रमिक संघ (प्रथम अन्तर्राष्ट्रिय) र जर्मन सामाजिक जनवादी पार्टीजस्ता संगठनहरू निर्माण भए पनि ती व्यवस्थित रुपमा अघि बढ्न सकेनन्। लेनिनले ती अनुभवहरूबाट सिक्दै रुसी सामाजिक जनवादी पार्टी निर्माण गर्नुभयो। मेन्सेभिकहरूसँग पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा विचारधारात्मक संघर्ष सञ्चालन गर्नुभयो। त्यसक्रममा विकसित भएका मान्यताहरू नै पार्टी निर्माणको सिद्धान्तका रुपमा स्थापित भए। जनवाद र केन्द्रीयताको अन्तरसम्बन्ध र सन्तुलनमा आधारित

*लेनिनवादी संगठनात्मक सिद्धान्त अन्तर्गत व्यक्ति संगठनको मातहत हुन्छ, अल्पमत बहुमतको मातहतमा हुन्छ, तल्ला कमिटीहरू माथिल्लो कमिटीको मातहत हुन्छन्, केन्द्रीय कमिटी र केन्द्रीय निकायहरू महाधिवेशनको मातहत हुन्छन् र महाधिवेशन पार्टी सदस्यहरूको मातहत रहन्छ ।*

उक्त मान्यताहरू समयक्रममा लेनिनवादी संगठनात्मक सिद्धान्तका रुपमा स्थापित भए। यसलाई जनवादी केन्द्रीयताको सिद्धान्त पनि भन्ने गरिन्छ । मार्क्सवादी विश्व दृष्टिकोण, श्रमजीवी वर्गको पक्षधरता र समाजको आमूल परिवर्तनको मान्यता यस सिद्धान्तको सार हो । तर समयक्रममा विभिन्न मुलुकका आन्दोलनको विशिष्टताअनुरुप त्यसमा समानुकुल परिमार्जन हुदै आएको छ ।

२. लेनिनवादी संगठनात्मक सिद्धान्त अन्तर्गत व्यक्ति संगठनको मातहत हुन्छ, अल्पमत बहुमतको मातहतमा हुन्छ, तल्ला कमिटीहरू माथिल्लो कमिटीको मातहत हुन्छन्, केन्द्रीय कमिटी र केन्द्रीय निकायहरू महाधिवेशनको मातहत हुन्छन् र महाधिवेशन पार्टी सदस्यहरूको मातहत रहन्छ । पार्टी सदस्यहरूले आफुमा रहेको पार्टीको सम्प्रभुताको प्रयोग गरी महाधिवेशनका माध्यमबाट नीति र नेतृत्व निर्माणमा भूमिका खेल्दछन् । अनि अर्को महाधिवेशन नआउँदासम्मको लागि आफूमा रहेको पार्टी सम्प्रभुताको अधिकार आफूले निर्वाचित गरेको केन्द्रीय कमिटीलाई सुम्पन्छन् । महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटी दुई महाधिवेशन बीचको सर्वोच्च नेतृत्वदायी संस्था बन्न पुग्दछ । महाधिवेशनमार्फत पार्टी कार्यकर्ताले प्रत्यायोजन गरेको अधिकारको

प्रयोग गर्दछन् । तर त्यो अधिकारको प्रयोग गर्दा हरेकले महाधिवेशनबाट पारित नीति र विधिको पालना गर्नुपर्ने हुन्छ ।

३. लेनिनवादी संगठनात्मक सिद्धान्त प्रतिपादन भएको एकसय वर्षभन्दा धेरै भएको छ । यतिबेला लेनिनको नेतृत्वमा सम्पन्न अक्टुवर क्रान्तिबाट स्थापित सोभियत संघ विघटन भएको छ र सोभियत मोडेलका समाजवादी राज्यसत्ताको समेत अवसान भएको छ । विश्वयुद्ध र राष्ट्रिय मुक्ति आन्दोलन तथा सशस्त्र आन्दोलनका समयमा स्थापित लेनिनवादी संगठनात्मक सिद्धान्तलाई क्रान्तिपछिको समयमा जस्ताको त्यस्तै रुपमा अघि बढाउन खोज्दा जनवाद कमजोर हुने र केन्द्रीयता अधिनायकवादका रुपमा प्रकट हुने दुःखद अवस्था समेत विश्वका कतिपय मुलुकका कम्युनिष्ट तथा समाजवादी आन्दोलनहरूले व्यहोर्नुपर्‍यो । यतिबेला विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएका नयाँ उपलब्धिहरूसँगै संगठन व्यवस्थापनका क्षेत्रमा नयाँ–नयाँ प्रयोगहरू अभ्यासमा आएका छन् । ती प्रयोगका अनुभवहरू श्रमजीवी वर्गको मुक्ति र हितका लागि उपयोगी पनि हुन सक्छन् भन्ने कुरामा ध्यान दिनुपर्ने भएको छ । यसैगरी, दोस्रो विश्वयुद्धको अन्त र अक्टुवर समाजवादी क्रान्तिको सफलतापछि राज्यसत्ता, वर्ग संघर्ष, पूँजीवादी शोषण र साम्राज्यवादी उत्पीडनको चरित्रमा समेत बदलाव आएको छ । यस परिप्रेक्षमा समेत लेनिनवादी संगठनात्मक सिद्धान्तमा समयानुकूल परिवर्तन र परिमार्जन आवश्यक थियो । तर त्यसलाई समयमै आत्मसात गर्न नसक्दा विश्व कम्युनिष्ट आन्दोलनले क्षति समेत बेहोर्नुपर्‍यो । शीतयुद्धको अन्त्यपछिको विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको समयमा संगठनात्मक जीवनमा र आन्दोलनको रक्षा तथा विकासका प्रश्नमा देखिएका समस्याहरू समाधान गर्ने क्रममा विभिन्न खालका

*नेपालको कम्युनिष्ट आन्दोलनले आत्मसात गरेको जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तले समेत संगठनात्मक पद्धतिको विकासमा महत्वपूर्ण मार्गदर्शन गरेका छन् ।*

प्रयोगमा आए । नेपालमा जनताको बहुदलीय जनवादको सिद्धान्तको आलोकमा पार्टी जीवनको लोकतान्त्रिकरणको व्यवस्थित प्रणाली र अभ्यास सुरु भएको छ । क्रान्ति कालमा सशस्त्र संघर्ष र क्रान्तिपछि कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा सञ्चालित समाजवादी मुलुकको संगठनात्मक अभ्यास र अनुभवहरू हाम्रो जस्तो जनआन्दोलन र जनससंघर्षको बाटो हुँदै बहुदलीय प्रतिस्पर्धाद्वारा सरकारको नेतृत्व गर्ने र सरकारको नेतृत्वमा पुगेर क्रान्तिका कार्यभार अघि बढाउने कार्यदिशा बोकेको पार्टीका लागि पार्टी सञ्चालनको तौरतरिकामा भिन्नता हुनु स्वभाविक नै हो । त्यसमाथि प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गरी राज्यसत्ताको नेतृत्व गर्ने बाटोबाट अघि बढिरहेको कम्युनिष्ट पार्टीका लागि तदनुरुपको विधि र प्रणालीको विकास गर्नुपर्ने हुन्छ । नेपालको कम्युनिष्ट आन्दोलनलाई उग्रवामपन्थ र जडसुत्रवादको जडताबाट मुक्त गरेर शान्तिपूर्ण जनआन्दोलन र जनसंघर्षको दिशामा अघि बढाउँदाको अनुभव र उपलब्धिहरूबाट पनि नेपालको कम्युनिष्ट आन्दोलन समृद्ध छ । नेपालको कम्युनिष्ट आन्दोलनले आत्मसात गरेको जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तले समेत संगठनात्मक पद्दतिको विकासमा महत्वपूर्ण मार्गदर्शन गरेका छन् ।

पार्टीको आठौं महाधिवेशनबाट संस्थागत रुपमा अघि बढाइएको पार्टी जीवनको लोकतान्त्रिकरण सोही विशिष्टतामा अघि बढाइएको मौलिक संगठनात्मक प्रणाली पनि हो ।

४. नेकपा (माले) धारका रुपमा नेपालको कम्युनिष्ट आन्दोलनले जनआन्दोलन र जनसंघर्षको नीति अवलम्वन गरेपछि छोटो समयमा संगठनात्मक र राजनीतिक प्रभाव विस्तार गर्न सफल रह्यो । पार्टी भूमिगत रहँदाको अवस्थामा पनि जनसंगठन र खुल्ला मोर्चाका माध्यमबाट राजनीतिक गतिविधिमा तीव्रता दिने, ‘जनपक्ष’का नाममा पञ्चायती चुनावको उपयोग गर्नेजस्ता नयाँ प्रयोगले संस्थापक नेता पुष्पलालले सुरुदेखि उठाउँदै आउनुभएको तर आफ्नो जीवनकालमा प्रयोगमा ल्याउन नसक्नु भएको संयुक्त जनआन्दोलनको नीतिलाई पार्टीले छयालीस सालको जनआन्दोलनको क्रममा जननेता मदन भण्डारीको अगुवाईमा प्रयोगमा ल्याउन सफल रह्यो । छयालीस सालको ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् पार्टीलाई खुल्ला गर्ने निर्णय, संविधान सुझाव आयोगमार्फत संविधानको निर्माणमा महत्वपूर्ण सहभागिता, अन्तरिम सरकारमा पार्टीको सहभागिता, संविधान माथि ‘२७ बुँदे असहमति’ सहित आलोचनात्मक समर्थनजस्ता कदमले पनि नेपालमा कम्युनिष्ट आन्दोलनको रक्षा र विकासमा महत्वपूर्ण भूमिका खेले । माले–मार्क्सवादी एकता, जनताको बहुदलीय जनवादको कार्यक्रमको विकास र पाँचौ राष्ट्रिय महाधिवेशनका समयमा नीति तथा कार्यक्रम माथिको खुल्ला बहसजस्ता नवीन प्रयोगहरूले लोकतान्त्रिक कम्युनिष्टका रुपमा नेकपा (एमाले)को विकासमा महत्वपूर्ण योगदान पुऱ्याए । नेपाली राजनीतिमा अत्यन्त छोटो समयमा पार्टी महासचिवका रुपमा जननेता मदन भण्डारीको लोकप्रिय व्यक्तित्वको विकास र

*छयालीस सालको ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् पार्टीलाई खुल्ला गर्ने निर्णय, संविधान सुझाव आयोगमार्फत संविधानको निर्माणमा महत्वपूर्ण सहभागिता, अन्तरिम सरकारमा पार्टीको सहभागिता, संविधान माथि '२७ बुँदे असहमति' सहित आलोचनात्मक समर्थनजस्ता कदमले पनि नेपालमा कम्युनिष्ट आन्दोलनको रक्षा र विकासमा महत्वपूर्ण भूमिका खेले ।*

दासढुंगाको रहस्यमय जीप दुर्घटनामा उहाँसंगै जीवराज आश्रितको हत्याजस्ता दु:खद घटनाक्रमले पनि नेपालको कम्युनिष्ट आन्दोलनलाई गम्भीररुपले प्रभावित बनाए । २०५१ सालमा प्रतिनिधिसभाको प्रमुख दलको हैसियतमा गठन भएको मनमोहन अधिकारीको नेतृत्वको सरकारले हासिल गरेको लोकप्रियताले यस पार्टीलाई छोटो समयमा आमजनताको बीचमा पुग्न मद्दत गऱ्यो । यी सबै पृष्ठभूमिले नै नेपालको कम्युनिष्ट आन्दोलनमा पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी नयाँ मान्यताको विकास सम्भव भयो । आज हामी त्यसको समय–सापेक्ष समीक्षा गर्दै त्यसलाई नयाँ उचाईमा अघि बढाउने अवस्थामा आइपुगेका छौं ।

५. नेपालको कम्युनिष्ट आन्दोलन यतिबेला जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गर्दै शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माण गर्ने लक्ष्यका साथ त्यस दिशातर्फ अघि बढिरहेको छ । विगतमा पूँजीवादका विरुद्धमा समाजवादी क्रान्तिको सशस्त्र संघर्षको मान्यता अभ्यासमा आयो । त्यतिबेला पश्चिम युरोप नै समाजवादी आन्दोलनको केन्द्र हुने विश्वास गरिएको थियो । तर पहिलो समाजवादी क्रान्ति उक्त मान्यताभन्दा फरक रुपमा सोभियत संघमा

सम्पन्न भयो । त्यसपछि नै अर्धसामन्ती र अर्धऔपनिवेशिक समाजमा कम्युनिष्ट पार्टीको नेतृत्वमा जनवादी क्रान्तिको बाटो हुँदै समाजवाद निर्माणको नयाँ मान्यता अघि आयो । जनवाद र समाजवाद स्थापनाका लागि कम्तिमा एकपटक सशस्त्र संघर्ष अनिवार्य जस्तै ठानियो । अनि जनवादी क्रान्ति पछिको शासन व्यवस्था कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा संचालित हुने मान्यता स्थापित गरियो । तर नेपालमा न त युरोपको जस्तो पुरानो ढाँचाको पुँजीवादी–जनवादी क्रान्ति भयो न त चीनजस्ता मुलुकमा सम्पन्न भएको जस्तो कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा जनवादी क्रान्ति नै सम्पन्न भएको छ । नेपालमा कम्युनिष्ट क्रान्तिकारी र बुर्जुवा वर्गको संयुक्त नेतृत्वमा राजनीतिक क्रान्ति सम्पन्न भएर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित भएको छ । यो परिवर्तनले मुलुकको राज्यसत्ताको नेतृत्वमा न पूँजीवादी वर्गलाई स्थापित गरेको छ नत श्रमजीवी वर्गलाई नै स्थापित गरेको छ । भविष्यमा राज्यसत्तामा कुन वर्ग वा शक्ति स्थापित हुन्छ भन्ने कुरा चुनावी प्रतिस्पर्धाद्वारा सरकारको नेतृत्व गर्ने ठाउँमा को पुग्छ ? र, त्यसले कस्तो प्रकारको आर्थिक–सामाजिक कार्यक्रम अघि बढाउँछ भन्ने कुरामा निर्भर रहन्छ । संविधानत: नेपालमा समाजवाद स्थापनाका लागि सशस्त्र संघर्षको अपरिहार्यता रहेन । किनकि संविधानले समेत समाजवादको आधार तयार गर्ने कुरालाई प्रस्तावनाको अंगका रुपमा स्वीकार गरिसकेको छ । यस्तो अवस्थामा क्रान्तिका कार्यभार पुरा गर्नका लागि निरन्तर जनताको समर्थन प्राप्त गर्नु कम्युनिष्ट पार्टीका लागि मुख्य दायित्व बन्न पुगेको छ । तसर्थ, हाम्रो जस्तो मुलुकमा कस्तो पार्टी निर्माण गर्ने भन्ने कुरा जनताको बहुदलीय जनवादको मार्गदर्शनमा अघि सारिएको राजनीतिक कार्यदिशा र कार्यभारबाट निर्देशित हुनुपर्दछ ।

*संविधानत: नेपालमा समाजवाद स्थापनाका लागि सशस्त्र संघर्षको अपरिहार्यता रहेन । किनकि संविधानले समेत समाजवादको आधार तयार गर्ने कुरालाई प्रस्तावनाको अंगका रुपमा स्वीकार गरिसकेको छ । यस्तो अवस्थामा क्रान्तिका कार्यभार पुरा गर्नका लागि निरन्तर जनताको समर्थन प्राप्त गर्नु कम्युनिष्ट पार्टीका लागि मुख्य दायित्व बन्न पुगेको छ ।*

## (घ) पार्टी निर्माणमा जबज र पार्टी जीवनको लोकतान्त्रिकरण

१. पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनबाट नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद पारित भएपछि उक्त कार्यक्रम छोटो समयमा नै पार्टी पंक्तिभित्र सर्वस्वीकार्य र लोकप्रिय बन्न पुग्यो । उक्त कार्यक्रमलाई पार्टीको छैटौं महाधिवेशनले नेतृत्वदायी विचारका रुपमा र आठौं महाधिवेशनले मार्गदर्शक सिद्धान्तका रुपमा ग्रहण गऱ्यो । जनताको बहुदलीय जनवादलाई समयानूकल विकसित र परिमार्जित गर्ने क्रममा छैटौं महाधिवेशनले शक्ति संचयको कार्यनीतिलाई र आठौं महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गरे । पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनबाट पारित जबजको मौलिक कार्यक्रमले कम्युनिष्ट पार्टी निर्माणका सन्दर्भमा सुस्पष्ट दिशानिर्देश गरेको छ। जनताको बहुदलीय जनवादको कार्यक्रमले राजनीतिक कार्यदिशा अनुरुपको कम्युनिष्ट पार्टी निर्माणमा जोड दिएको छ । यस अन्तर्गतको कम्युनिष्ट पार्टी सैनिक र राजकीय ढाँचाको हुन नहुने कुरामा जोड दिइएको छ । जनताको बहुदलीय जनवादले शान्तिपूर्ण प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न सक्नेगरी पार्टी निर्माण गर्नुपर्ने कुरा

अघि वढाएको छ । पार्टीका नेता, कार्यकर्ता र कमिटीको ढाँचा समेत सोहीअनुरुप तयार हुनुपर्ने/गर्नुपर्ने कुरामा जोड दिइएको छ । प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने कुरा पार्टी जीवनमा र वर्ग संघर्षको मोर्चा दुबैमा उत्तिकै जरुरी हुन्छ ।

प्रतिस्पर्धा र पहकदमीका सन्दर्भमा जननेता मदन भण्डारीको तल उल्लेखित भनाई विशेष मननयोग्य छ– 'पार्टीका गुण, अवगुणहरू नेता, कार्यकर्ता र सदस्यका गुण अवगुणहरू जनताको मूल्यांकनको विषय बनाइनुपर्छ । रहस्यमय कथाका अलौकिक पात्रजस्तो बनाइनु हुँदैन । पार्टीले माथिबाट नियुक्त गरिदिएको होइन, वर्गसंघर्षमा आफ्नो विश्वासयोग्य अगुवाको रुपमा स्वयम् जनताद्वारा समेत स्वीकार गरिएका नेताहरू भएको पार्टीको रुपमा पार्टीपंक्तिलाई तयार गर्न ध्यान दिनुपर्छ । पार्टीलाई व्यापक जनतामा आधारित बनाउनुपर्छ । कार्यकर्ता पंक्तिभित्र मात्र सीमित बनाइनु हुँदैन ।' यसरी नै 'सिंगो पार्टी निश्चित तहहरूबीच अन्तरसम्बन्ध भएको शृखङ्लाबद्ध कमिटी प्रणालीमा आधारित भएर सञ्चालित हुन्छ । केन्द्र र आम जनताबीच सिधा सम्पर्क भएर पनि त्यसले कमिटी प्रणालीलाई विस्थापन गर्न पाउँदैन । केन्द्र्रीकृत नेतृत्व र निर्देशनको आधारमा अधिकार प्रत्यायोजन भएको विकेन्द्रित जिम्मेवारीको प्रणाली हुन्छ । कुनै पनि बुर्जुवा पार्टीहरूमा भन्दा कम्युनिष्ट पार्टीको भिन्नताका मूल विषयहरू यिनै हुन् । प्रतिस्पर्धाको प्रणाली पार्टीको बाध्यता होइन, रोजाई हो । त्यसकारण पार्टीलाई तोकिएको मापदण्डका आधारमा निश्चित तरिकाबाट व्यापक बनाउनु पर्छ । व्यापक जनतामा आधारित बनाउनु पर्छ ।'

२. पार्टी निर्माणको सन्दर्भमा जबजले स्पष्ट मार्गदर्शन गरेको छ । तर पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनका समयमा कार्यक्रमको प्रश्नमा बहस केन्द्रित

*प्रतिस्पर्धा र पहकदमीका सन्दर्भमा जननेता मदन भण्डारीको तल उल्लेखित भनाई विशेष मननयोग्य छ– 'पार्टीका गुण, अवगुणहरू नेता, कार्यकर्ता र सदस्यका गुण अवगुणहरू जनताको मूल्यांकनको विषय बनाइनुपर्छ । रहस्यमय कथाका अलौकिक पात्रजस्तो बनाइनु हुँदैन ।...*

भएका कारणले पार्टीको संगठनात्मक जीवन त्यस अनुरुप व्यवस्थित हुन पाएन । जननेता मदन भण्डारीको अनुपस्थितिमा लामो समयसम्म यस प्रश्नमा पार्टीको खासै ध्यान पुग्न सकेन । सातौ महाधिवेशनमा आएर मात्र यस विषयमा वर्तमान पार्टी अध्यक्षका तर्फबाट फरक मतका रुपमा प्रस्ताव प्रस्तुत भयो । तर त्यसले उक्त महाधिवेशनबाट पार्टी नीतिका रुपमा मान्यता पाउन सकेन । पार्टीको आठौं महाधिवेशनबाट यो पार्टी जबजको मार्गनिर्देशन अनुरुप पार्टीको लोकतान्त्रिकरणको बाटोमा अघि बढ्न सफल भएको हो । यस नीतिअनुरुप जनआधारित कार्यकर्ता पार्टी निर्माण गर्ने, नेता र कार्यकर्ता जनताबाट अनुमोदन हुने, संस्थागत र सामूहिक निर्णय प्रक्रिया अवलम्बन गर्ने र व्यक्तिगत उत्तरदायित्वको प्रणाली स्थापित गर्ने विषय जबजको पार्टी निर्माणका महत्वपूर्ण विशेषताका हुन् । पार्टीको नीति र नेतृत्व निर्माणमा परोक्ष रुपमा जनभावनाको प्रतिनिधित्व हुने व्यवस्थाको प्रयोग पाँचौ राष्ट्रिय महाधिवेशनका समयदेखि नै सुरु गरिएको थियो । उक्त महाधिवेशनको समयमा पार्टी दस्तावेजमाथि खुला बहस गर्नका लागि पार्टी कमिटीभन्दा बाहिरका बौद्धिक व्यक्तित्वहरूलाई समेत दस्तावेज उपलब्ध गराइएको थियो । त्यतिबेला देखिनै राजकीय ढाँचा र तहसँग पार्टी कामको तादात्म्यता मिलाउने कुरा अघि बढाइएको हो । यतिबेला तीन तहका

सरकारबीच अधिकारको बाँडफाँट गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापित छ । यस अनुरुप अब तीनै तहका सरकारलाई पार्टी नीति र जनअपेक्षाअनुरुप आर्थिक–सामाजिक विकास र रुपान्तरणको काममा परिचालन गर्नु आवश्यक छ ।

विभिन्न समयमा पार्टीको नेतृत्वमा बनेका सरकारले जनमत निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सफल भएका हाम्रा विशिष्ट अनुभवहरू रहेका छन् । नेकपा (एमाले)को नेतृत्वमा गठन भएको पहिलो जननिर्वाचित सरकारले सुरु गरेको सामाजिक सुरक्षा भत्ता र 'आफ्नो गाउँ आफै बनाऔं' कार्यक्रम निकै लोकप्रिय बन्न पुगेको थियो। पछिल्ला दिनहरूमा पार्टी नेतृत्वको सरकारले त्यस्ता कार्यक्रमहरूलाई नयाँ स्वरुपमा विस्तार गर्दै अघि बढिरहको छ। राष्ट्रिय राजनीति र पार्टी जीवनमा समेत प्रतिस्पर्धा र पहलकदमीको प्रणालीलाई अभ्यासमा लगिएको छ। यसले नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुगेको छ। जनसंगठनको परिचालनमा नीतिगत मार्गदर्शन र संगठनात्मक स्वायत्तताको अभ्यास अघि बढाइएको छ। पार्टी संगठन पिरामिड आकारको शृङ्खलाबद्ध कमिटी प्रणालीका रुपमा विकास गर्ने जबजको मान्यतालाई अभ्यासमा लगिएको छ । यस अन्तर्गत नेताले कार्यकर्ताको, माथिल्लो कमिटीले तल्लो कमिटीको मूल्यांकन गर्ने प्रणालीको विकास गर्नुपर्ने हुन्छ। जनसरोकारका विषयमा प्रत्यक्ष पहलकदमी लिनसक्ने पार्टीको निर्माण गर्नु, जनता र नेताको बीचको पुलका रुपमा कार्यकर्ताले भूमिका निर्वाह गर्नु आवश्यक छ । समाजको प्रगतिशील रुपान्तरणका लागि कम्युनिष्ट पार्टी निर्माण एउटा गतिशील प्रक्रिया हो र हुनुपर्दछ । त्यस अन्तर्गत पार्टीमा प्रवेश गर्ने र बिदा हुने सहज प्रणालीको विकास गरिनुपर्दछ । उमेर हद र एउटै पदमा दुई कार्यकालभन्दा बढी नहुने कुरा

*जनताको बहुदलीय जनवादले लोकतान्त्रिकरण र समग्र कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई दिशानिर्देश गरेको छ । पार्टी निर्माणको सन्दर्भमा सोही मान्यतालाई आत्मसात गर्दै पार्टीको आठौं महाधिवेशनबाट पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रिया संस्थागत रुपमा अघि बढाइएको हो ।*

यही परिप्रेक्षमा अभ्यासमा अघि बढाइएको हो । आठौं महाधिवेशनदेखि सुरु भएको पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यासलाई जबजको पार्टी निर्माणको नीतिगत मार्गनिर्देशनमा थप व्यवस्थित गर्नु आवश्यक छ ।

३ जनताको बहुदलीय जनवादले लोकतान्त्रिकरण र समग्र कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई दिशानिर्देश गरेको छ । पार्टी निर्माणको सन्दर्भमा सोही मान्यतालाई आत्मसात गर्दै पार्टीको आठौं महाधिवेशनबाट पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रिया संस्थागत रुपमा अघि बढाइएको हो । पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी पार्टीले आत्मसात गरेका मुलभूत नीति र मान्यताहरू यसप्रकार रहेका छन्:

- पार्टीको समग्र नीति तथा कार्यक्रमहरू लोकतान्त्रिक हुनु र लोकतान्त्रिक विधि र प्रक्रियाबाट उपरोक्त नीति तथा कार्यक्रमहरू तय गरिनु ।
- पार्टी निरन्तर जनताबाट अनुमोदित भइरहनु र जनअनुमोदनको विधिसम्मत प्रणाली स्थापित गरिनु ।

- पार्टीका नेता र कार्यकर्ताको जीवनशैली र आचरण जनपक्षीय हुनु र जनतासँग घनिष्ट सम्बन्ध कायम हुनेगरी कार्यशैलीको प्रयोग गर्नु ।
- पार्टीको सार्वभौमसत्ता पार्टी सदस्यहरूमा निहित रहनु । नीति, विधि र नेतृत्व निर्माणमा उनीहरूको अविच्छिन्न अधिकार स्थापित गरिनु ।
- महाधिवेशनलाई नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने गरी तदनुरुप सबै तहहरूमा नियमित रुपमा महाधिवेशन/ अधिवेशनको आयोजना गरिनु ।
- महाधिवेशन/अधिवेशनका आयोजक लगायत सबै प्रतिनिधि आ–आफ्नो कार्यक्षेत्रबाट निर्वाचित भएर आउने व्यवस्था गरिनु । (पछिल्लो समय महाधिवेशन/अधिवेशनबाट निर्वाचित नेतृत्वलाई अर्को महाधिवेशन/ अधिवेशनमा प्रतिनिधिका रुपमा समेत सहभागी हुने कुरालाई स्थापित गरिएको छ ।)
- पार्टीभित्र सिर्जनात्मक सोंच र पहलकदमीलाई निरन्तर प्रोत्साहन गरिनु । पार्टी संगठन विधिसम्मत ढंगले सञ्चालित हुनु र आन्तरिक रुपमा बहसको जीवन्त प्रणाली कायम गरिनु ।
- पार्टीमा निर्धारित गुण र मापदण्डको ग्यारेन्टी गर्दै पार्टी संरचना समावेशी बनाउनु ।
- पार्टीका सबै तह र अंगहरूमा नियन्त्रण र सन्तुलनको विधिसम्मत प्रणाली कायम गरिनु । यसका लागि सम्बन्धित तहका कमिटीहरूलाई कामहरूको आवधिक समीक्षा गर्न निर्देशित गर्ने प्रतिनिधि परिषदको व्यवस्था गर्नु ।
- पार्टीमा सामुहिक नेतृत्व विकासका लागि बहुपदीय प्रणालीको व्यवस्था गर्नु ।

*नेकपा (एमाले) र नेकपा (माओवादी–केन्द्र)को बीचमा पार्टी एकतापछि यसलाई कार्यान्वयनमा लैजान सकिएन । पार्टी एकतामा संकट उत्पन्न भएपछि २०७७ फागुन २३ को अदालतको फैसलामा टेकेर दुबै पार्टी पुनस्थापित भएका छन् ।*

- पार्टी सामुहिक रुपमा र नेता तथा कार्यकर्ताहरू व्यक्तिगत रुपमा आफ्ना कामहरूप्रति जवाफदेही हुनु ।
- नेतृत्व हस्तान्तरणको सहज प्रणाली स्थापित गर्नु ।
- पार्टीमा अनुगमन र मूल्यांकनको वैज्ञानिक परिपाटी स्थापित गरी उत्तरदायी र गुणस्तरयुक्त नेतृत्व र कायकर्ता पंक्तिको विकास गर्नु ।

उपरोक्त मान्यतामा आधारित पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रिया सुरु भएको एक दशकभन्दा बढी भएको छ । नेकपा (एमाले) र नेकपा (माओवादी–केन्द्र)को बीचमा पार्टी एकतापछि यसलाई कार्यान्वयनमा लैजान सकिएन । पार्टी एकतामा संकट उत्पन्न भएपछि २०७७ फागुन २३ को अदालतको फैसलामा टेकेर दुबै पार्टी पुनस्थापित भएका छन् । तर एकता र एकीकरणको प्रक्रियालाई राजनीतिक रुपमा ग्रहण गर्दै यो पार्टी नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रुपमा अघि बढिरहेको छ । पार्टीले अवलम्वन गरेको उक्त मान्यताप्रति असहमति जनाएका कारणले उत्पन्न भएको समस्यालाई कार्यदल वनाएर समाधान गर्ने प्रयास भयो । तर पनि माधवकुमार नेपालको नेतृत्वमा केही नेता र कार्यकर्ताहरू पार्टी र नेतृत्वलाई कमजोर वनाउने नियोजित उद्देश्यका

साथ पार्टीबाट बाहिरिएको अवस्था छ। यी सबै पृष्ठभूमिमा पार्टी जीवनको लोकतान्त्रिकणको प्रक्रियालाई थप व्यवस्थित गरिनु पर्दछ ।

४. नेपालका राजनीतिक दलहरू मध्ये नेकपा (एमाले) संगठनात्मक रुपमा सबैभन्दा व्यवस्थित पार्टी हो। शृङ्खलाबद्ध कमिटी प्रणाली र लोकतान्त्रिक अभ्यासका दृष्टिकोणबाट यो एशियाकै अग्रणी पार्टी हो। तर नेकपा गठन पछि नेकपा (एमाले)को उन्नत लोकतान्त्रिक संगठन प्रणालीले निरन्तरता पाउन सकेन। संगठनात्मक अराजकता रगुटबन्दीले कमिटी प्रणाली नै अवरुद्ध बन्यो। एकता प्रक्रियाले पूर्णता नपाउदा पार्टीको ठूलो पंक्ति जिम्मेवारीविहीन अवस्थामा बस्नु पऱ्यो। सर्वोच्च अदालतको फैसलापछि नेकपा (एमाले) पुरानै संगठनात्मक लयमा फर्कने अवस्था सिर्जना भयो। तर नेकपा (एमाले) भित्रको आन्तरिक समस्याका कारणले पार्टीको संगठनात्मक काम केही समय पुन: अवरुद्ध बन्ने स्थिति सिर्जना भयो। तर त्यो अवस्थालाई आमरुपमा समाधान गरिएको छ। तर षडयन्त्रपूर्ण ढंगले हाम्रो पार्टी कानुनी रुपमा विभाजन गरिएको छ। तर विभाजनका असरलाई न्यूनिकरण गर्दै अघि बढ्न पार्टी सक्षम छ। विभाजनका नकारात्मक मनोवैज्ञानिक असरहरूलाई सामना गर्दै पार्टी एकता र एकीकरणको भावनाअनुरुप नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रुपमा पार्टीलाई सुदृढ र सबल बनाउनु आवश्यक छ। समाजवादको आधार तयार गर्ने पार्टीको राजनीतिक कार्यदिशा अनुरुप आर्थिक–सामाजिक विकास र रुपान्तरणको कार्ययोजनालाई प्रभावकारी ढंगले लागु गर्न पार्टीको नेतृत्वमा राज्यका तीनै तहमा सरकार गठन गर्नु अपरिहार्य छ। तर जतिबेला पार्टी जनताको बीचमा लोकप्रिय बन्छ, त्यतिबेला पार्टीको संगठनात्मक जीवनमा गम्भीर समस्या सिर्जना हुने र त्यसलाई विभाजनको तहमा पुऱ्याउने काम हुँदै आएको छ। भविष्यमा यस प्रकारको अवस्था आउन नदिनका

*समाजवादको आधार तयार गर्ने पार्टीको राजनीतिक कार्यदिशा अनुरूप आर्थिक–सामाजिक विकास र रूपान्तरणको कार्ययोजनालाई प्रभावकारी ढंगले लागु गर्न पार्टीको नेतृत्वमा राज्यका तीनै तहमा सरकार गठन गर्नु अपरिहार्य छ ।*

लागि पनि संगठनात्मक जीवन र पार्टी कामलाई तदनुरुप व्यवस्थित गर्नुपर्ने हुन्छ ।

५. पार्टीको आठौं राष्ट्रिय महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको नयाँ मान्यतालाई अङ्गीकार गरेपछि आमरुपमा त्यसको सकारात्मक प्रभाव नै रहेको हो । पार्टीभित्र मात्र होइन, पार्टी बाहिर र अन्तर्राष्ट्रिय भाईचारा पार्टी तथा मित्र पार्टीहरूको बीचमा समेत त्यस प्रक्रियाले विशेष चर्चा पायो । हाम्रो पार्टीले पार्टी जीवनको लोकतान्त्रिकरणको प्रक्रिया अघि बढाएपछि सभापतीय ढाँचाको अभ्यासमा रहेको नेपाली कांग्रेस र महासचिवीय प्रणालीमार्फत नेतृत्वको केन्द्रीकरणमा जोड दिइरहेको नेकपा (माओवादी–केन्द्र) समेत बहुपदीय संरचना सहितको सामुहिक नेतृत्व प्रणालीमा आउन बाध्य भएका थिए । यस प्रणालीबाट पार्टीमा नयाँ र क्षमतावान कार्यकर्ताहरू जिम्मेवारीमा आउने अवस्था रह्यो । निर्वाचनमा सफल हुन नसक्नेहरूले पनि परिणामलाई सहज रुपमा स्विकार्ने अवस्था बन्यो । प्रतिस्पर्धाको प्रणालीले नेतृत्वलाई कार्यकर्ता र जनतामा स्थापित हुन सहयोग पुग्यो । यसले नेतृत्व र कार्यकर्ताको बीचमा जीवन्त सम्बन्ध विकास गर्न प्रेरित गऱ्यो । पार्टीको केन्द्रीय नेतृत्वमा हुर्कन सक्ने क्षेत्रीयतावादी चिन्तन कम गर्न पनि सहयोग नै

पुग्यो । पार्टी निर्माणमा कार्यकर्ताले अपनत्वबोध गर्ने अवस्था सिर्जना भयो । पार्टीको विकास र विस्तारमा यसले आमरुपमा सकारात्मक प्रभाव पाऱ्यो । पार्टी सदस्यता नवीकरण र विस्तारमा समेत यसले तीब्रता प्रदान गऱ्यो । नेकपा (एमाले) पहिलो पार्टीका रुपमा नेपाली राजनीतिमा स्थापित हुनुको एउटा महत्वपूर्ण आधार बन्न पुग्यो– पार्टी जीवनको लोकतान्त्रिकरणको विषय ।

६. लोकतान्त्रिकरणको अभ्यासका क्रममा केही नकारात्मक पक्ष पनि देखापर्दै आएका छन् । पार्टी महाधिवेशनमा नीतिको भन्दा नेतृत्वको प्रश्नमा बढी ध्यान केन्द्रित हुने स्थिति बन्यो । राष्ट्रिय महाधिवेशनको निर्वाचन प्रणाली निकै बोझिलो र जटिल बन्न पुग्यो । अधिवेशनका समयको प्रतिस्पर्धा स्थायी गुटबन्दीको रुपमा झाङ्गिने अवस्था पनि सिर्जना भयो । यतिसम्म कि लोकतान्त्रिकरण अन्तर्गतका कतिपय मान्यताहरूको कार्यान्वयनमा नेतृत्व तहमा तत्परता देखिएन । एउटै तहको कार्यकारी पदमा दुई अवधिभन्दा बढी रहन नपाउने मान्यता माधवकुमार नेपालको असहमतिका कारणले सही रुपमा कार्यान्वयनमा जान सकेन । सत्तरी वर्षको उमेर हदको विषय नेकपा गठनको समयमा हटाइयो । वहुपद सामुहिक नेतृत्व प्रणालीको अंगका रुपमा स्थापित हुन सकेन । त्यसले कतिपय अवस्थामा बहुकेन्द्रका रुपमा आकार लिने अवस्था देखियो । नीति र नेतृत्वका बीचको अन्तरसम्बन्धलाई पनि प्रतिस्पर्धाको नाममा कमजोर बनाउने कोशिस भयो । स्थानीय तहमा मुख्य नेतृत्व कार्यकारी भूमिका सहितको राजकीय जिम्मेवारीमा जाँदा वैकल्पिक नेतृत्वलाई जिम्मा दिने सहज परम्परा समेत खल्बलिन पुग्यो । नियन्त्रण र सन्तुलनको विधि अन्तर्गत स्थापित गरिएका अंगहरू आफ्नो कार्य जिम्मेवारीप्रति केन्द्रि्रत हुन सकेनन् । सबैले कुनै न कुनै रुपमा कार्यकारी कमिटीको भूमिकामा रुची राख्ने र हस्तक्षेप गर्ने अवस्था

*गुटबन्दीकै कारण नेकपाका संस्थापक महासचिवलाई महाधिवेशनको आयोजना समेत गर्न नदिई हटाइएको थियो । तत्कालिन माले धारको पुनर्गठनको नेतृत्व गर्ने सिपी मैनालीलाई पनि महाधिवेशन आयोजनाको अवसर प्राप्त भएन । छैटौं महाधिवेशनको समयमा पार्टी महासचिवीय प्रणालीमा नै थियो । तर पनि महाधिवेशनको लगत्तै पार्टी विभाजनमा गयो ।*

देखियो । पार्टी जीवन लोकतान्त्रिरणको मूल मर्ममा असर नपुग्नेगरी यस प्रकारका कमी र कमजोरीहरूमा सुधार गरिनु आवश्यक छ ।

७. यद्यपि आज पार्टीको आन्तरिक जीवनमा जे समस्याहरू देखिएका छन्, तिनको कारण पार्टी जीवनको लोकतान्त्रिकरणका लागि गरिएका अभ्यासहरू नै हुन् भनेर निष्कर्ष निकाल्नु गलत हुन्छ । किनकि पार्टीले यी नीतिहरूलाई अवलम्बन गर्नुपूर्व जनसंगठनहरूमा बहुपद र प्रतिस्पर्धाको प्रणाली अभ्यासमा आइसकेको थियो । त्यस अभ्यासले ती संगठनको जीवनमा खासै नकारात्मक असर पारेको थिएन । गुटबन्दीको समस्या बहुपदीय ढाँचामा नजाँदाको समयमा पनि पार्टीमा विद्यमान थियो । गुटबन्दीकै कारण नेकपाका संस्थापक महासचिवलाई महाधिवेशनको आयोजना समेत गर्न नदिई हटाइएको थियो । तत्कालिन माले धारको पुनर्गठनको नेतृत्व गर्ने सिपी मैनालीलाई पनि महाधिवेशन आयोजनाको अवसर प्राप्त भएन । छैटौं महाधिवेशनको समयमा पार्टी महासचिवीय प्रणालीमा नै थियो । तर पनि महाधिवेशनको लगत्तै पार्टी विभाजनमा गयो । तसर्थ अहिले उत्पन्न भएका समस्यालाई निरपेक्ष रुपमा अहिलेका नीति र संगठनात्मक प्रणालीसंग जोडेर हेर्नुहुँदैन । राष्ट्रिय राजनीतिमा कम्युनिष्ट पार्टीको बढ्दो भूमिका र प्रभावको परिप्रेक्ष्यमा देशभित्र

र बाहिरका कम्युनिष्ट विरोधी प्रतिक्रियावादीहरूको षडयन्त्रकारी भूमिकालाई समेत जोडेर हेर्नुपर्ने हुन्छ । नेकपाको गठनले उत्पन्न गरेको अवसर र चुनौतीको द्वन्द्वको परिप्रेक्ष्यमा पनि आजको समस्यालाई जोडेर हेर्न सक्नुपर्छ । साथै, लोकतान्त्रिकरणको अभ्यासलाई स्वस्थ्य र मर्यादित बनाउने तथा नेतृत्व चयनका समयको प्रतिस्पर्धालाई एकतामा बदल्ने उपाय एवम् क्षमताको विकासमा ध्यान दिनुपर्ने हुन्छ । बहुपदीय संरचनालाई बहुकेन्द्र्रको रुपमा विकास हुन नदिन परिभाषित कामको जिम्मेवारी प्रदान गर्ने र प्रमुख नेतृत्वको वरिपरी उनीहरूलाई वैचारिक र राजनीतिक रुपले केन्द्रित गर्ने पद्दतिको विकास गर्नुपर्छ । पार्टी जीवनको लोकतान्त्रिकरणका मूल पक्षमा असर नपर्ने गरी त्यसमा समयानुकूल सुधार गरी अघि बढ्नुपर्छ । त्यसो गरिरहँदा हामीले अबलम्वन गर्दै आएको संगठनात्मक प्रणालीका अन्तरवस्तु, जनतासँगको घनिष्ट सम्बन्ध, नीति र नेतृत्व निर्माणमा कार्यकर्ताको सक्रिय भूमिका, नियन्त्रण र सन्तुलनको सिद्धान्तको परिपालना, सामूहिक निर्णय र व्यक्तिगत उत्तरदायित्वको कार्यप्रणालीको प्रयोग तथा पार्टी निर्माणमा पार्टी कार्यकर्ताको सम्प्रभुता जस्ता विषय कमजोर नहोउन् भन्ने कुरामा भने विशेष ध्यान दिनुपर्दछ ।

## (ङ) पार्टी संगठनको वर्तमान अवस्था

नवौं राष्ट्रिय महाधिवेशनपछि मुलुकको राजनीतिक परिस्थिति र पार्टीको संगठनात्मक अवस्था अनेकन उतारचढावबाट गुज्रिएको छ । महाधिवेशन र त्यसपछिको केही समय महाधिवेशनले तय गरेको पार्टीको वैधानिक व्यवस्था अन्तर्गत पार्टीको संगठनात्मक काम अगाडि बढाइयो । तर त्यस समयमा पनि महाधिवेशनका समयको समुहगत अवस्थालाई

*२०७७ फागुन २३ को सर्वोच्च अदालतको फैसलापछि नेकपा (एमाले) वैधानिक रुपमा पुनर्स्थापित भएपछि पार्टीको राजनीतिक–सांगठानिक अवस्था एउटा पृथक स्थितिमा आइपुगेको छ । पार्टी एकताको भावनालाई आत्मसात गर्दै राजनीतिक रुपमा नेकपा(एमाले)लाई नेकपाको निरन्तरताको रुपमा अघि वढाइएको छ ।*

गुटबन्दीका रुपमा निरन्तरता दिने कोशिस एक पक्षबाट भइनै रह्यो । २०७५ जेठ ३ मा सम्पन्न नेकपा(एमाले) र नेकपा(माओवादी–केन्द्र) बीचको एकीकरणपछि संगठनात्मक कामलाई पृथक ढंगले अगाडि बढाउनुपर्ने स्थिति उत्पन्न भयो । उक्त समयमा, पार्टीले अत्यन्त मिहेनतपूर्वक विकसित र स्थापित गरेको संगठनात्मक पद्धति खल्वलिन पुग्यो । २०७७ फागुन २३ को सर्वोच्च अदालतको फैसलापछि नेकपा (एमाले) वैधानिक रुपमा पुनर्स्थापित भएपछि पार्टीको राजनीतिक–सांगठानिक अवस्था एउटा पृथक स्थितिमा आइपुगेको छ। पार्टी एकताको भावनालाई आत्मसात गर्दै राजनीतिक रुपमा नेकपा(एमाले)लाई नेकपाको निरन्तरताको रुपमा अघि वढाइएको छ । नेकपाको समयदेखिनै नियोजित रुपमा विग्रह सिर्जना गर्ने–विभाजन गर्ने काम पार्टीभित्रै रहेका केही व्यक्तिहरूबाट भए पनि पार्टीको आधारभूत संगठन संरचना र सिंगो पार्टी पंक्ति त्यसलाई सामना गर्न सक्षम छ। पार्टीको नवौं राष्ट्रिय महाधिवेशन यताको पार्टीको संगठनात्मक अवस्था यस प्रकार छ :

**१. केन्द्रीय कमिटी :**

२०७१ असार १९–साउन १ मा सम्पन्न नवौं राष्ट्रिय महाधिवेशबाट अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव २ र सचिव ५ गरी १४ जना पदाधिकारीहरूलाई महाधिवेशनका प्रतिनिधिहरूले

प्रत्यक्ष निर्वाचित गरेका थिए। निवर्तमान अध्यक्ष वरिष्ठ नेता रहने वैधानिक व्यवस्था गरिएको थियो । महाधिवेशनबाट पदाधिकारी सहित ११७ पूर्ण र ४४ जना वैकल्पिक सदस्य गरी १६१ जना केन्द्रीय सदस्य निर्वाचित भएका थिए । केन्द्रीय कमिटीले वैधाानिक व्यवस्था अनुरुप पूर्ण १२ र वैकल्पिक ५ गरी १७ जना सदस्यहरू मनोनयन गरेको थियो । विभिन्न समुहबाट पार्टी प्रवेश गरेकाहरू मध्ये केहीलाई केन्द्रीय सदस्य र केहीलाई केन्द्रीय सल्लाहकारमा मनोनयन गरिएको थियो। २०७३ साल फागुन २१ गते पार्टी केन्द्रीय कमिटीको निर्णय अनुसार आयोजना गरिएको ‘मेची महाकाली राष्ट्रिय अभियान’ सञ्चालनको पूर्वसन्ध्यामा विशेष निर्णयका रुपमा तराई मधेस क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी पूर्ण १२ र वैकल्पिक ९ गरी २१ जना केन्द्रीय सदस्य थप मनोनयन गरिएको थियो। पार्टी एकताको समयमा नेकपा (एमाले)का तर्फबाट थप ४४ जना सदस्य केन्द्रीय कमिटीले मनोनयन गरी नेकपाको केन्द्रीय कमिटीमा समावेश गरिऐको थियो। २०७७ फागुन २३ को सर्वोच्च अदालतको फैसलाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का घटकहरूलाई पूर्व अवस्थामा पुऱ्याएपछि पार्टी एकीकरणको प्रक्रिया अन्तर्गत पूर्व माओवादी केन्द्र सम्बद्ध २३ जना कमरेडहरू केन्द्रीय कमिटीमा आबद्ध हुनुभएको छ । उल्लिखित मध्ये उपाध्यक्ष विद्यादेवी भण्डारी सम्माननीय राष्ट्रपतिको जिम्मेवारी रहनु भएका कारण उक्त जिम्मेवारीमा हुनुहुन्न । यसरी नै १ जना राष्ट्रिय सभाको अध्यक्ष र १ जना प्रदेशसभाको सभामुखको भूमिकामा रहेका कारण पार्टी जिम्मेवारीबाट अलग हुनुहुन्छ। २ जना कमरेडहरू राजदूतको जिम्मेवारीमा रहेका कारणले पार्टीको जिम्मेवारीबाट अलग हुनुभएको छ । केन्द्रीय कमिटीका ६ जना सदस्यहरू कमरेड रामनाथ ढकाल, कमरेड रविन्द्र अधिकारी, कमरेड महिन लिम्बु, कमरेड दिनेशचन्द्र यादव, कमरेड पशुपति चौलागाईं र

*२०७३ साल फागुन २१ गते पार्टी केन्द्रीय कमिटीको निर्णय अनुसार आयोजना गरिएको 'मेची महाकाली राष्ट्रिय अभियान' सञ्चालनको पूर्वसन्ध्यामा विशेष निर्णयका रूपमा तराई मधेस क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी पूर्ण १२ र वैकल्पिक ९ गरी २१ जना केन्द्रीय सदस्य थप मनोनयन गरिएको थियो ।*

कमरेड योगनारायण यादवको असामयिक निधन भएको छ । राधाकृष्ण मैनाली र प्रह्लाद गिरीले पहिले नै पार्टी परित्याग गरेको अवस्था छ । षडयन्त्रपूर्ण अध्यादेशको माध्यमबाट पार्टीमा विग्रह पैदा गर्ने उद्देश्यका साथ पार्टी परित्याग गरेका केन्द्रीय सदस्यहरूको संख्या ५५ जना रहेको छ । यसरी दसौं राष्ट्रिय महाधिवेशनको पूर्व सन्ध्यामा आयोजना गरिएको विधान महाधिवेशनको समयमा पार्टी केन्द्रीय कमिटीका सदस्यहरूको संख्या १९६ रहन पुगेको छ । षडयन्त्रपूर्ण तरिकाले नेकपा (एमाले)लाई कानुनी रुपमा विभाजन गर्दाको समयमा पार्टी केन्द्रीय कमिटीको सदस्य संख्यालाई आधार मान्ने हो भने पार्टीबाट अलग हुनेहरूको संख्या करिब २० प्रतिशत पुग्छ । तर पार्टी केन्द्रीय कमिटीले १४ जना प्रतिनिधिसभाका सदस्य (जो अधिकांश केन्द्रीय सदस्य छन्) लाई गरेको कारबाहीलाई आधार मान्ने हो भने २० प्रतिशतका आधारमा निर्वाचन आयोगबाट गरिएको विभाजन अवैधानिक देखिन्छ । यद्यपि उक्त षडयन्त्रपूर्ण विभाजनको असर भने स्थानीय जनप्रतिनिधिको तहमा १० प्रतिशत भन्दा कम रहेको छ । पार्टी सदस्य र समर्थकहरूका बीचमा यसको असर नगन्य नै देखिन्छ । जसलाई हाम्रो पार्टीले एकता र एकीकरणको प्रक्रियाबाट सहजै पूर्ति गर्न सफल भएको छ । विगतदेखि पार्टीमा रहदै आएको वैकल्पिक केन्द्रीय सदस्यको व्यवस्था खासै

सान्दर्भिक नदेखिएकाले पछिल्लो समयमा त्यसलाई हटाइएको छ। आगामी दिनका लागि कमिटीहरूमा वैकल्पिक सदस्यको व्यवस्था हटाउनु उपयुक्त देखिन्छ।

**२. केन्द्रीय निकायहरू :**

पार्टीको आफ्नै संगठनात्मक कामको अनुभवका आधारमा नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुरुप पार्टीलाई लोकतान्त्रिक ढंगले व्यवस्थित गर्ने नीति अनुरुप पार्टीले केन्द्रीय आयोगहरू गठन र संचालन गर्दै आएको छ। केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखापरीक्षण आयोगको गठन महाधिवेशनका प्रतिनिधिहरूको बीचबाट निर्वाचनको प्रक्रियाबाट गरिएको थियो। केन्द्रीय निर्वाचन आयोगको गठन भने प्रतिनिधि परिषदको वैठकबाट हुने व्यवस्था गरिएको छ। यतिबेला केन्द्रीय आयोगका केही सदस्यहरू पार्टीबाट बाहिरिएको अवस्था छ। केही निस्क्रिय अवस्थामा रहेका छन्। केन्द्रीय निकायका रुपमा रहेका केन्द्रीय सल्लाहकार परिषद र जेष्ट कम्युनिष्ट मंचको गठन भने केन्द्रीय कमिटीको निर्णयका आधारमा हुने व्यवस्था छ। नवौं अधिवेशनपछि सल्लाहकार परिषदका रुपमा पूर्व केन्द्रीय सदस्यलाई समावेश गरी गठन गरिएको थियो। अहिले आठौ केन्द्रीय कमिटीबाट गठन गरिएका सल्लाहकारहरूलाई समावेश गरी सल्लाकार परिषदलाई पूर्णता दिइएको छ। जेष्ठ कम्युनिष्ट मञ्चको हकमा सम्बन्धित तहको कार्यकारी भूमिकाबाट विदा हुनुभएका कमरेडहरूलाई समावेश गर्ने नीति अवलम्बन गर्नु उपयुक्त हुन्छ। केन्द्रीय निकायका प्रमुख, पदाधिकारी र सदस्यहरूको मर्यादाका सन्दर्भमा विभिन्न समयमा उत्पन्न हुने अन्योललाई समाधान गर्नुपर्दछ। केन्दीय निकायको आकारलाई कामको प्रकृतिका आधारमा छरितो बनाउनु उपयुक्त हुन्छ।

*यतिबेला जेठ २ पूर्वको अवस्था, नेकपाको समयको अवस्था र फागुन २३ को सर्वोच्चको फैसला पछिको संगठनात्मक अवस्था समेतका आधारमा प्रदेश कमिटी पुनर्व्यवस्थित गरिएका छन् । विधान अधिवेशनको माध्यमबाट प्रदेश कमिटीलाई कार्यकारी भूमिकासहित अधिवेशनबाट निर्वाचित हुने कमिटीका रुपमा व्यवस्थित गरिनु उपयुक्त हुन्छ ।*

**३. प्रदेश कमिटी र त्यसको अवस्था :**

नवौं राष्ट्रिय महाधिवेशनको समयमा नयाँ संविधान जारी भइनसकेका कारणले अञ्चल समन्वय कमिटीको वैधानिक व्यवस्था कायम राखिएको थियो। संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा आधारित नयाँ संविधान जारी भएपछि पार्टीले 'बाधा अडकाउ फुकाउ'का माध्यमबाट प्रदेश समन्वय कमिटीको ढाँचाको प्रबन्ध गरेको थियो। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का बीचमा पार्टी एकता भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएपछि प्रदेश कमिटीको संगठनात्मक अभ्यास अघि बढाइयो। फाल्गुन २३ को सर्वोच्च अदालतको फैसला र पार्टीभित्र उत्पन्न समस्याको समाधानको प्रयास अनुरुप प्रदेश कमिटीलाई नयाँ ढंगले व्यवस्थित गर्ने काम भएको छ। यतिबेला जेठ २ पूर्वको अवस्था, नेकपाको समयको अवस्था र फागुन २३ को सर्वोच्चको फैसला पछिको संगठनात्मक अवस्था समेतका आधारमा प्रदेश कमिटी पुनर्व्यवस्थित गरिएका छन्। विधान अधिवेशनको माध्यमबाट प्रदेश कमिटीलाई कार्यकारी भूमिकासहित अधिवेशनबाट निर्वाचित हुने कमिटीका रुपमा व्यवस्थित गरिनु उपयुक्त हुन्छ। प्रदेश कमिटीको अधिवेशन

नहुँदासम्मका लागि विधान महाधिवेशनबाट जारी भएको विधानको व्यवस्थाअनुरुप अघि बढाइनु उपयुक्त हुन्छ ।

**४. पार्टीको केन्द्रीय विभागहरू :**

पार्टीले आफ्नो कामलाई व्यवस्थित ढंगले अघि बढाउने सन्दर्भमा आवश्यकताअनुसार विभागहरू गठन र संचालन गर्दै आएको छ। पार्टीको नवौं महाधिवेशनपछि ३१ वटा विभाग गठन गरी संचालन हुंदै आएका थिए। विभागहरूलाई पार्टी सम्वद्ध विभाग र राज्यका निकायसँग सम्वद्ध गरी दुई भागमा विभक्त गरिएको थियो। पार्टी केन्द्रको कामको आवश्यकताका आधारमा केन्द्रीय विभागहरूलाई सम्बन्धित क्षेत्रको नीति र कार्ययोजना तयार गर्ने काममा परिचालित गर्ने गरिएको छ। साथै, सम्बन्धित क्षेत्रको कामको संयोजन गर्ने कुराको हकमा भने काममा दोहोरोपनको समस्या नआउने गरी अघि बढाउने गरिएको छ। विभागहरूको सन्दर्भमा नवौं राष्ट्रिय महाधिवेशनयता तीन प्रकारको संरचनागत अभ्यास अघि बढाइयो। यतिबेला तीनवटै कालखण्डका सदस्यहरूलाई उनीहरूको कामको रुचि समेतका आधारमा पुनर्व्यवस्थित गर्ने काम सुरु भएको छ। नवौ महाधिवेशनपछि पार्टीमा अर्थ तथा योजना विभाग, आर्थिक विभाग, उद्योग तथा वाणिज्य विभाग, उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग, कृषि तथा भूमिसुधार विभाग, जलस्रोत तथा ऊर्जा विभाग, न्याय तथा कानुन विभाग, निर्वाचन विभाग, पर्यटन प्रवद्र्धन विभाग, प्रचार तथा प्रकाशन विभाग, पार्टी स्कूल विभाग, पुस्तकालय तथा अभिलेख विभाग, भौतिक पूर्वाधार तथा यातायात विभाग, युवा तथा खेलकूद विभाग, राजकीय मामिला विभाग, राजकीय सुरक्षा विभाग, वन तथा वातावरण विभाग, विज्ञान तथा प्रविधि विभाग, वैदेशिक मामिला

*कामको विशेष क्षेत्रमा समेत जिल्लास्तरका कमिटीहरू रहेका छन् । ती जिल्ला कमिटीहरूको मातहतमा इलाका, पालिका, वडा र शाखा स्तरका कमिटीहरू क्रियाशील छन् । प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन क्षेत्रमा भिन्नभिन्नै प्रकारका संगठनात्मक अभ्यास प्रचलनमा रहेका छन् ।*

विभाग, शहरी विकास विभाग, शिक्षा तथा मानवस्रोत विभाग, श्रम तथा रोजगार विभाग, सहकारी तथा गरिबी निवारण विभाग, संगठन विभाग, संघीय मामिला विभाग, संसदीय विभाग, संस्कृति विभाग, सामाजिक सेवा विभाग, सामान्य प्रशासन विभाग, स्थानीय विकास विभाग र स्वास्थ्य तथा जनसंख्या विभाग क्रियाशिल छन् । यी विभागहरूभन्दा बाहेक 'समाज विज्ञानका विभिन्न विधाहरूको अध्ययन अनुसन्धानका लागि एक नीति अनुसन्धान प्रतिष्ठान गठन गर्ने' निर्णय गरिएको भए पनि त्यसलाई पूर्णता दिन नसकिएको अवस्था छ । आगामी दिनमा यी विभागहरूको कामलाई नयाँ सन्दर्भमा पुनर्व्यवस्थित गरिनु पर्छ ।

## ५. स्थानीय कमिटीहरू :

यतिबेला ७७ जिल्लामा भौगोलिक जिल्ला कमिटीहरू क्रियाशील रहेका छन् । कामको विशेष क्षेत्रमा समेत जिल्लास्तरका कमिटीहरू रहेका छन् । ती जिल्ला कमिटीहरूको मातहतमा इलाका, पालिका, वडा र शाखा स्तरका कमिटीहरू क्रियाशील छन् । प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन क्षेत्रमा भिन्नभिन्नै प्रकारका संगठनात्मक अभ्यास प्रचलनमा रहेका छन् । नवौं राष्ट्रिय महाधिवेशनको समयमा ७५ वटा भौगोलिक जिल्ला कमिटी रहेकोमा नयाँ संविधान जारी भएपछि त्यो

संख्या बढेर ७७ पुगेको छ । गैरभौगोलिक क्षेत्रको हकमा पार्टी कामलाई व्यवस्थित गर्ने सन्दर्भमा हाम्रो अभ्यास र अनुभव परिमार्जित हुदै गएका छन् । केन्द्रीय सम्पर्क समन्वय कमिटी अन्तर्गत ७ वटा प्रदेश सम्पर्क कमिटीहरू क्रियाशिल छन् । उपत्यका विशेष अन्तर्गत ४ वटा विशेष जिल्ला कमिटी क्रियाशिल छन् । समग्र प्रवास क्षेत्रको कामलाई नयाँ ढंगले व्यवस्थापन गर्न सुरु गरिएको छ । स्थानीय तहका कमिटीहरूमा पार्टीको संगठित सदस्यको ठूलो संख्या आबद्ध छ । स्थानीय कमिटीको कामलाई जति व्यवस्थित गर्न सकिन्छ, पार्टीको काम त्यत्तिनै सबल र सदृढ हुदै जानेछ । पार्टीमा संकट उत्पन्न भएको समयमा पार्टीका स्थानीय कमिटीहरूले नै पार्टीको रक्षाका सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका छन् । विधान अधिवेशनबाट नयाँ विधान जारी भएपछि राष्ट्रिय महाधिवेशन पूर्व नै आधारभूत तहको पार्टीको संगठनात्मक कामलाई व्यवस्थित गर्नुपर्दछ । पार्टी केन्द्रीय कमिटीले स्थानिय कमिटीको महत्वलाई आत्मसात गर्दै विधान अधिवेशन लगत्तै कात्तिक महिनामा एकैसाथ कार्यतालिका वनाएर देशभरी वडा र पालिकास्तरको अधिवेशन आयोजना गर्ने निर्णय गरेको छ । त्यसलाई व्यवस्थित योजनाका साथ कार्यान्वयनमा लैजानु आवश्यक छ ।

## ६. पार्टी सदस्यता :

पार्टी भूमिगत रहेको अवस्थामा पार्टीको सदस्य संख्या निकै सीमित थियो । पार्टी खुला भएसँगै पार्टी सदस्य संख्यामा उल्लेख्य विस्तार भयो । पछिल्लो समयमा पार्टी मुलुकको प्रमुख शक्तिका रुपमा केन्द्रीय सरकार लगायत राज्यका विभिन्न निकायको नेतृत्व गर्ने ठाउँमा पुगेपछि जनतासँगको सम्बन्ध विस्तार भएको छ र सोहीअनुरुप पार्टी सदस्यताको संख्यामा पनि उल्लेख्य बृद्धि हुदै गएको छ । पार्टीको नवौं

*पार्टी केन्द्रीय कमिटीले स्थानिय कमिटीको महत्वलाई आत्मसात गर्दै विधान अधिवेशन लगत्तै कात्तिक महिनामा एकैसाथ कार्यतालिका वनाएर देशभरी वडा र पालिकास्तरको अधिवेशन आयोजना गर्ने निर्णय गरेको छ । त्यसलाई व्यवस्थित योजनाका साथ कार्यान्वयनमा लैजानु आवश्यक छ ।*

राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा पार्टी सदस्यता संख्या २ लाख ५६ हजार ७७२ थियो। नवौ राष्ट्रिय महाधिवेशनपछि त्यो संख्या ७ लाखको हाराहारीमा पुगेको छ। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचमा एकता भई नेकपा गठन भएपश्चात् पार्टी सदस्य संख्यामा उल्लेख्य विस्तार भएको छ। तर त्यसको व्यवस्थित अभिलेख अझै तयार हुन सकेको छैन। २०७७ पुस ५ पछिको अवस्थामा पार्टीमा युवाहरूको आकर्षण बढेको छ। उनीहरूलाई व्यवस्थित कार्ययोजना सहित पार्टीको काममा जोड्नु आवश्यक छ। यसबीचका अनेक किसिमका राजनीतिक र संगठनात्मक उतारचढाव र प्रतिकूलताको बीचमा नयाँ सदस्यता प्रदान गर्ने रसदस्यता नवीकरण गर्ने काम अघि बढाइएको छ। सदस्यता नवीकरण गर्ने, नयाँ सदस्यता प्रदान गर्ने, अन्य समूहबाट आएकाहरूको नवीकरण वा नयाँ सदस्यता प्रदान गर्नेजस्ता कुरामा रहन गएको लामो समयको अलमलले सदस्यताको अभिलेख पूर्णरुपमा व्यवस्थित गर्न सकिएको छैन। असोज मसान्तसम्म नवीकरणको काम सम्पन्न गर्नेगरी पार्टी केन्द्रको योजनाअनुरुप अहिले नवीकरणको काम तीव्र गतिमा अघि बढिरहेको छ। तोकिएको समयमा आधारभूत तहका कमिटीको अधिवेशन र मंसीरमा पार्टीको राष्ट्रिय महाधिवेशनको आयोजनाका लागि सदस्यता नवीकरणको काम समयमै

सम्पन्न गर्नुपर्ने हुन्छ । सदस्यता नवीकरण गर्दा अभिलेखलाई सम्बन्धित सबै तहका कमिटीहरूमा राख्ने हिसाबले व्यवस्थित गर्नु पर्दछ ।

**७. पार्टी सम्बद्ध जनसंगठनहरू :**

पार्टी सम्बद्ध जनसंगठनहरूमा पार्टी सदस्य र समर्थकहरूको ठूलो पंक्ति आबद्ध रहदै आएको छ । अखिल नेपाल महिला संघ, अखिल नेपाल किसान महासंघ, नेपाल ट्रेड युनियन महासंघ, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, राष्ट्रिय युवा संघ नेपाल, नेपाल उत्पीडित जातिय मुक्ति समाज, नेपाल मुस्लिम इत्तेहाद संगठन, राष्ट्रिय जनसाँस्कृतिक महासंघ नेपाल, पेशागत महासंघ नेपाल, भूमिहीन सुकुम्वासी संगठन, नेपाल बुद्धिजीवी परिषद्, प्रेस चौतारी नेपाल, नेपाल खेलकुद महासंघ लगायतका २२ वटा महासंघ र संघ/संगठहरू पार्टीमा आबद्ध रहेका छन् । यी संगठनहरूमध्ये कतिपय अत्यन्त क्रियाशील र प्रभावकारी छन् । उनीहरू आफ्नो कामको क्षेत्रमा मुख्य शक्तिका रुपमा समेत स्थापित छन् । तर कतिपय संगठनहरू भने खासै प्रभावकारी बन्न सकेका छैनन् । नेकपाको समयमा पार्टी सम्वद्ध संगठनका रुपमा मान्यता प्रदान गरिएको इञ्जिनियरिङ क्षेत्रको कामलाई पार्टी सम्वद्ध जनसंगठनका रुपमा अघि बढाउनु उपयुक्त हुन्छ । 'समृद्ध नेपाल: सुखी नेपाली' निर्माणको अभियानमा यस क्षेत्रको प्रभावकारी परिचालन अपरिहार्य छ । आगामी दिनमा पार्टी सम्वद्ध जनसंगठनहरूको कामको प्रकृति र कामको क्षेत्र समेतका आधारमा वर्गीकरण गर्नु आवश्यक देखिन्छ । संविधानत: समानुपातिक समावेशीताको सिद्धान्तलाई राजनीतिक दलहरूले अवलम्बन गर्नुपर्ने भएको हुँदा राजनीतिक रुपले पछि परेको क्षेत्रमा राजनीतिक कामलाई माथि उठाउने सन्दर्भमा समेत जनसंगठनहरूको भूमिका महत्वपूर्ण हुन पुगेको छ । पार्टीको

*नेपाली समाजमा आ–आफ्नो सामाजिक–साँस्कृतिक सरोकारका विषयहरूमा आबद्ध हुन चाहने जनताको मनोविज्ञानलाई ख्याल गर्दै यस क्षेत्रको कामलाई रचनात्मक ढंगले अघि बढाउनु आवश्यक छ । यतिबेला सामाजिक क्षेत्रका साथै विभिन्न उत्पादनशील क्षेत्रहरूमा समेत पार्टी कामलाई विस्तार गर्नुपर्ने भएको छ ।*

राजनीतिको प्रभावमा कुल जनसंख्याको वहुमत हिस्सालाई जोडने गरी यी संगठनहरूलाई व्यवस्थित कार्ययोजनाका साथ अघि वढाइनु पर्दछ ।

**८. सामुदायिक, पेसागत तथा सामाजिक संगठनहरू :**

पार्टी कामको विस्तारसँगै कार्यकर्तालाई योजनावद्ध रुपमा परिचालित गर्न कामका नयाँनयाँ क्षेत्रको खोजी गर्नुपर्ने, तिनलाई संगठित गर्नुपर्ने हुन्छ । नेपाली समाजमा आ–आफ्नो सामाजिक–साँस्कृतिक सरोकारका विषयहरूमा आबद्ध हुन चाहने जनताको मनोविज्ञानलाई ख्याल गर्दै यस क्षेत्रको कामलाई रचनात्मक ढंगले अघि बढाउनु आवश्यक छ । यतिबेला सामाजिक क्षेत्रका साथै विभिन्न उत्पादनशील क्षेत्रहरूमा समेत पार्टी कामलाई विस्तार गर्नुपर्ने भएको छ । पेशागत, प्राविधिक, श्रम, खेलकूद, सुरक्षा, कला, उद्योग–व्यवसाय, साहित्य–संस्कृतिको क्षेत्रमा समेत यस किसिमका संगठनात्मक गतिविधिहरूलाई अघि बढाउने प्रयास सुरु भएको छ । सामुदायिक, पेशागत र सामाजिक क्षेत्रमा कामको प्रकृतिका आधारमा संगठनहरू निर्माण गर्ने र ती ठाउँमा पार्टी नेतृत्वलाई स्थापित गर्ने कुरामा ध्यान दिनु आवश्यक छ । यसका साथै संचालक समिति, उपभोक्ता समिति, व्यवस्थापन समिति जस्ता विभिन्न प्रकृतीका सामाजिक सरोकारका क्षेत्रहरूलाई समेत पार्टी कामको क्षेत्रका

रुपमा व्यवस्थित गर्नु आवश्यक छ । पार्टी आबद्ध हुन चाहने कार्यकर्ता पंक्तिको विस्तार भएसँगै यस्ता संगठनहरूमा परिभाषित जिम्मेवारीका साथ पार्टी सदस्य तथा कार्यकर्ताहरूलाई परिचालन गर्नुपर्छ । आगामी दिनमा यस क्षेत्रको कामलाई व्यवस्थित रुपमा अघि बढाउन नेतृत्वको एउटा हिस्सालाई परिचालन गर्नु उपयुक्त हुन्छ ।

## (च) पार्टी निर्माणमा देखिएका समस्या

**१. अध्ययन र प्रशिक्षणको कमी :**

सूचना र प्रविधिको विकाससँगै वैचारिक र सैद्धान्तिक ज्ञान हासिल गर्ने प्रवृत्तिमा निकै ठूलो ह्रास आएको छ । पार्टी आन्दोलनमा जोडिएको नयाँ पुस्तामा दर्शन, राजनीतिक अर्थशास्त्र, वर्गसंघर्षको सिद्धान्त, इतिहास र नेपाली समाज तथा संस्कृतिका बारेमा चासो राख्ने र अध्ययन गर्ने प्रवृत्ति घट्दै गएको छ । आमसञ्चार माध्यम र विशेषगरी सामाजिक संजालमा बढी पढिने र सुनिने विषयबाट नयाँ पुस्ता बढी प्रभावित हुने गरेको छ । सार्वजनिक संचार माध्यम र सामाजिक संजालमा प्राप्त हुने सतही ज्ञानले समाजका नयाँ नयाँ घटनाक्रमलाई बुझ्न र तदनुरुप समाजलाई सही दिशामा डोऱ्याउन कठिन हुन्छ। पुराना कार्यकर्ताहरूमा पनि पछिल्लो समयमा अध्ययन गर्ने र छलफलमा भाग लिने प्रवृत्तिमा निकै कमी आएको छ । यतिसम्म कि पार्टीका दस्तावेज र निर्देशनहरूसमेत गम्भीरतापूर्वक पढ्ने र ग्रहण गर्ने प्रवृत्ति कमजोर भएको छ । समाजलाई र पार्टीलाई जोड्ने र डोऱ्याउने मुख्य विषय नै विचार–सिद्धान्त हो । विचार–सिद्धान्तले लैस भएका कार्यकर्ताहरूको पार्टी नै भावनात्मक रुपमा एकताबद्ध रहन सक्छ। अवसरवाद र अराजकतावादलाई

*पार्टीका घोषित नीतिहरूको बुझाई र व्याख्यामा पनि समस्या देखिने गरेको छ । पार्टीमा गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा बढ्दै जाँदा महाधिवेशनको नीति र विचारभन्दा आफूलाई लागेको कुरा गर्ने अराजक प्रवृत्ति झाङ्गिदै गएको छ ।*

लगाम लगाउने तागत समेत हामीले आत्मसात गरेका सिद्धान्त, नीति र कार्यक्रमहरूबाट प्राप्त गर्न सकिन्छ । तर यतिबेला त्यसको बुझाइमा एकरुपताको समस्या देखिन थालेको छ । जसका कारणले सिद्धान्तलाई सही मानेमा व्यवहारमा कार्यान्वयन गर्न समस्या देखिन थालेको छ ।

पार्टीको आठौं र नवौं महाधिवेशनमा प्रस्तुत दस्तावेजहरू सर्वसम्मत रुपमा नै पारित भएका थिए। महाधिवेशनबाट स्विकृत विचारले हामीलाई अर्को महाधिवेशनसम्म एकताबद्ध बनाउने सामथ्र्य राख्दथे । तर नेतृत्व चयनको प्रक्रियामा भएको अस्वस्थ प्रतिस्पर्धाले वैचारिक र राजनीतिक रुपमा कुनै न कुनै रुपमा मतभेद प्रकट गर्ने र वैचारिक एकरुपता कायम गर्न बाधा पुऱ्याउने काम हुने गरेको छ। पार्टीका घोषित नीतिहरूको बुझाई र व्याख्यामा पनि समस्या देखिने गरेको छ । पार्टीमा गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा बढ्दै जाँदा महाधिवेशनको नीति र विचारभन्दा आफूलाई लागेको कुरा गर्ने अराजक प्रवृत्ति झाङ्गिदै गएको छ। पछिल्ला समयमा पार्टीमा वैचारिक विवाद सिर्जना गर्ने अनुचित कोशिस हुँदा कार्यकर्तापंक्ति पनि दस्तावेज अध्ययन गरेर भन्दा आमसञ्चार माध्यम र सामाजिक संजालका प्रतिक्रियाबाट प्रभावित हुन थालेको छ । कतिपय अवस्थामा पार्टी महाधिवेशनबाट पारित नीति

नै सामाजिक संजालका माध्यमबाट नियोजित रुपमा प्रतिस्थापन गरिने खतरा उत्पन्न हुने गरेको छ। पार्टीको विचार–सिद्धान्तलाई स्थापित गर्ने सन्दर्भमा केन्द्रीय पार्टी स्कुलले केन्द्रमा योजनाबद्ध रुपमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने प्रयास गरे पनि प्रदेश र जिल्ला तहमा सोही अनुसारको प्रशिक्षण कार्यक्रम अघि बढ्न सकेनन्। नयाँ पार्टी सदस्यको लागि आधारभूत प्रशिक्षण अनिवार्य गरिए पनि त्यो व्यवहारमा लागु हुन सकेको देखिदैन। कतिपय जिल्लाले प्रशिक्षण कार्यक्रम सञ्चालन गरे पनि ती पार्टी स्कुलले तयार गरेको पाठ्यक्रमअनुसार हुने गरेका छैनन् । पार्टी एकतापछि त पार्टीको वैचारिक र संगठनात्मक काम नै आमरुपमा अघि बढ्न सकेन। अध्ययन र प्रशिक्षणको कुरा नेताहरूका अन्तर्वार्ता र भाषणमा सीमित हुने खतरा बढेको छ। वैचारिक कामको अभावमा संगठनात्मक अराजकता, अनुशासनहीनता र अवसरवाद मौलाएर जान्छ। यतिबेला दक्षिणपंथी अवसरवाद र संगठनात्मक अराजकतावाद पार्टी र आन्दोलनका सामु चुनौतीका रुपमा उपस्थित भएको छ । त्यसको नकारात्मक प्रभाव आज नेपाली समाजमा र पार्टीसम्बद्ध संघ–संगठनहरूमा पनि देखिंदैछ । यसप्रति पार्टीको गंभीर ध्यान जानु आवश्यक छ ।

**२. पार्टी सदस्यतामा मापदण्ड पालनाको समस्या :**

पार्टी सदस्यता नवीकरण र नयाँ सदस्यता बृद्धि पार्टी जीवनको गतिशीलताको आधार हो। पार्टी सदस्यता प्रदान गर्दा मापदण्डको पालना गर्ने र सदस्यता पाउँदा गर्वको अनुभूति गर्ने हुनु पर्दछ । पछिल्लो समयमा बिना कुनै मापदण्ड सदस्यता प्रदान गर्ने, पार्टी सदस्यको सदस्यता शुल्क र लेबी समेत अरु कसैले तिरिदिने घटनाहरू देखिन/सुनिन थालेका छन्। पार्टी सदस्यता नवीकरण प्रत्येक वर्ष गर्नुपर्ने

*पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सक्रिय युवाहरू पार्टी सदस्यताबाट बञ्चित बनिरहेको अवस्था छ । समावेशीताको आधारमा नेतृत्व विकासका लागि पनि सबै वर्ग र समुदायको बीचमा पार्टी सदस्यता विस्तारको कामलाई योजनाबद्ध ढंगले अघि बढाउनु पर्ने भएको छ ।*

दायित्व पनि निर्वाह हुन छोडेको छ । पार्टी सदस्य कुनै न कुनै तहको कमिटीमा संगठित हुने वैधानिक व्यवस्थाको पालना पनि हुनसकेको छैन । पार्टी एकतापछि सदस्यता नवीकरणको काम अधिकांश ठाउँमा अघि बढ्न सकेन । कतिपय ठाउँमा चर्को गुटबन्दीका कारणले नयाँ सदस्यता प्रदान गर्ने कुरा लामो समयदेखि रोकिएको अवस्था छ । पार्टी सदस्यता प्रदान गर्नुपूर्व आधारभूत प्रशिक्षण लिनुपर्ने व्यवस्था लागु हुनसकेको छैन । यसबाट सवल र सुदृढ पार्टी निर्माणको संगठनात्मक योजना प्रभावित बन्न पुगेको छ । पार्टीका सदस्यहरू पार्टीको सम्पर्कमा नरहने, पार्टीका गतिविधि र आन्दोलनमा सहभागी नहुने अवस्था राम्रो होइन । पार्टी केन्द्रमा बाहेक स्थानीय कमिटीमा अभिलेख व्यवस्थित नहुँदा नियमित रुपमा लेबी उठाउने, नवीकरण गर्ने र पार्टी काममा परिचालन गर्न समस्या उत्पन्न हुने गरेको छ । पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सक्रिय युवाहरू पार्टी सदस्यताबाट बञ्चित बनिरहेको अवस्था छ । समावेशीताको आधारमा नेतृत्व विकासका लागि पनि सबै वर्ग र समुदायको बीचमा पार्टी सदस्यता विस्तारको कामलाई योजनाबद्ध ढंगले अघि बढाउनु पर्ने भएको छ । पार्टी सदस्यता विस्तार अभियान अन्तर्गत आधारभूत वर्ग, महिला, उत्पीडित समुदाय

र युवाहरूका बीचको पार्टी कामलाई विशेष जोड दिनुपर्छ। पार्टी सदस्यतालाई व्यवस्थित नगरी पार्टी निर्माणको काम प्रभावकारी बन्न सक्दैन। आगामी दिनमा यस कामलाई पार्टी कामको महत्वपूर्ण विषय वनाउनु पर्दछ।

**३. ठूलो आकारका कमिटीहरूको सञ्चालनको समस्या :**

पार्टी एकतापछि पूर्व पार्टी तर्फका ठूला आकारका कमिटीहरू र त्यसमा आबद्ध रहेका मुख्य नेताहरूको व्यवस्थापनको बाध्यताले कमिटीका आकारहरू ठूलोठूलो बन्न पुगे । नेकपाभित्र अन्तरसंघर्ष चर्कंदै जाने क्रममा समानान्तर गतिविधि बढ्नाले कमिटीको आकार पनि बढ्ने अवस्था सिर्जना भयो। नेकपा (एमाले) पुनर्स्थापित भएपछि पार्टी कामबाट बाहिरिएका सदस्यहरूलाई यथावत राखेर कामको लागि आवश्यकताअनुसार थप संख्या बृद्धि गर्ने काम भयो। यसले गर्दा आम रुपमा पार्टी कमिटीहरू अझ ठूला बन्न पुगे। यतिबेला पार्टीका अधिकांश पूर्ण बैठकहरू पार्टी कार्यालयमा बस्न छोडेका छन्। कमिटीको आकारमा बृद्धि भएसँगै निर्णयको अधिकार सीमित नेताहरूमा केन्द्रीकृत हुने अवस्था सिर्जना भएको छ। कार्यकारी कमिटीले आफ्नो अधिकार सचिवालय वा पदाधिकारीको टिम वा मुख्य नेतालाई दिनुपर्ने बाध्यकारी अवस्था छ। यसबाट कमिटी र कमिटीका सदस्यको भूमिका क्रमश: खुम्चिँदै गएको छ। यसले सम्बन्धित कमिटीका बैठकको नियमिततामा समेत समस्या सिर्जना भएको छ। आकारमा भएको बृद्धिका कारणले कमिटीका सदस्यहरूलाई उनीहरूको रुचिका आधारमा परिभाषित कामको जिम्मेवारी दिन नसक्ने अवस्था सिर्जना हुँदै गएको छ। '१० बुँदे' प्रस्ताव कार्यान्वयन पछि पार्टी काममा क्रियाशील रहेका कार्यकर्ताको व्यवस्थापनमा प्रक्रियागत जटिलता

*नेकपाभित्र अन्तरसंघर्ष चर्कँदै जाने क्रममा समानान्तर गतिविधि बढ्नाले कमिटीको आकार पनि बढ्ने अवस्था सिर्जना भयो। नेकपा (एमाले) पुनर्स्थापित भएपछि पार्टी कामबाट बाहिरिएका सदस्यहरूलाई यथावत राखेर कामको लागि आवश्यकताअनुसार थप संख्या बृद्धि गर्ने काम भयो। यसले गर्दा आम रुपमा पार्टी कमिटीहरू अझ ठूला बन्न पुगे।*

थपिएको छ। मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको यति लामो समय भइसक्दा पनि पार्टी संरचनामा तदनुरुपको रुपान्तरण हुन सकेको छैन। अब यसलाई छिटोभन्दा छिटो नयाँ संवैधानिक ढाँचाअनुरुप पुनर्व्यवस्थित गर्नु पर्दछ।

**४. वैधानिक व्यवस्था अनुरुप अधिवेशन आयोजना र व्यवस्थापनको समस्याः**

नवौं महाधिवेशन पश्चात् आम रुपमा पार्टीको वैधानिक व्यवस्था अनुरुप स्थानीय कमिटीहरूका अधिवेशन हुनसकेका छैनन्। संविधानको निर्माण, तीन तहको निर्वाचन, पार्टी एकता, नेकपा (एमाले) पुनर्स्थापित भएपछि प्रकट भएका आन्तरिक समस्या जस्ता कारणले अधिकांश कमिटीहरूको अधिवेशनको अवधि निकै पहिले गुज्रिसकेको छ। नेकपाको समयलाई शून्य समय मानेर अघि बढ्दा पनि स्थानीय तहका धेरै कमिटीहरूको अधिवेशनको अवधि गुज्रिसकेको छ। अब ती कमिटीहरूको अधिवेशन आयोजनाका लागि नयाँ संवैधानिक र कानुनी प्रबन्ध अनुरुप वैधानिक व्यवस्था गर्नुपर्ने देखिन्छ। विधान महाधिवेशनबाट नयाँ वैधानिक व्यवस्था गरेपछि पनि अधिवेशनको आयोजनाका लागि पार्टी सदस्यताको नवीकरण हुनु आवश्यक छ।

त्यो काम पनि विभिन्न कारणले लामो समयसम्म अवरुद्ध हुदै आएको छ। सदस्यता नवीकरणको काम व्यवस्थित नहुँदा पार्टी सदस्यताको अभिलेख व्यवस्थापन, कार्यक्षेत्र निर्धारण र प्रतिनिधि छनौटजस्ता विषयहरू विवादित हुने अवस्था रहन्छ। विगतमा स्थानीय पार्टीका अधिवेशन आयोजना हुँदा पार्टी कामको समीक्षा र नयाँ कामको योजना बनाउने कुरामा खासै ध्यान पुग्ने गरेको छैन। समावेशिताको क्लस्टर सहितको प्यानलगत निर्वाचन गर्नुपर्दा निर्वाचन प्रक्रिया निकै बोझिलो बन्ने र त्यसले बढी समय लिने गरेको छ। राष्ट्रिय महाधिवेशनको आयोजना गर्दा त यो विषय अझै जटिल बन्ने गरेको छ। महाधिवेशनबाट नेतृत्व चयन हुने समयसम्मको अवधि तोकिएको भन्दा दोब्बर लाग्ने गरेको छ। महाधिवेशनका समयमा हुने प्रतिस्पर्धा अस्वस्थ बन्न पुग्दा पार्टीको जीवन नै अस्वस्थकर बन्ने गरेको छ। उद्घाटन र बन्द सत्रको भव्य आयोजनाले पैदा गरेको उत्साहलाई पछिसम्म कायम राख्ने चुनौती देखिने गरेको छ। महाधिवेशनका समयको समुहगत प्रतिस्पर्धा पछिसम्मको गुटबन्दीको आधार बन्ने गरेको छ। विधान अधिवेशनमा नीति र विधि तयार गरिरहँदा यस्ता कुरालाई समाधान गरिनु पर्दछ। पार्टीको वैधानिक व्यवस्था अनुरुप तोकिएको समयमा अधिवेशन आयोजना गर्ने पार्टीको असल परम्परालाई छिटोभन्दा छिटो पुनर्स्थापित गर्नु आवश्यक छ।

**५. दक्षिणपंथी अवसरवाद, संगठनात्मक अराजकता र गुटबन्दीको समस्या :**

ठूला राजनीतिक परिवर्तन, राजनीतिक र सामाजिक द्वन्द्वपछि समाजमा एक प्रकारको अराजकताको स्थिति उत्पन्न हुने गर्दछ। अन्तरपार्टी संघर्षको क्रममा वैधानिक सीमा मिचिदाको अवस्थामा

> *महाधिवेशनका समयमा हुने प्रतिस्पर्धा अस्वस्थ बन्न पुग्दा पार्टीको जीवन नै अस्वस्थकर बन्ने गरेको छ । उद्घाटन र बन्द सत्रको भव्य आयोजनाले पैदा गरेको उत्साहलाई पछिसम्म कायम राख्ने चुनौती देखिने गरेको छ । महाधिवेशनका समयको समुहगत प्रतिस्पर्धा पछिसम्मको गुटबन्दीको आधार बन्ने गरेको छ ।*

पनि यस्तो समस्या पैदा हुने गर्दछ। यतिबेला नेपाली समाजमा सामाजिक अराजकताका प्रवृत्तिहरू र पार्टी संगठनभित्र संगठनात्मक अराजकताको स्थिति देखापरेको छ। विगतमा नेकपा (एमाले)भित्र उत्पन्न अन्तर्विरोधलाई त्यहाँभित्र स्थापित प्रणालीले एकहदसम्म बाँधेर राखेको थियो। नेकपा (माओवादी–केन्द्र) सँगको एकतापछि त्यो अवस्था रहेन । माओवादीभित्र व्यक्तिकेन्द्रित संगठनात्मक अभ्यास खुला राजनीतिमा आएपछि संगठनात्मक अराजकताको रुपमा संस्थागत भयो र दुई पार्टीको एकतापछि त्यो प्रवृत्ति नेकपाभित्र प्रवेश गऱ्यो । प्रचण्डमा रहेको व्यक्तिकेन्द्रित अवसरवाद र उनको नेतृत्वमा माओवादी आन्दोलनमा हुर्किएको संगठनात्मक अराजकता नेकपा (एमाले)भित्रको समुहबन्दीमा अन्तघुलन भएर पार्टी तथा आन्दोलन नै संकटमा पर्ने अवस्था सिर्जना भयो । नेकपा भंग भएको, नेकपा (एमाले)बाट माधव नेपालको नेतृत्वमा एउटा समुह बाहिरिएपछि संगठनात्मक अराजकता र गुटबन्दीको समस्या स्वत: अन्त्य हुने होइन । वैचारिक र राजनीतिक रुपमा समेत त्यसको समाधान गर्नुपर्ने हुन्छ । साथै, विगतमा यस पार्टीले अघि बढाएको लोकतान्त्रिक अभ्यासले उन्नतस्तरको लोकतान्त्रिक संस्कृतिको माग गर्दछ। तर हाम्रो समाज र राजनीतिमा त्यो स्तरको लोकतान्त्रिक संस्कृतिको विकास हुनसकेको छैन, गर्न सकिएको छैन ।

यसले पनि संगठनात्मक अराजकतालाई मलजल गरेको छ । अवका दिनमा हामीले समाज परिवर्तनको ध्येय र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर वैचारिक–सैद्धान्तिक कामलाई व्यवस्थित गर्नु पर्दछ । दक्षिणपंथी अवसरवाद, संगठनात्मक अराजकता र गुटबन्दीपूर्ण क्रियाकलापका विरुद्धमा वैचारिक र राजनीतिक अभियान संचालन गर्नु पर्दछ ।

**६. गैरभौगोलिक क्षेत्रको कामको संयोजनको समस्या :**

पार्टीमा भौगोलिक र गैरभौगालिक क्षेत्र पार्टी कामका दुई भिन्न क्षेत्रका रुपमा रहँदै आएका छन् । पार्टीले भौगोलिक क्षेत्रको काममा जोड दिने कुरा गरे पनि तदनुरुप शक्ति विन्यास हुन सकेको छैन । चुनावमा प्रत्यक्ष भूमिका भौगोलिक कमिटीको रहने भए पनि पार्टीको पक्षमा आधार र जनमत तयार गर्ने कुरामा गैरभौगोलिक क्षेत्रको महत्व पनि उत्तिकै छ । दुबै क्षेत्रको कामलाई पार्टी निर्माण र परिचालनका लागि संयोजन गर्नु आवश्यक छ । तर निर्वाचनका समयमा गैरभौगोलिक क्षेत्रमा काम गर्ने र भौगोलिक क्षेत्रमा काम गर्नेहरूका बीचमा संयोजनको समस्या रहँदै आएको छ । गैरभौगोलिक क्षेत्रको कामको परिणाम पनि भौगोलिक क्षेत्रमार्फत नै देखिने हो । हामीले अवलम्वन गरेको तात्कालिक कार्यनीति र राजनीतिक कार्यदिशाले चुनावी प्रतिस्पर्धामा पार्टीलाई विजयी बनाएर नेतृत्वमा पुऱ्याउनु आवश्यक हुन्छ । त्यसका लागि दुबैतर्फको काममा यथोचित संयोजन र तालमेलको आवश्यकता पर्दछ । गैरभौगोलिक क्षेत्रको कामले भौगोलिक क्षेत्रको काममा नकारात्मक असर नपरोस् भन्ने कुरामा ध्यान दिंदै गैरभौगोलिक क्षेत्रको कामको विशिष्ट स्थितिलाई ध्यानमा राखेर पार्टी कामलाई व्यवस्थित गर्नु आवश्यक छ । गैरभौगोलिक क्षेत्रमा संगठित हुने कार्यकर्ताको प्रकृतिको निर्धारण र उनीहरूको कामको यथोचित मूल्यांकनको स्पष्ट

*चुनावमा प्रत्यक्ष भूमिका भौगोलिक कमिटीको रहने भए पनि पार्टीको पक्षमा आधार र जनमत तयार गर्ने कुरामा गैरभौगोलिक क्षेत्रको महत्व पनि उत्तिकै छ । दुबै क्षेत्रको कामलाई पार्टी निर्माण र परिचालनका लागि संयोजन गर्नु आवश्यक छ ।*

विधि बनाउनुपर्दछ। विधान अधिवेशनबाट गैरभौगोलिक क्षेत्रको कामलाई पार्टी कामको विशेष क्षेत्रका रुपमा संस्थागत गरिनु पर्दछ ।

**७. पार्टी काम र कार्यकर्ताको मूल्यांकनको समस्या :**

विगत लामो समयदेखि पार्टी कामको समीक्षा र कार्यकर्ताको मूल्यांकन संस्थागत रुपमा हुन छोडेको छ । कमिटीको आकार बढेसँगै कामको रिपोर्टिङ र समीक्षाको काम जटिल बन्दै गएको छ । पार्टीको निर्देशन पालना गरे पनि हुने, नगरे पनि हुने अवस्था सिर्जना भएको छ । परिभाषित काम गर्नेभन्दा संचार माध्यममा प्रस्तुत हुने कुरामा जोडदिने प्रवृत्ति बढेको छ । फिल्डमा काम गर्नेभन्दा काठमाडौंमा केन्द्रित हुने प्रवृत्ति समेत बढ्दो छ । प्रतिस्पर्धामा सफल हुने नाममा परिभाषित काममा जुट्नेभन्दा असहमति प्रकट गरेर 'चर्चित' बन्ने होडवाजी सुरु भएको छ । वैज्ञानिक मूल्यांकन प्रणाली नहुँदा नेतृत्व विकास गर्ने र जिम्मेवारी प्रदान गर्ने कुरामा असन्तुलन देखिन थालेको छ । राजनीतिक निष्ठा र समर्पणको ठाउँ साधन स्रोत परिचालन गर्नसक्ने व्यक्तिले लिने अवस्था छ । अनि कामको मूल्यांकनका रुपमा राजकीय जिम्मेवारी प्राप्त गर्ने कुरा जोडिन पुगेको छ । समाज परिवर्तनको ध्येय र उद्देश्य कमजोर हुने र त्यसको ठाउँ पद प्रतिष्ठा प्राप्तिले लिन थालेको छ । पार्टीमा यस्ता

कुरासँग असहमति राख्नेहरू असान्दर्भिक हुने अवस्था देखिँदैछ। यसमा समयमै सुधार नगर्ने हो भने सामाजिक परिवर्तनको ध्येय र उद्देश्य पूरा गर्नसक्ने कार्यकर्ताको पंक्ति र पार्टी निर्माण गर्न सकिने छैन। अब पार्टी संगठनमा जिम्मेवारी दिँदा कार्यकर्ताहरूको पार्टी सदस्यताको विषय, कमिटीमा संगठित हुने विषय, नेतृत्वमा पुस्ता संयोजनको विषय, राजनीतिमा सहभागी हुँदा प्राप्त हुने सुविधा, सम्मान र अवसरको विवेकसम्मत एवम् न्यायोचित वितरण तथा व्यवस्थापनको विषयमा ध्यान पुर्‍याउनुपर्ने हुन्छ। यसका लागि पार्टीमा व्यवस्थित र वैज्ञानिक मूल्यांकन प्रणाली स्थापित गर्नुपर्दछ।

## ८. पहिचानको मुद्दामा केन्द्रित हुने समस्या :

बैसठ्ठी–त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलनपछि नेपाली समाजमा जातीय पहिचान र अधिकारका विषयहरू प्रभावी बने। जातियतामा आधारित पहिचानको विषयले वर्ग दृष्टिकोण र वर्ग पक्षधरतामा सबल र सुदृढ हाम्रो आन्दोलन समेत एकहदसम्म प्रभावित बन्न पुग्यो। यसबाट पार्टीका कैयौं पुराना नेता र कार्यकर्ताहरू पार्टीको दृष्टिकोणप्रति नै असहमति प्रकट गर्दै पार्टीबाट बाहिरिन पुगे। आज उनीहरूको राजनीतिक भविष्य नै संकटमा परेको छ। जातिय पहिचानको विषय कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउने माध्यम नबनोस् भन्ने कुरामा सचेत हुनु जरुरी हुन्छ। समाजमा पछि परेका वर्ग र समुदाय दुबैलाई माथि उठाउने जिम्मेवारी कम्युनिष्ट आन्दोलनको हो र यस दायित्वबाट हाम्रो पार्टी बिमुख हुन सक्दैन। हाम्रो मुलुकमा सामाजिक विकासको असमान अवस्था छ। उक्त असमान विकासको अवस्थालाई राजनीतिक कार्यदिशाको सफलताका लागि पनि समाधान गर्नु अपरिहार्य छ। जातिय पहिचानका नाममा प्रकट हुने अतिवादको

*जातिय पहिचानको विषय कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउने माध्यम नबनोस् भन्ने कुरामा सचेत हुनु जरुरी हुन्छ । समाजमा पछि परेका वर्ग र समुदाय दुबैलाई माथि उठाउने जिम्मेवारी कम्युनिष्ट आन्दोलनको हो र यस दायित्वबाट हाम्रो पार्टी बिमुख हुन सक्दैन ।*

प्रतिवाद गर्नु आवश्यक छ । तर जातिय पहिचानका नाममा देखापरेको अतिवादको विरोध गर्ने नाममा पछि परेको समुदायको विकास र उत्थानको दायित्वलाई उपेक्षा गर्ने प्रवृत्ति नमौलाओस् भन्ने कुरामा ध्यान जानु पर्दछ । यतिबेला पहिचानको विषयको आम बुझाईमा सकारात्मक परिवर्तन आइरहेको छ । समाज विकासको युरोपेली अध्ययनको परम्परा र अनुभवहरू हाम्र्रा विश्वविद्यालयमा पढाइने र त्यसको प्रभावमा परेका हाम्रा बुद्धिजिबीहरूले नेपाली समाजको तदनुरुपको विवेचना गर्नाले सही दृष्टिकोण निर्माणमा समस्या देखिने गरेको हो । वास्तवमा युरोपेली समाज विकासको प्रक्रिया र एशियाली समाज विकासको प्रक्रियामा भिन्नता रहेको सत्यलाई बुझ्न सक्नु पर्दछ । राज्य र राष्ट्रका सन्दर्भमा नेपाली समाजमा देखिने परम्पर विरोधी दृष्टिकोणमा पनि माथि उल्लेखित समस्याले काम गरेको छ । अब हामीले हाम्रो समाज विकासको विशिष्ट पक्षलाई गहिरोगरी विवेचना गर्न र त्यसका आधारमा पार्टीको दृष्टिकोणलाई स्थापित गर्न पहल गर्नु पर्दछ । यसका साथै पछि परेका वर्ग र समुदायको संरक्षण तथा विकासका सन्दर्भमा पार्टीको सही नीति र कार्यक्रमलाई योजनवद्ध रुपमा अघि बढाउनु आवश्यक छ ।

## ९. पार्टी काममा दोहोरोपनको समस्या :

पार्टी सदस्यता, कार्यकर्ताको संख्या र कमिटीको आकारमा बृद्धि भएसँगै कामका नयाँनयाँ क्षेत्रको खोजी गर्नुपर्ने अवस्था सिर्जना भएको छ । कामको नयाँ क्षेत्र विस्तार गरिरहँदा कामको एउटै क्षेत्रमा दोहरोपनको समस्या आउने गरेको छ । एउटै कामको क्षेत्रमा एकभन्दा बढी कमिटी क्रियाशील हुने अवस्था देखिने गरेको छ । यसरी नै कामका नयाँ क्षेत्रको विस्तारसँगै एउटै कार्यकर्तालाई एकभन्दा बढी कार्यक्षेत्रको जिम्मेवारी प्रदान गरिएको अवस्था पनि छ । कतिपय ठाउँमा एउटै व्यक्ति वर्ग र समुदायका दृष्टिकोणले फरक–फरक कामको क्षेत्रमा संगठित भएको देखिन्छ । फरक–फरक वर्ग र सामाजिक क्षेत्रको काममा एउटै व्यक्ति जोडिँदा उसको भूमिका सधै अस्थिर र ढुलमुले बन्ने खतरा रहन्छ । यस अवस्थाले पनि आन्दोलनभित्र अवसरवाद हुर्कने खतरा रहन्छ । साथै, यस्तो अवस्थाले सम्बन्धित व्यक्तिलाई कुनै खास क्षेत्रमा केन्द्रित हुन, विशेषज्ञता हासिल गर्न र जिम्मेवारीबोधका साथ परिचालित हुने कुरामा पनि समस्या आउन सक्छ । कामको दोहोरोपनाको समस्याका कारणले फरक–फरक संगठन र कमिटीहरूका बीचमा समेत अन्तरविरोध पैदा हुने अवस्था पनि आउन सक्छ । यस्तो हुन नपाओस् भन्ने कुरामा समयमै पार्टीको ध्यान जानु आवश्यक छ ।

## १०. काठमाडौं उपत्यकाको पार्टी कामको व्यवस्थापनको समस्या :

मुलुकको राजधानी रहेको काठमाडौँ उपत्यकामा बाहिरबाट आएर अध्ययन–अध्यापन गर्ने, पेशा र व्यवसायमा संलग्न हुने ठूलो संख्या छ । यसरी उपत्यकामा बाहिरबाट आउनेको ठूलो हिस्सा पार्टी राजनीतिको प्रभावमा रहँदै आएको छ । उपत्यका बाहिरबाट आएर राजनीतिक रुपमा क्रियाशीलहरूमध्ये एउटा हिस्साले भूगोलको संगठनात्मक

*फरक–फरक वर्ग र सामाजिक क्षेत्रको काममा एउटै व्यक्ति जोडिँदा उसको भूमिका सधैँ अस्थिर र ढुलमुले बन्ने खतरा रहन्छ । यस अवस्थाले पनि आन्दोलनभित्र अवसरवाद हुर्कने खतरा रहन्छ । साथै, यस्तो अवस्थाले सम्बन्धित व्यक्तिलाई कुनै खास क्षेत्रमा केन्द्रित हुन, विशेषज्ञता हासिल गर्न र जिम्मेवारीबोधका साथ परिचालित हुने कुरामा पनि समस्या आउन सक्छ ।*

काममा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने गरेको छ । एउटा हिस्सा भने 'विशेष कमिटी' मार्फत परिचालित हुने गरेको छ । विगतमा दुबै प्रकृतिका कामलाई उपत्यका कमिटी अन्तर्गत परिचालन गर्ने गरियो । नयाँ संविधान जारी भएपछि बनेको प्रादेशिक ढाँचा अन्तर्गत उपत्यका स्तरको पुरानो कमिटी कायम राखिराख्नु उचित रहेन । नेकपा कालमा विशेष प्रकृतिका संगठनहरूलाई हेर्ने गरी अलगै 'विशेष कमिटी'को व्यवस्था गरियो । विगतमा विशेष कमिटीमा संगठित भएका सबैलाई भूगोलको जिल्लामा आबद्ध गर्दा भूगोलको काम समेत प्रभावित हुने अवस्था छ । भूगोलसँग नजोडिदा निर्वाचनको समयमा जनशक्तिको प्रत्यक्ष परिचालनमासमस्या आउन सक्छ । पार्टी कार्यकर्ताको महत्वपूर्ण हिस्साको उपस्थिति रहेको विशेष क्षेत्रको कामको व्यवस्थापनमा लामो समयसम्म अन्योलता रहनु उचित हुँदैन । सम्पर्क समन्वय क्षेत्रको काम जस्तै विशेष क्षेत्रको कामलाई पनि अलग्गै प्रादेशिक तहको संरचना अन्तर्गत संस्थागत रुपमा अघि बढाउनु पर्दछ । निर्वाचनको समयमा विशेष कमिटीहरूको कामलाई भूगोलको कामको पुरकका रुपमा अघि बढाउनु उपयुक्त हुन्छ । उत्पत्यका बाहिरको हकमा भने विशेष क्षेत्रको कामलाई जिल्ला कमिटी मातहत राख्नु उपयुक्त देखिन्छ ।

**११. परिभाषित काम र परिणाममुखी कार्यविभाजनको समस्या :**

पार्टीमा कार्य विभाजनको विषय प्राय विवाद र असन्तुष्टिको विषय बन्ने गरेको छ। कमिटीका पदाधिकारी र सदस्यलाई परिभाषित कामको जिम्मेवारी दिने र उक्त कामको आधारमा मूल्यांकन गर्ने प्रणालीको विकास आजसम्म राम्ररी गर्न सकिएको छैन। निश्चित कामलाई महत्वपूर्ण र निश्चित कामलाई कम महत्वपूर्ण ठान्ने स्थितिले पनि कार्यविभाजनमा समस्या देखिने गरेको छ। यसरी नै विभिन्न कमिटीहरूमा मापदण्ड बिनै समावेशी प्रतिनिधित्व गराउनाले जिम्मेवारी अनुरुपको भूमिका निर्वाह गर्ने कुरामा समस्या देखिने गरेको छ। कतिपय कमिटी र विभागका सदस्यहरूले कामको लागि भन्दा पनि मानका लागि कमिटीमा बस्न होडवाजी गरेको पाइन्छ। बैठकमा उपस्थित नहुने, कमिटीबाट कुनै परिभाषित जिम्मेवारी लिन नचाहनेहरू पनि कमिटीका विभिन्न तहमा रहेका छन्। उनीहरू कामको लागि भन्दा पनि उपयुक्त अवसरको दावीका लागि त्यहाँ बस्न चाहेको देखिन्छ। अर्कोतिर लामो संगठनात्मक अनुभव भएका, वैचारिक र राजनीतिक नेतृत्व गर्ने क्षमता राख्नेहरू पनि जिम्मेवारीबिहीन अवस्थामा छन्। योग्यताका आधारमा जिम्मेवारी दिंदा एउटै भौगोलिक क्षेत्रमा केन्द्रित हुन खोज्ने समस्या पनि देखिन्छ। भूमिगत कालमा जस्तो यतिबेला एउटा भौगोलिक क्षेत्रको कार्यकर्तालाई अर्को भौगोलिक क्षेत्रमा सहज ढंगले स्वीकार्ने अवस्था देखिंदैन। जिम्मेवारी पाएकाहरूमध्ये कतिपयले खासै काम नगरीकन समय व्यतित गर्ने गरेको अवस्था पनि छ। कामको मूल्यांकनको वैज्ञानिक प्रणालीको विकास नहुँदा त्यसले पार्टी काममा प्रत्यक्ष असर पुग्ने गरेको छ। यद्यपि कार्यविभाजनको विषय आवश्यकता अनुसार नियमित हेरफेर गर्न सकिने विषय हो। समयसमयमा जिम्मेवारी हेरफेर

*योग्यताका आधारमा जिम्मेवारी दिंदा एउटै भौगोलिक क्षेत्रमा केन्द्रित हुन खोज्ने समस्या पनि देखिन्छ । भूमिगत कालमा जस्तो यतिबेला एउटा भौगोलिक क्षेत्रको कार्यकर्तालाई अर्को भौगोलिक क्षेत्रमा सहज ढंगले स्वीकार्ने अवस्था देखिंदैन । जिम्मेवारी पाएकाहरूमध्ये कतिपयले खासै काम नगरीकन समय व्यतित गर्ने गरेको अवस्था पनि छ ।*

गर्नेगरी कामलाई व्यवस्थित गर्न पनि सकिन्छ । तर त्यसका लागि सम्बन्धित कमिटीहरूले स्पष्ट मापदण्ड बनाउनु आवश्यक देखिन्छ ।

**१२. जनसंगठनको प्रभावकारी परिचालनको समस्या :**

पार्टी कामको महत्वको क्षेत्र हो– जनसंगठन तथा जनवर्गीय संगठनहरूको काम । जनसंगठनको परिचालनको सन्दर्भमा कहिले निरपेक्ष स्वायत्तताको कुरा गर्ने र कहिले पार्टीले पूर्णरुपमा नियन्त्रण गर्न खोज्ने प्रवृत्ति वेलावखत देखिने गरेको छ । जनसंगठनहरू राजनीतिक रुपमा पार्टीप्रति पूर्णरुपमा प्रतिबद्ध हुने र संगठनात्मक रुपमा स्वायत्त हुनु उपयुक्त हो । तर त्यसमा पनि पछिल्लो समयमा जटिलता थपिंदै गएको छ । पार्टी भूमिगत रहँदाको अवस्थामा पार्टीको नीति र योजना ती संगठनहरूका माध्यमबाट परोक्ष रुपमा सार्वजनिक हुने अवस्था रहन्थ्यो । अहिले पार्टीले खुला ढंगले काम गरिरहेको र राज्यका विभिन्न तहका सरकारको नेतृत्वमा रहेर काम गरिरहेको अवस्थामा पार्टी नीति प्रत्यक्ष रुपमा पार्टी कमिटी र नेतृत्वमार्फत नै सार्वजनिक हुने अवस्था छ । यस्तो अवस्थामा जनसंगठनहरूलाई आफ्नो पृथक भूमिकाका आधारमा राजनीतिक सक्रियता देखाउनु पर्ने चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ । साथै, विगतमा जनसंगठनबाट स्थापित भएका कार्यकर्ताले

आफूले चाहेको भौगोलिक क्षेत्रको काम पाउने सहज अवस्था थियो । तर अहिले अनेरास्ववियु र युवासंघ जस्ता नयाँ–नयाँ कार्यकर्ता उत्पादन गरेर कामका अन्य क्षेत्रमा पठाउने भूमिकामा रहँदै आएका जनसंगठनको नेतृत्व लामो समयदेखि त्यही जाम भएर बसेको अवस्था छ । यसले त्यहीँभित्रको नेतृत्व विकासको बाटो समेत रोकिएको अवस्था छ । अर्कोतिर भूगोलका काममा पढेलेखेका युवाहरू गएर स्थापित हुने अवसर पनि गुमेको छ । पेशागत क्षेत्रको पार्टी कामका सन्दर्भमा कानुनी र व्यावहारिक समस्या उत्पन्न भएको छ । जनसंगठनहरूको संख्यामा भएको बृद्धि र कतिपय संगठनले कामका नयाँ क्षेत्र विस्तार गर्ने समस्या पनि बढेर गएको छ। संगठन सञ्चालनमा बढ्दो आर्थिक भारले परम्परागत रुपमा संगठित सदस्य र शुभेच्छुकहरूको भरमा संगठन सञ्चालन गर्न नसकिने अवस्था सिर्जना भएको छ । यस्ता संगठनहरूले दिगो स्रोतको व्यवस्थापन गर्न नसक्दा अनेक प्रकारका विकृति र विसंगति पनि देखापर्ने गरेका छन् । यसरी नै पार्टी नीति र जनसंगठनका बीचमा नीतिगत मार्गनिर्देशनलाई पालना गराउने कुरामा पनि बेलावखत समस्या देखिने गरेको छ । उपरोक्त प्रकृतिका समस्याहरूमा सहजीकरण गर्न पार्टीको तर्फबाट ईन्चार्ज र सहईन्चार्ज तोक्ने गरिएको छ । पछिल्लो समयमा मोर्चा संगठन निर्माण गरेर समन्वयात्मक रुपमा सञ्चालनको अभ्यास पनि गरियो । त्यसो गर्दा पनि पार्टी नीतिअनुरुप ती संगठनहरूलाई सिर्जनात्मक रुपमा सञ्चालन गर्न समस्या उत्पन्न हुने देखिन्छ । यसरी नै लामो समयसम्म अधिवेशन र सम्मेलन आयोजना नहुँदा एउटा अधिवेशनदेखि अर्को अधिवेशनसम्मको अवधिमा अनेक पटक नेतृत्व फेरिने अवस्था सिर्जना भएको छ । कतिपय संगठनमा भने एउटै व्यक्तिले लामो समयसम्म नेतृत्व ओगटिरहने समस्या पनि देखिने गरेको छ । अनि कतिपय संगठनमा सम्बन्धित क्षेत्रको काममा रुचि नै

*जनसंगठनहरूको संख्यामा भएको बृद्धि र कतिपय संगठनले कामका नयाँ क्षेत्र विस्तार गर्ने समस्या पनि बढेर गएको छ । संगठन सञ्चालनमा बढ्दो आर्थिक भारले परम्परागत रूपमा संगठित सदस्य र शुभेच्छुकहरूको भरमा संगठन सञ्चालन गर्न नसकिने अवस्था सिर्जना भएको छ ।*

नभएका व्यक्तिहरूलाई जिम्मा दिइएको अवस्था छ । कतिपय संगठनमा सम्बन्धित संगठनका लागि अपरिहार्य मापदण्डभन्दा बाहिरको अवस्थामा पुगिसक्दा पनि त्यहीँ रहिरहने प्रवृत्ति पनि बढ्दो छ । यस्ता कुरालाई सुधार गरेर मात्र त्यस क्षेत्रको कामलाई प्रभावकारी बनाउन सकिन्छ र उनीहरूका माध्यमबाट पार्टी नीति र उद्देश्यलाई बहुसंख्यक जनतामा सहजै पुऱ्याउन सकिन्छ ।

**१३. आदर्श र व्यवहारको बीचमा अन्तरविरोध :**

हाम्रो आन्दोलनका आफ्नै गौरवशाली परम्परा रहेका छन् । जीवनशैली र आचरणको क्षेत्रमा लामो समयसम्म पार्टीका नेता र कार्यकर्ताहरू उदाहरणीय रहे । तर पार्टी खुला राजनीतिमा प्रवेश गरेसँगै जीवनशैली र आचरणका क्षेत्रमा प्रश्नहरू पनि उठ्न थालेका छन् । कतिपयमा नेता–कार्यकर्ताको वैध आम्दानी र खर्चको बीचमा असन्तुलन देखिन थालेको छ । सादा जीवन उच्च विचारको आदर्श कमजोर हुँदै गएको छ । जनवादी विवाहको परम्पराबाट हुर्केका नेता र कार्यकर्ताहरूमा समेत भोजभतेरको संस्कृतिप्रति झुकाउ बढन थालेको छ । जनतासँग घुलमिल हुने जनशैली कमजोर बन्दै गएको छ । मार्क्सवादी ज्ञान सिद्धान्तलाई व्यवहारमा लागु गर्ने कुरा उपेक्षित हुन थालेको छ । रुढीवादलाई हटाउने, फजुल खर्च

कम गर्ने र असल परम्परालाइ प्रवद्र्धन गर्ने र उत्पादनशील कामलाई प्रवर्धन गर्ने दायित्वबाट पार्टीपंक्ति क्रमश: बिमुख हुने जोखिम बढ्दो छ । पार्टीको उद्देश्य जसरी हुन्छ चुनाव जित्नु हो जस्तो हुन थालेको छ । चुनाव जित्नु राजनीतिक कार्यदिशाको हिसाबले महत्वपूर्ण काम हो । तर त्यसका लागि समाजलाई बदल्ने नेता र कार्यकर्ताको टिमले त्यो ठाउँ लिनु आवश्यक हुन्छ । अन्यथा चुनावमुखी राजनीतिले पार्टीलाई संसदवादको गोलचक्करबाट माथि उक्लन दिने छैन । तसर्थ पार्टीले यस्तो स्थितिमा समयमै सुधार ल्याउनु आवश्यक छ । पार्टीका नेता र कार्यकर्ताहरू आर्थिक विकास र सामाजिक रुपान्तरण दुबैका बाहक हुन् भन्ने कुरालाई उनीहरूको जीवनशैली र आचरणका माध्यमबाट प्रकट हुने अवस्था सिर्जना गरिनु पर्दछ । त्यसका लागि नेतृत्वले समेत आफूलाई उदाहरणीय रुपमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

## (छ) आजको सन्दर्भमा पार्टी निर्माण र संगठन व्यवस्थापन

ऐतिहासिक जनआन्दोलन, जनसंघर्ष र जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने सन्दर्भमा गठन भएको ऐतिहासिक संविधानसभाबाट जारी भएको नयाँ संविधान अन्तर्गतको राजनीतिक, संवैधानिक र कानुनी अभ्यासको क्रममा उत्पन्न राजनीतिक जटिलता र अन्योलका बीचबाट नेपाली राजनीति र समाज गुज्रिरहेको छ । पछिल्लो ऐतिहासिक जनआन्दोलनले जनक्रान्तिको स्वरुप ग्रहण गरेको निष्कर्षका साथ पार्टीको आठौं महाधिवेशनबाट हामीले पार्टी जीवनको लोकतान्त्रिकरण र संविधानसभाबाट जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने नीतिअनुरुपको संगठनात्मक प्रस्ताव अघि बढाएका थियौं । नवौं महाधिवेशनमा आइपुग्दा

*दुई भिन्न पृष्ठभूमि र भिन्न राजनीतिक कार्यदिशा बोकेका पार्टीहरूका बीचको एकता लामो समयसम्म टिक्न सकेन । पार्टी एकता प्रक्रियाले पूर्णता नपाउदै त्यो असफल भएपछि नयाँ परिस्थिति उत्पन्न भएको छ । हाम्रो पार्टी नेकपा गठनका समयको एकता र एकीकरणको मूल स्प्रिटलाई आत्मसात गरेर अघि वढिरहेको छ ।*

हामीहरू दोस्रो संविधानसभाबाट संविधान निर्माण गरिछाड्ने संकल्प लिने अवस्थामा थियौं । त्यसै बीचमा हामी संविधानसभाबाट नयाँ संविधान जारी गर्न सफल भएका छौ । संविधानसभाबाट संविधान जारी भएपश्चात् सुरु भएको भारतीय नाकाबन्दीलाई पार्टी नेतृत्वको सरकारको अगुवाइमा सफलतापूर्वक सामना गर्‍यौं । नयाँ संविधान अन्तर्गतका तीनवटै निर्वाचनबाट पार्टीलाई मुख्य शक्तिका रुपमा स्थापित गर्न सफल भयौं । एउटै चुनावी घोषणापत्रका आधारमा चुनावी गठबन्धन कायम गरेको पक्षसँग पार्टी एकताको नेतृत्व पनि हामीले लियौं । तर दुई भिन्न पृष्ठभूमि र भिन्न राजनीतिक कार्यदिशा बोकेका पार्टीहरूका बीचको एकता लामो समयसम्म टिक्न सकेन । पार्टी एकता प्रक्रियाले पूर्णता नपाउदै त्यो असफल भएपछि नयाँ परिस्थिति उत्पन्न भएको छ । हाम्रो पार्टी नेकपा गठनका समयको एकता र एकीकरणको मूल स्प्रिटलाई आत्मसात गरेर अघि वढिरहेको छ । यतिबेला सर्वोच्च अदालतले शेरबहादुर देउवालाई प्रधानमन्त्री तोकेर परमादेश जारी गरेपछि हाम्रो पार्टी प्रमुख प्रतिपक्षमा पुगेको छ । संविधानत: नयाँ निर्वाचनको लागि लामो समय नरहेको अवस्थामा प्रतिपक्षको हाम्रो भूमिकालाई निर्वाचनको तयारीमा जुट्ने अवसरमा बदल्नु आवश्यक छ ।

विभिन्न कारणले संविधानसभाबाट संविधान जारी भएको लामो समयपछि हामी नयाँ संविधानअन्तर्गत बनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान अन्तर्गत खडा गरिएका राज्यका संरचनाअनुरुप पार्टीको संगठनात्मक ढाँचालाई पुनर्व्यवस्थित गर्ने ठाउँमा आइपुगेका छौं। मुलुकको आर्थिक–सामाजिक अवस्था पूँजीवादको प्रारम्भिक चरणमा रहेको भए पनि यो मूलत: संक्रमणकालीन चरणमा रहेको छ। यस्तो अवस्थामा हाम्रो समाज अब कसरी अघि बढ्छ भन्ने कुरा कसको नेतृत्वमा कस्तो सरकार बन्छ ? र राज्यमा के कस्ता नीति तथा कार्यक्रम लागु गरिन्छ भन्ने कुरा आधारित हुनेछ। यतिबेला हाम्रो पार्टी आर्थिक–सामाजिक विकास र रुपान्तरणको माध्यमबाट समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशाबाट अघि बढिरहेको छ। यस्तो अवस्थामा पार्टी निर्माण र संगठन व्यवस्थापनको कार्ययोजना सोही उद्देश्यतर्फ लक्षित हुनुपर्दछ। यसका लागि पार्टीले निम्नानुसारको संगठनात्मक काममा आफूलाई केन्द्रित गर्नुपर्दछ–

**१. वैचारिक स्पष्टता, बुझाइ र गराइमा एकरुपता :**

आठौ महाधिवेशनयता पार्टीको मार्गदर्शक सिद्धान्त, नीति र कार्यक्रम जस्ता विषयहरू महाधिवेशनमा सहमतिको आधारमा निरुपण हुने गरेका छन्। हामीसँग जनताको बहुदलीय जनवाद जस्तो समृद्ध र विकसित मौलिक कार्यक्रम छ। त्यसलाई लागु गर्ने क्रममा स्थापित जिवन्त सिद्धान्त छ। जबजको मार्गदर्शनमा पार्टीले राजनीतिक कार्यदिशा, कार्यक्रम, संगठनात्मक सिद्धान्त र संगठन व्यवस्थापनको वैज्ञानिक प्रणालीको विकास गरेको छ। तर महाधिवेशन सम्पन्न भएपछि भने पार्टीभित्र ती विषयमा निकै ठूलो अन्तर र विवाद भए जस्तोगरी भ्रम सिर्जना गर्ने गरिएको छ। पार्टी नीतिको बुझाइ र व्याख्यामा पनि समस्या देखिने गरेको छ। जबसम्म पार्टीको आधारभूत नीतिसम्बन्धी बुझाइमा

*यतिबेला हाम्रो पार्टी आर्थिक–सामाजिक विकास र रूपान्तरणको माध्यमबाट समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशाबाट अघि बढिरहेको छ । यस्तो अवस्थामा पार्टी निर्माण र संगठन व्यवस्थापनको कार्ययोजना सोही उद्देश्यतर्फ लक्षित हुनुपर्दछ ।*

एकरुपता कायम गर्न सकिंदैन, त्यसलाई व्यवहारमा प्रभावकारी ढंगले लागु गर्न सकिंदैन । यतिबेला हाम्रो क्रान्तिको कार्यभार समाजवादको आधार तयार गर्ने हो कि समाजवादको निर्माण हो ? भन्ने कुरामा अन्योल सिर्जना गर्न खोजिएको छ । जबकि पार्टीको नवौं महाधिवेशनले आर्थिक–सामाजिक विकासको माध्यमबाट समाजवादको आधार तयार गर्ने कुरालाई पार्टीको राजनीतिक कार्यदिशाका रुपमा निरुपण गरेको अवस्था छ । तर पार्टी एकतापछि त्यस विषयमा भ्रम सिर्जना हुने गरी विवाद सिर्जना गर्ने कोशिस गरियो । जननेता मदन भण्डारीले जनवादी व्यवस्थाको सुदृढीकरणलाई जबजको थप विशेषताका रुपमा उल्लेख गर्दै भन्नु भएको छ– 'हामी सैद्धान्तिक आग्रहबाट प्रेरित भएर भौतिक परिस्थिति बिना नै समाजवादमा पुग्ने हतारोले कुनै पनि अनुचित जोरजवर्जस्ती गर्ने कुराको विपक्षमा छौ । स्वभाविक रुपमा कुनै पनि नयाँ व्यवस्थालाई सुदृढ गर्नको निम्ति अपेक्षित समय चाहिन्छ । त्यसमा पनि जनताको जनवादी सत्ताले मूलभूत रुपमा तीनवटा विशेष अवधि पार गर्नु अनिवार्य हुन्छ । पहिलो–पुरानो व्यवस्थाका शोषण उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो– नयाँ उत्पादन सम्बन्धको आधारमा समाजका सबै

क्षेत्रमा भौतिक रसाँस्कृतिक दुबै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने अवधि, र तेस्रो– समाजवादमा संक्रमणको निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने अवधि' यतिबेला हाम्रो पार्टी यही मान्यताअनुरुप जनवादी व्यवस्थाको सुदृढीकरणका माध्यमबाट समाजवादको आधार तयार गर्ने काममा केन्द्रित छ । यस सन्दर्भमा सन् १९४९ मा क्रान्ति सम्पन्न गरेको चीनले समाजवाद निर्माणको चरणमा प्रवेश गर्नुपूर्व राष्ट्रिय अर्थतन्त्रको विकासमा जोड दियो र सन् २०२१ पछि मात्र आएर उसले समाजवादी कार्यक्रम लागु गर्ने कुरामा जोड दिन थालेको छ । चिनियाँ अनुभवको परिपे्रक्ष्यमा समेत हाम्रा नीतिहरू सही छन् भन्ने देखिन्छ । पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिको बुझाइमा समस्या देखिनुका पछि नेतृत्वसँग असहमति देखाउने सोंचले पनि काम गरेको छ । विचारमा आधारित एकताबद्ध, अनुशासित र गतिशील संगठनको निर्माणबिना पार्टी र आन्दोलन सफलतापूर्वक अघि बढ्न सक्दैन । पार्टी भित्रको अन्तरविरोधमा मा र्क्सवादको सिर्जनात्मक प्रयोगका हाम्रा विशिष्ट अनुभवहरूको बुझाइमा रहेको समस्याले पनि एकहदसम्म काम गरेको छ । साथै, मार्क्सवादी ज्ञान सिद्धान्तका आधारभूत विषयको समेत जानकारी नहुँदा आमसञ्चार माध्यममा प्रकट हुने सतही विचारले पनि पार्टीपंक्तिलाई प्रभावित गर्ने गरेको छ । महाधिवेशनको समयमा विचार निर्माणका सन्दर्भमा खुला खुलस्त बहस छलफल चलाउने र पारित नीतिलाई कार्यान्वयन गर्ने कुरामा पार्टी एक ठाउँमा उभिनु आवश्यक छ । साथै, पार्टी नीतिलाई व्यवहारमा लागु गर्ने सन्दर्भमा बुझाइमा एकरुपता कायम गर्न व्यवस्थित पार्टी स्कुल सञ्चालन गर्नुपर्छ । पार्टी सदस्यता प्रदान गर्ने बेलादेखि नै आधारभूत प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ ।

*महाधिवेशनको समयमा विचार निर्माणका सन्दर्भमा खुला खुलस्त बहस छलफल चलाउने र पारित नीतिलाई कार्यान्वयन गर्ने कुरामा पार्टी एक ठाउँमा उभिनु आवश्यक छ । साथै, पार्टी नीतिलाई व्यवहारमा लागु गर्ने सन्दर्भमा बुझाइमा एकरूपता कायम गर्न व्यवस्थित पार्टी स्कुल सञ्चालन गर्नुपर्छ ।*

**२. राज्य संरचना सापेक्ष पार्टी संगठनको संरचना :**

विगतमा पनि आधारभूत रुपमा राज्यको संरचनाका आधारमा नै संगठन संरचना निर्धारण गर्ने गरिएको थियो । यतिबेला संविधान सभाबाट बनेको नयाँ संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित राज्य संरचना निर्माण गरेको लामो समय भएको छ । १४ अञ्चलको प्रशासनिक ढाँचा छयालीस सालको राजनीतिक परिवर्तन पछि नै हटाइएको थियो । तर व्यवहारमा त्यो ५ वटा क्षेत्रीय प्रशासनिक केन्द्रको ढाँचा अन्तर्गत अस्तित्वमा रह्यो । अहिले विकास क्षेत्र र अञ्चल दुबै अस्तित्वमा छैनन् । त्यसको ठाउँमा ७ वटा प्रादेशिक ढाँचाको निर्माण भएको छ । प्रदेश सरकार र प्रदेशसभा सहितको प्रादेशिक ढाँचा यतिबेलाको राज्य संरचनाको महत्वपूर्ण अंग बन्न पुगेको छ । यस्तो अवस्थामा पार्टीको केन्द्रीय संरचनाभन्दा तल प्रादेशिक तहको संरचना रहने व्यवस्था स्थापित गरिनुपर्दछ । उक्त तहको कमिटी कार्यकारी र अधिवेशनबाट निर्वाचित गरिनु आवश्यक छ । संविधानले जिल्लालाई समन्वयात्मक ढाँचाको रुपमा व्यवस्था गरेको छ । तर पार्टी निर्माणको महत्वपूर्ण इकाईका रुपमा अहिलेसम्म अभ्यासमा रहेका कारणले त्यसलाई केही समयसम्म निरन्तरता दिनु आवश्यक छ । पालिका तह

राज्य संरचनाको महत्वपूर्ण इकाइ रहेको र जनता बीचको सम्बन्धको महत्वपूर्ण माध्यम बन्ने अवस्थामा रहेका कारणले पार्टी संरचनामा पालिकास्तरको कमिटीको विशेष महत्व रहेको छ। उक्त तहको कमिटी पनि कार्यकारी र अधिवेशनबाट निर्वाचित हुनेछ। वडा तहका कमिटीहरू पार्टी संगठन संरचनाको महत्वपूर्ण आधारका रुपमा रहने छन्। पार्टीका आधारभूत तहको कमिटीका रुपमा त्यसलाई स्थापित गरिनु पर्दछ। उक्त तहको कमिटी पनि कार्यकारी र अधिवेशनबाट निर्वाचित हुनेछ। वडा मातहतका टोल कमिटीहरू सम्बन्धित भूगोलका सदस्यहरूको भेलाबाट गठन हुनेछन्। प्रतिनिधिसभा र प्रदेश सभाका निर्वाचन क्षेत्रमा आवश्यकताअनुरुप समन्वय कमिटी गठन गर्न सकिने व्यवस्था गर्नु आवश्यक छ। सम्पर्क समन्वय र विशेष कमिटीहरूलाई पनि नयाँ ढंगले व्यवस्थित गरिनु पर्दछ।

**३. नीति र विधि निर्माणमा केन्द्रित विधान महाधिवेशनको आयोजना:**

लामो अभ्यास र अनुभवबाट हामीहरू नीति, विधि र नेतृत्वका लागि अलग–अलग महाधिवेशनको आयोजना गर्ने ठाउँमा आइपुगेका छौं। यस प्रकारको व्यवस्थाले नीति निर्माणमा सिंगो पार्टीको ध्यान केन्द्रित गर्न सहयोग पुग्नेछ। यद्यपि महाधिवेशनबाट पार्टीको मार्गदर्शक सिद्धान्त, राजनीतिक कार्यदिशाजस्ता आधारभूत प्रश्नहरूका साथै पार्टीको वैधानिक व्यवस्था निरुपण गर्नु उचित हुन्छ। विधान महाधिवेशनबाट नीति र विधि तय गर्ने व्यवस्थाले पार्टीको नेतृत्वमा पुग्ने होडबाजीमा जवरजस्ती नीतिगत असहमति प्रकट गर्ने कुरा पनि कम भएर जानेछ। कम्युनिष्ट पार्टीमा विचारको आधारमा नेतृत्व निर्माण हुन्छ भन्ने नाममा सामूहिक ज्ञान र अनुभवको संश्लेषणबाट नै सही नीति र विधिको निर्माण हुन्छ भन्ने सत्य ओझेलमा पर्ने गरेको छ। हाम्रो नयाँ

*महाधिवेशनबाट पार्टीको मार्गदर्शक सिद्धान्त, राजनीतिक कार्यदिशाजस्ता आधारभूत प्रश्नहरूका साथै पार्टीको वैधानिक व्यवस्था निरूपण गर्नु उचित हुन्छ । विधान महाधिवेशनबाट नीति र विधि तय गर्ने व्यवस्थाले पार्टीको नेतृत्वमा पुग्ने होडबाजीमा जबरजस्ती नीतिगत असहमति प्रकट गर्ने कुरा पनि कम भएर जानेछ ।*

अभ्यासले नीति निर्माणमा पनि सामूहिकताको सुनिश्चितता हुनेछ । नीति निर्माणमा केन्द्रित भएर छलफल, बहस सञ्चालन हुनसक्दा पारित नीतिप्रतिको बुझाइमा एकरुपता कायम गर्न सकिनेछ । विधान अधिवेशनबाट विधान निर्माणको काम सम्पन्न गरिएको अवस्थामा समुहगत प्यानल मिलाउने नाममा अनावश्यक पदाधिकारी र सदस्यको संख्या थप्न खोज्ने समस्या पनि हल हुनेछ । समयमै विधान पारित गरेर नेतृत्व चयनको प्रक्रियामा जाँदा निर्वाचन व्यवस्थापन र नेतृत्व छनोटका सन्दर्भमा पनि प्रतिनिधिहरूलाई पर्याप्त छलफल र परामर्श गर्ने अवसर प्राप्त हुनेछ । यसबाट नीति र नेतृत्व दुबै उपयुक्त बनाउन सहज हुनेछ ।

## ४. सकारात्मक सोंच र रचनात्मक व्यवहारको विकास :

विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएका पछिल्ला विकासले व्यक्ति, परिवार, सामाजिक सम्बन्ध र ढाँचामा समेत परिवर्तन भइरहेको छ । यसले वर्ग संरचना, शोषण र उत्पीडनका स्वरुप तथा राज्य रसामाजिक संगठनको प्रबन्धमा समेत गहिरो प्रभाव पारिरहेको छ । सूचना प्रविधि सञ्जालको विकासले सिंगो विश्व नै एकआपसमा जोडिन पुगेको छ । नयाँ–नयाँ प्रविधिको प्रयोगले पुस्तान्तरणको व्यवहारमा निकै ठूलो अन्तर ल्याइदिएको छ । मानव ज्ञान सिद्धान्तको

आयामलाई त्यसले निकै फराकिलो बनाइदिएको छ । यस्तो अवस्थामा सिंगो समाजलाई परिवर्तनको दिशामा डोऱ्याउने पार्टीका नेता र कार्यकर्तामा सिर्जनात्मक सोचंको विकास आवश्यक छ । परिवर्तनको प्रक्रिया यति तीब्र बनेको छ कि एक समयमा बनाएको नीति, कार्यक्रम र योजना लामो समयसम्म टिकाउ हुने अवस्था छैन । मानवीय सोंच र मनोविज्ञानमा भएको परिवर्तनको तीब्रताले हाम्रो भूमिकालाई समेत तदनुरुप व्यवस्थित गर्नुपर्ने हुन्छ । अब हामीले कार्यकर्तालाई खुला ढंगले सोंच्न र रचनात्मक ढंगले काम गर्न पे्ररित गर्नुपर्छ । प्रविधिको प्रयोगबाट नयाँ पुस्तालाई आन्दोलनमा जोड्न विशेष ध्यान दिनुपर्छ ।

**५. विधिसम्मत पार्टी सञ्चालन :**

हाम्रो पार्टी मुलुककै सबैभन्दा ठूलो, जनआधारित र सुसंगठित पार्टी हो । यसको आफ्नो व्यवस्थित संगठनात्मक विधि र प्रणाली रहेको छ । यस पार्टीमा लामो राजनीतिक जीवन व्यतीत गरेका, जेलनेल तथा दु:खकष्ट व्यहोरेका नेता–कार्यकर्ताको विशाल पंक्ति रहेको छ । राज्यका विभिन्न निकायमा राजनीतिक नेतृत्व गरेको अनुभवी कार्यकर्ताको ठूलो पंक्ति पनि छ । पार्टीमा संगठित भएर काम गर्न चाहने युवाहरूको विशाल पंक्ति पनि छ । यस्तो पंक्तिलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सुस्पष्ट र व्यवहारिक वैधानिक प्रणालीको आवश्यकता पर्दछ । विधिसम्मत रुपमा पार्टी सञ्चालन गर्ने कुरामा हाम्रो पार्टी अग्रणी रहेको भए पनि बेलाबखत यसमा समस्या देखिने गरेका छन् । पार्टी एकतापश्चात गठन भएको नेकपाको समयमा त्यो परम्परा गम्भीर रुपमा अवरुद्ध रह्यो । अब पार्टीले त्यसलाई योजनाबद्ध रुपमा पुनर्स्थापित गर्नुपर्छ । विधिसम्मत रुपमा पार्टी सञ्चालन गर्नसक्दा नै पार्टीमा उत्पन्न हुने समस्यालाई ठीक ढंगले समयमै सम्बोधन र समाधान गर्न सकिन्छ ।

*विधिसम्मत रुपमा पार्टी सञ्चालन गर्ने कुरामा हाम्रो पार्टी अग्रणी रहेको भए पनि बेलाबखत यसमा समस्या देखिने गरेका छन् । पार्टी एकतापश्चात गठन भएको नेकपाको समयमा त्यो परम्परा गम्भीर रुपमा अवरुद्ध रह्यो । अब पार्टीले त्यसलाई योजनाबद्ध रुपमा पुनर्स्थापित गर्नुपर्छ ।*

पार्टीलाई घोषित लक्ष र उद्देश्यतर्फ केन्द्रित गरेर परिचालित गर्न सकिन्छ । विशाल कार्यकर्तापंक्ति र शृङ्खलाबद्ध कमिटी प्रणालीलाई व्यवस्थित रुपमा संचालन गर्न भन्दा उपयुक्त कुनै अर्को बाटो हुन सक्दैन ।

**६. पार्टी सदस्यता विस्तार र गुणस्तरमा बृद्धि :**

हाम्रो पार्टीका विरुद्धमा सत्ता गठबन्धन सक्रिय रहेको भए पनि युवा र आधारभूत समुदायका बीचमा पार्टीप्रतिको आकर्षण बढ्दो छ । अध्यादेशका माध्यमबाट पार्टीलाई कमजोर बनाउने षडयन्त्र अघि बढाइएको भए पनि त्यसले पार्टीलाई ठूलो क्षति पुऱ्याउने अवस्था छैन । पार्टीबाट अलग हुने पंक्ति नेतृत्व तहमा केही देखिए पनि आधारभूत तहका कार्यकर्तामा त्यसको खासै प्रभाव देखिंदैन । पार्टी सदस्यता नवीकरणमा भएको उपलब्धिले पनि त्यसलाई पुष्टि गरेको छ । अब पार्टीको ध्यान युवा तथा आधारभूत वर्ग र महिला समुदायको बीचमा पार्टी सदस्यस्ता विस्तारमा जोड दिनुपर्दछ । पार्टी सदस्यता विस्तार गर्दा मापदण्डको पालनामा विशेष ध्यान दिनुपर्छ । सदस्यता प्रदान गर्नुपूर्व आधारभूत तहको प्रशिक्षण अनिवार्य गरिनु पर्दछ । पार्टी सदस्यलाई पार्टीको नियमित गतिविधिमा सहभागी बनाउनुका साथै कुनै

न कुनै तहको कमिटीमा संगठित गर्नुपर्छ । यसो गरिरहँदा पार्टीसम्बद्ध जनसंगठनमा काम गरिरहेका कार्यकर्तालाई विशेष प्राथमिकता दिनुपर्छ । पार्टी सदस्यहरूको अभिलेख सबै तहका कमिटीमा राख्ने व्यवस्था गरिनुपर्छ । सबै पार्टी सदस्यको एकीकृत नम्बर प्रणालीलाई वास्तविक अभिलेखका आधारमा व्यवस्थित गरिनुपर्छ ।

**७. दक्षिणपंथी अवसरवाद र संगठनात्मक अराजकताका विरुद्ध वैचारिक संघर्ष :**

पार्टीका घोषित नीति र कार्यक्रमको सफलता अनुशासित र पार्टीप्रति प्रतिबद्ध एवम् समाज परिवर्तनको भावनाले ओतप्रोत भएका कार्यकर्ताको विशालपंक्तिको क्रियाशिलताबाट मात्र सम्भव हुन्छ । पार्टी सरकारको नेतृत्व गर्ने ठाउँमा पुग्दा अवसरवाद हावी हुने र त्यसबाट अनुशासनहीनता र अराजकता बढेर जाने गरेको छ । नेकपा गठनपश्चात् आमरुपमा पार्टीको सांगठनिक जीवन अवरुद्ध भयो । नेकपा (एमाले) पुनर्स्थापित भएपछि पार्टी कामको व्यवस्थापनमा अलमल हुँदा संगठनात्मक जीवनमा प्रतिकूल प्रभाव पर्‍यो । आन्दोलनभित्र हुर्किएको पद र स्वार्थकेन्द्रित अवसरवादको कारणले कतिपय व्यक्तिहरू पार्टी नै छोडेर सत्ता गठबन्धनको मतियार बन्न पुगेबाट यस समस्याको गहिराइलाई बुझ्न सकिन्छ । भविष्यमा यस प्रकारको समस्या उत्पन्न नहोस् भन्नका लागि अवसरवादका विरुद्ध तिखो वैचारिक संघर्ष सञ्चालन गर्नुपर्दछ । जसरी भए पनि चुनाव जित्ने नाममा गलत प्रवृत्तिले प्रोत्साहन नपाओस् भन्ने कुरामा ध्यान दिनुपर्छ । दक्षिणपंथी अवसरवाद र संगठनात्मक अराजकताका विरुद्धको वैचारिक संघर्षको विषयलाई पार्टी प्रशिक्षणको नियमित विषय बनाउनुपर्छ ।

*विगत लामो समयसम्म हामीले सिंगो नेपाली समाजलाई राज्यसत्ता विरुद्धको विद्रोहीका रुपमा उभ्याउन उर्जा खर्च गर्‍यौं । त्यसको परिणामस्वरुप नेपालको प्रमुख पार्टीको नेतृत्वमा तीन–तीनवटा ठूला राजनीतिक परिवर्तन पनि सम्भव भए ।*

**८. आर्थिक–सामाजिक विकासमा अगुवाई गर्ने पार्टीपंक्तिको निर्माण :**

यतिबेला पार्टीको मुख्य काम आर्थिक–सामाजिक विकास र रुपान्तरणको माध्यमबाट समाजवादको आधार तयार गर्नु रहेको छ । सामन्ती राजतन्त्रबाट मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको अवस्थामा बदलिदै गरेको उत्पादन सम्बन्धका आधारमा उत्पादक शक्तिको विकास गर्ने र त्यसको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने कुरामा जोड दिनु आवश्यक छ । त्यसका लागि आर्थिक–सामाजिक विकास र रुपान्तरणमा नेतृत्व गर्नसक्ने कार्यकर्ताको विशाल पंक्ति तयार गर्नुपर्छ । विगत लामो समयसम्म हामीले सिंगो नेपाली समाजलाई राज्यसत्ता विरुद्धको विद्रोहीका रुपमा उभ्याउन उर्जा खर्च गर्‍यौं । त्यसको परिणामस्वरुप नेपालको प्रमुख पार्टीको नेतृत्वमा तीन–तीनवटा ठूला राजनीतिक परिवर्तन पनि सम्भव भए । मुलकमा जनचाहना अनुरुप नयाँ संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि पनि समाजको मनोविज्ञान तदनुरुप बदल्न सकिएको छैन । राज्यको परम्परागत संरचनालाई नयाँ संवैधानिक व्यवस्थाअनुरुप बदल्न सकिएको छैन । जसको परिणाम स्वरुप परमादेशको बाटोबाट पार्टी नेतृत्वको सरकार विस्थापन भएको छ । अब हाम्रो ध्यान छिटोभन्दा

छिटो संवैधानिक व्यवस्था अनुरुप राज्यको संरचना र चरित्रमा बदलाव ल्याउने कुरामा केन्द्रित गर्नु जरुरी भएको छ । नेपाली जनतामा नेपाल राज्य मेरो हो भन्ने भावना विकास गर्नेगरी राज्यसत्तामा तदनुकुल रुपान्तरण गर्नु आवश्यक छ । परम्परागत निर्वाहमुखी उत्पादन ढाँचा र श्रम निर्यात गर्ने मुलुकका रुपमा रहेको नेपालको परिचयलाई वदलेर नेपालको विकास र समृद्धिको यात्रामा संलग्न गर्नु आवश्यक छ । यी सबै कामको लागि कार्यकर्तालाई नयाँ कार्यभार अनुरुप प्रशिक्षित गरिनु पर्दछ र तदनुरुप श्रमलाई सम्मान गर्ने राष्ट्रिय मनोविज्ञान निर्माण गर्नु पर्दछ ।

**९. पार्टीसम्बद्ध जनसंगठहरू बीच घनिष्ट सम्बन्ध र समन्वय :**

पार्टीसम्वद्ध २२ वटा जनसंगठनहरूमा लाखौंको संख्यामा पार्टी कार्यकर्ता र पार्टी समर्थक जनसमुदाय संगठित र परिचालित हुँदै आएका छन् । यसमा कतिपय वर्गीय चरित्रका संगठन छन् भने अन्य सामुदायिक चरित्रका रहेका छन् । ती सबै संगठनहरूलाई पार्टी नीति र उद्देश्यअनुरुप सञ्चालन गर्नसक्दा पार्टी निर्माण र आन्दोलनको विकासमा ठूलो योगदान पुग्न सक्छ । पार्टीले यस्ता संगठनहरूलाई कहिले अलग–अलग रुपमा र कहिले मोर्चा संगठनको रुपमा परिचालित गर्दै आइरहेको छ । मोर्चा संगठनको रुपमा लामो समय परिचालित गर्दा जनसंगठनको रचनात्मकता र स्वतन्त्र पहलकदमीमा समस्या आउनसक्ने र अलग–अलग छोड्दा अभियान र आन्दोलनमा समन्वयको समस्या आउनसक्छ । त्यसका लागि आवश्यकताअनुरुप परिचालन गर्ने गरी समन्वयको ढाँचा बनाउनु पर्ने हुन्छ । जुन संगठन जुन समुदायका बीचमा निर्माण गरिएको हो, सोही समुदायको हितमा आधारित भएर पार्टी नीति र उद्देश्य अनुरुप परिचालन गरिनुपर्छ । पार्टीको पक्षमा प्रभाव विस्तार

*पार्टी सरकारमा नरहेको बेलामा सरकारका जनविरोधी, राष्ट्रविरोधी कामका विरुद्ध परिचालन गर्नुपर्छ । पार्टी सरकारमा रहेको वेलामा पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामको पक्षमा जनमत निर्माण गर्ने काममा परिचालित गर्नुपर्छ ।*

गर्न तथा पार्टी विरुद्धका कुप्रचार र भ्रमहरू चिर्नका लागि ती संगठनमा आबद्ध कार्यकर्तालाई परिचालन गर्नुपर्छ। पार्टी सरकारमा नरहेको बेलामा सरकारका जनविरोधी, राष्ट्रविरोधी कामका विरुद्ध परिचालन गर्नुपर्छ । पार्टी सरकारमा रहेको वेलामा पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामको पक्षमा जनमत निर्माण गर्ने काममा परिचालित गर्नुपर्छ । तिनीहरूलाई पार्टीमा सक्षम र गतिशील कार्यकर्ता पंक्तिको विकास गर्ने माध्यमका रुपमा परिचालन गरिनु पर्दछ ।

## १०. पार्टी जीवनको लोकतान्त्रिकरणको सिर्जनात्मक प्रयोग :

पार्टी जीवनको लोकतान्त्रिकरणको एक दशकभन्दा लामो अभ्यास र अनुभव समेतका आधारमा त्यसको विकास र परिमार्जन गर्नु उपयुक्त हुन्छ। लोकतान्त्रिकरणको अभ्यासमा भएका अस्वस्थ प्रतिस्पर्धाका कारणले गुटबन्दीको समस्या बढ्दै गएको देखिन्छ। लोकतान्त्रिक संस्कृतिको अभावमा आन्तरिक प्रतिस्पर्धा समेत अस्वस्थकर बन्न पुगेको छ। प्रतिस्पर्धा अस्वस्थकर बन्नेक्रममा कतिपय ठाउँमा त्यो शत्रुतापूर्ण बन्न पुगेको देखिन्छ । लोकतान्त्रिकरणको प्रक्रियामा समस्या देखिए भनेर हामी त्यसबाट पछि हट्न सक्दैनौं । लोकतन्त्र हाम्रो पार्टी जीवनको महत्वपूर्ण अंग हो । आगामी दिनमा अधिवेशनलाई स्वस्थ,

मर्यादित र परिणाममुखी बनाउन विशेष ध्यान दिनुपर्छ। अधिवेशनको समयमा हुने समुहवन्दीलाई पूर्ण रुपमा नियन्त्रण गर्नु आवश्यक छ। प्रविधिको प्रयोगबाट अधिवेशनमा लाग्ने समयलाई कम गर्न ध्यान दिनु पर्दछ। लोकतान्त्रिकरणको आधारभूत मान्यतामा दृढ हुनुपर्दछ। पार्टीमा नेतृत्व विकासको सहज प्रणाली स्थापित गरिनुपर्छ। एउटै कार्यकारी पदमा दुई अवधिभन्दा बढी नरहने र उमेरको हद कायम गर्ने कुरा जिवन्त पार्टी निर्माणको महत्वपूर्ण पक्ष हो। पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिलाई सफलतापूर्वक कार्यान्वयनमा लैजानका लागि लोकतान्त्रिक संस्कृति निर्माणको विषयलाई महत्वका साथ अघि बढाउनु पर्दछ।

**११. पारदर्शिता, असल आचरण र जनशैलीको विकास :**

पार्टी निर्माणमा असल आचरण, इमान्दारिता र आन्दोलनप्रतिको निष्ठा तथा जनशैलीको महत्वपूर्ण योगदान रहन्छ। नागरिकले आफूमा जस्तोसुकै कमजोरी रहेको भए पनि आफ्नो नेतृत्व सबै प्रकारका कमजोरीबाट मुक्त रहेको देख्न चाहन्छ। राजनीतिप्रतिको आस्था र विश्वास कायम राख्न र समाजलाई समेत सुधार गर्नका लागि त्यो आवश्यक पनि हुन्छ। नेकपा (एमाले) जनताको बीचमा लोकप्रिय रहनुको कारण यसका नेता र कार्यकर्तामा रहेको असल आचरण, राजनीतिक इमान्दारिता, निष्ठा र जनशैलीको पालना गर्ने संस्कार रहनु पनि हो। पछिल्ला दिनमा आएर चुनाव जित्नका लागि गरिने कतिपय अनुचित कामका कारण त्यसमा ह्रास आउन थालेको छ। हाम्रो उद्देश्यचुनाव जित्नु मात्र होइन,चुनावका माध्यमबाट राज्यको नेतृत्व गर्ने ठाउँमा पुगेर त्यसको बहुआयामिक रुपान्तरण गर्नु हो। हामी सत्ता पक्षमा रहदा होस या प्रतिपक्षमा रहदा होस्– अब हाम्र्रो भूमिका देश र जनताका पक्षमा रचनात्मक हुनु आवश्यक छ। अब हाम्रो जीवनशैली र

*नेकपा (एमाले) जनताको बीचमा लोकप्रिय रहनुको कारण यसका नेता र कार्यकर्तामा रहेको असल आचरण, राजनीतिक इमान्दारिता, निष्ठा र जनशैलीको पालना गर्ने संस्कार रहनु पनि हो । पछिल्ला दिनमा आएर चुनाव जित्नका लागि गरिने कतिपय अनुचित कामका कारण त्यसमा ह्रास आउन थालेको छ ।*

आचरण राजनीतिक कार्यदिशालाई सफल बनाउने खालको हुनुपर्दछ । अब त्यसका लागि हाम्रा नेता तथा कार्यकर्ता सिर्जनशील, विवेकयुक्त, बौद्धिक, श्रमशील र उत्पादनशील बन्न सक्नु पर्दछ । 'समृद्ध नेपाल, सुखी नेपाली' निर्माणको अभियानमा जनतालाई जागरुक र सकारात्मक बनाई प्रत्यक्ष रुपमा सहभागी बनाउनु पार्टीको मुख्य जिम्मेवारी हो । यसका लागि पार्टी पंक्तिमा तदनुरुपको जीवनशैली र आचरणको विकास अपरिहार्य छ ।

**१२. नेतृत्व विकास र हस्तान्तरणको विधिसम्मत प्रणाली :**

पार्टीको आठौं महाधिवेशनबाट हामी अध्यक्ष सहितको बहुपदीय संरचनामा प्रवेश गर्‍यौं । पार्टीमा वैचारिक एकता कायम गर्न नसक्दा बहुपद बहुकेन्द्रका रुपमा विकास हुने अवस्था सिर्जना भयो । मुख्य नेतृत्वको अगुवाइमा सामुहिक नेतृत्वको भावनाअनुरुप पार्टी सञ्चालन हुनु आवश्यक हुन्छ । विगतका हाम्रा अभ्यास र अनुभव त्यसअनुरुप हुन सकेनन् । उन्नतस्तरको लोकतान्त्रिकरणको अपेक्षा राखेर जसरी बहुपदीय प्रणालीको विकास गरियो, पार्टी तदनुरुपको दिशातिर नगई बहुपद स्वार्थ र महत्वाकांक्षा सहितको बहुकेन्द्र बन्ने अवस्था सिर्जना भयो । मैत्रीपूर्ण, सौहार्द्र, कुशल र सक्षम नेतृत्व विकासको ठाउँ विवाद र

अन्तरद्वन्द्वले लिने स्थिति देखियो । नेकपा (एमाले) पुनर्स्थापित भएको अवस्थामा पार्टीको लोकतान्त्रिकरण गर्दा अभ्यासले स्थापित गरेको नेतृत्व विकास र हस्तान्तरणका विधि र पद्धतिलाई प्रभावकारी ढंगले लागु गर्नुपर्दछ । विगतमा जस्तो दुई कार्यकालभन्दा बढी एकल नेतृत्वमा रही काम गरिसकेको व्यक्तिलाई पुन: अध्यक्ष वा मुख्य कार्यकारी पदमा उठ्ने अनुमति दिनु हुँदैन । पार्टीमा तीन कार्यकालभन्दा लामो समयसम्म एकल र शक्तिसम्पन्न कार्यकारी अधिकारसहितको महासचिवको भूमिकामा कार्यरत रहेका माधवकुमार नेपाललाई अध्यक्षको उम्मेद्वार बन्न दिंदा उत्पन्न गतिरोध र समस्याबाट हामी सबैले गहन पाठ सिक्नु आवश्यक छ । हामीले गतिशील र जिवन्त पार्टी निर्माणको सन्दर्भमा पार्टी प्रवेश हुने र सम्मानजनक रुपमा विदा हुने प्रणालीलाई स्थापित गर्नुपर्छ । पार्टी नेतृत्व निर्माणमा तीन पुस्ताको योजनाबद्ध र वैधानिक प्रबन्ध गरिनु आवश्यक छ । अनुभवी र पाको उमेरको नेतृत्वपंक्तिले पार्टीभित्र मैत्रीपूर्ण अभिभावकीय भूमिका निर्वाह गर्ने परिपाटी बसाउँदै पार्टीको लोकतान्त्रिकरणको प्रक्रियालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु आवश्यक छ । सत्तरी वर्षको उमेरहदलाई सत्तरी वर्ष पूरा नहुँदासम्म उमेद्वार हुन पाउने र कार्यकाल पुरा नहुदासम्म जिम्मेवारीमा रहन पाउने स्पष्ट व्यवस्था गरी त्यसलाई यथावत राख्नु उपयुक्त हुन्छ ।

**१३. जनसम्बन्धको विकास र विस्तार :**

पार्टीको शक्तिको मूलस्रोत नेपाली जनता हुन् । जनतासँगको घनिष्ट सम्बन्धको विकासबाट नै पार्टीले प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्न सक्दछ । प्रतिस्पर्धामा श्रेष्ठता हासिल नगरीकन सरकारको नेतृत्व गर्ने अवसर प्राप्त हुँदैन । पार्टीको घोषित उद्देश्यअनुरुप अघि बढ्नका लागि समान उद्देश्य बोकेकाहरूको बहुमत आवश्यक पर्दछ । गएको चुनावमा

*जनताको बहुदलीय जनवादले पार्टी निर्माणको सन्दर्भमा अवलम्बन गरेको नीतिले नै नेकपा (एमाले) जनताको बीचमा स्थापित र लोकप्रिय बनेको हो । यसलाई अबका दिनमा पार्टीका नेता कार्यकर्ताहरूले गहिरो गरी मनन् गर्दै जनताको सुख दुःखमा नजिकको सहयोगी र साथी बन्न सक्नुपर्छ ।*

हामीले चुनावी गठबन्धनको माध्यमबाट झण्डै दुई तिहाईको बहुमत हासिल गरेका थियौं । स्थायित्व र समृद्धिको मुद्दालाई ध्यानमा राखेर चुनावी गठबन्धनलाई पार्टी एकतामा रुपान्तरण पनि गरियो । तर त्यो दिगो हुन सकेन । त्यसबाट गहिरो शिक्षा लिंदै आगामी निर्वाचनमा पार्टीको एकल नेतृत्वमा बहुमत हासिल गर्नेगरी जनपरिचालन गर्नु आवश्यक छ । त्यसका लागि पार्टीका नेता र कार्यकर्ताले जनतासँगको सम्बन्ध घनिष्ट बनाउन विशेष ध्यान दिनु पर्दछ । जनताको बहुदलीय जनवादले पार्टी निर्माणको सन्दर्भमा अवलम्बन गरेको नीतिले नै नेकपा (एमाले) जनताको बीचमा स्थापित र लोकप्रिय बनेको हो । यसलाई अबका दिनमा पार्टीका नेता कार्यकर्ताहरूले गहिरो गरी मनन् गर्दै जनताको सुख दुःखमा नजिकको सहयोगी र साथी बन्न सक्नुपर्छ । जनतासँगको पार्टीको घनिष्ट सम्बन्ध विकासको लागि जनसरोकारका विषयहरू पार्टी कामको मुख्य विषय बनाइनु पर्दछ । आर्थिक–सामाजिक विकासको प्रश्न होस् या सामाजिक सांस्कृतिक रुपान्तरणको विषय दुबैका लागि जनताको बलियो साथ र समर्थनको आवश्यकता पर्दछ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि यो अझै जरुरी हुन्छ । 'जहाँ नेपाली त्यहाँ नेकपा (एमाले)' पुग्न

सफल छ । तर अब यसलाई सबै क्षेत्रका बहुसंख्यक जनताको समर्थन प्राप्त पार्टीका रुपमा यसको विकास गर्नेगरी अघि बढाउनु पर्दछ ।

**१४. सामाजिक र सामुदायिक संगठनमा पार्टी नेतृत्व स्थापित गर्ने :**

पार्टी सदस्यता विस्तारसँगै हामीले कामका नयाँ–नयाँ क्षेत्रको खोजी गर्ने र त्यसलाई पार्टी कामको अंगका रुपमा स्थापित गर्दै आएका छौ । हालसम्म आधारभूत जनवर्गीय संगठन बाहेकका अनेक क्षेत्रमा जनसमुदायहरू आ–आफ्नो सामाजिक र साँस्कृतिक सरोकारका विषयहरूमा आबद्ध हुँदै संगठित हुने गरेका छन् । ती सबै क्षेत्रहरूका साथै उत्पादनशील क्षेत्रहरूमा पार्टीको कामलाई विस्तार गर्न सक्नुपर्दछ । पेशागत, प्राविधिक, श्रम, खेलकुद, कानून, सुरक्षा, कला, उद्योग–व्यवसाय, सहकारी, सञ्चार, साहित्य, संस्कृति लगायतका अन्य विविध क्षेत्रहरू राज्य र समाजका महत्वपूर्ण क्षेत्रहरू हुन् । ती क्षेत्रहरूमा समेत राज्यको कानुन अनुरुप पार्टीको कामलाई रचनात्मक ढंगले अघि बढाउनु आवश्यक छ । आवधिक निर्वाचन पाँच–पाँच वर्षको अन्तरालमा हुने हुँदा बीचको अवधिमा यस्ता साझा संगठनहरूमा हुने निर्वाचनले पनि लोकतान्त्रिक प्रक्रियालाई सहयोग पुऱ्याइरहेको हुन्छ । त्यहाँको नेतृत्वमा कार्यकुशल नेतृत्व क्षमतासहितको सिर्जनशील व्यक्तित्व, जो राष्ट्र र पार्टीप्रति इमान्दार, समर्पित र प्रतिबद्ध छन्, त्यस्ता व्यक्तिहरूलाई पठाउन सक्दा त्यस क्षेत्रको कामलाई छिटो छरितो, परिणाममूखी र प्रभावकारी बनाउन सकिन्छ । सहकारिताको क्षेत्र, गैरसरकारी संघ–संस्थाको क्षेत्रमा पहिलेदेखि नै पार्टीले काम गर्दै आएको छ । सामाजिक र सामुदायिक कामका अन्य क्षेत्रमा समेत तदनुरुपका साझा संगठन वा सरोकारवाला संगठनहरू निर्माण गरेर त्यहाँ पार्टी नेतृत्वलाई स्थापित गर्नु अत्यावश्यक हुन्छ । सबै पार्टी सदस्यलाई

*पछिल्लो समयमा नेपाल श्रम निर्यात गर्ने मुलुकका रुपमा चिनिएको छ । लाखौंको संख्यामा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले नेपालको राष्ट्रिय आयका साथै गन्तव्य देशहरूको विकासमा र द्वीपक्षीय कूटनीतिक सम्बन्ध विस्तारका साथै सांस्कृतिक आदान–प्रदानमार्फत नेपालको पहिचान विस्तार गर्ने लगायत विविध क्षेत्रमा महत्वपूर्ण योगदान गरेका छन् ।*

कुनै न कुनै परिभाषित काममा जोड्ने नीतिलाई सम्बन्धित कमिटीहरूले आ–आफ्नो जिम्मेवारीका रुपमा लिने हो भने त्यो काम प्रभावकारी र सकारात्मक प्रतिफल दिनसक्ने ढंगले सम्पादन गर्न सकिन्छ ।

**१५. समग्र प्रवासको कामको व्यवस्थापन :**

प्रवासमा पार्टी कामका हाम्रा आफ्नै विशिष्ट अनुभवहरू रहेका छन् । शिक्षा, रोजगार र अन्य पेशा तथा व्यवसायमा नेपालीहरू विश्वका विभिन्न मुलुकमा पुगेका छन् । पछिल्लो समयमा नेपाल श्रम निर्यात गर्ने मुलुकका रुपमा चिनिएको छ । लाखौंको संख्यामा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले नेपालको राष्ट्रिय आयका साथै गन्तव्य देशहरूको विकासमा र द्वीपक्षीय कूटनीतिक सम्बन्ध विस्तारका साथै सांस्कृतिक आदान–प्रदानमार्फत नेपालको पहिचान विस्तार गर्ने लगायत विविध क्षेत्रमा महत्वपूर्ण योगदान गरेका छन् । पार्टीले यस क्षेत्रमा कार्यरत प्रवासी नेपालीहरूको उचित सम्मान गर्ने नीति अवलम्वन गर्नुपर्छ । प्रवासी नेपालीहरू जुन देशमा कार्यरत छन्, त्यसै देशको कानूनबमोजिम क्रियाशील रहने र स्वदेश फर्किसकेपछि त्यहाँ सिकेका सीप र अनुभवहरूलाई आफ्नो देशको विकासमा प्रयोग गर्नसक्ने अनुकूल वातावरण प्रदान गर्नुपर्छ । प्रवासमा रहेका नेपालीहरूको पेशागत हित

र सुरक्षाका प्रश्नमा हाम्रो सरोकार रहदै आएको छ र आगामी दिनमा पनि रहनु पर्दछ । नेपाल बाहिरका प्रवासी नेपाली बीचको कामलाई सामाजिक वा सामुदायिक संगठनको माध्यमबाट अघि बढाइनु उपयुक्त हुन्छ ।

**१६ संसदीय क्षेत्र, सरकार र पार्टी कामको संयोजन :**

यतिबेला संसदीय क्षेत्रको काम पार्टी कामको महत्वपूर्ण क्षेत्र बन्न पुगेको छ । संसदीय क्षेत्रको काम प्रभावकारी बनाउन सक्ने हो भने पार्टी निर्माणमा त्यसको प्रत्यक्ष र सकारात्मक प्रभाव पर्दछ । त्यस क्षेत्रको काममा समस्या देखिंदा सिंगो पार्टीको काम प्रभावित हुने गरेको छ । नयाँ संविधान जारी भएपछि स्थानीय तहको अधिकार बृद्धि भएसँगै जनतासँगको घनिष्ट सम्बन्धको विकासका लागि ती क्षेत्रको काममा समेत विशेष ध्यान दिनुपर्ने भएको छ । पार्टी र जनप्रतिनिधिको बीचमा राम्रो तालमेल र संयोजन नहुँदा त्यसले पार्टीको काममा समेत समस्या उत्पन्न हुने गरेको छ । संसदीय काममा संलग्न कार्यकर्ता र पार्टी कामको नेतृत्व गरिरहेको कार्यकर्ताको बीचमा एक प्रकारको मनोवैज्ञानिक अन्तरविरोध देखिने गरेको छ । त्यसलाई समयमै समाधान गर्न सक्दा नै पार्टी कामलाई व्यवस्थित गर्न सकिन्छ । पार्टी नेतृत्वको सरकार र जनप्रतिनिधिहरूमार्फत गरिएका कामहरूलाई जनताको बीचमा पुऱ्याउन सक्दा नै पार्टीको लोकप्रियतामा बृद्धि हुन्छ । तर नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का रुपमा पार्टी क्रियाशिल रहँदाको समयमा त्यसो हुन सकेन । सरकारका तर्फबाट भएका राम्रा कामहरूलाई योजनाबद्ध रुपमा प्रचार–प्रसार गर्ने काम पार्टीको तर्फबाट हुन सकेन । त्यसरी नै सरकारले सम्पादन गर्ने काम विशेषगरी योजना र कार्यक्रम तयार गर्ने

*पार्टी नेतृत्वको सरकार र जनप्रतिनिधिहरूमार्फत गरिएका कामहरूलाई जनताको बीचमा पुऱ्याउन सक्दा नै पार्टीको लोकप्रियतामा बृद्धि हुन्छ । तर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रूपमा पार्टी क्रियाशिल रहँदाको समयमा त्यसो हुन सकेन । सरकारका तर्फबाट भएका राम्रा कामहरूलाई योजनाबद्ध रूपमा प्रचार–प्रसार गर्ने काम पार्टीको तर्फबाट हुन सकेन ।*

कुरामा पार्टीको तर्फबाट संस्थागत सुझाव लिने परिपाटी स्थापित हुनसकेन । आगामी दिनमा यस्ता कुरामा ध्यान दिनु पर्दछ । संसदीय क्षेत्र, सरकार र पार्टी कामको संयोजन गर्ने कुरामा सम्बन्धित तहमा गठन भएका विभाग र पार्टी कमिटीहरूले नै विशेष ध्यान दिनुपर्दछ । संसदीय क्षेत्रको कामबाट भएको जनसम्पर्क रजनसम्बन्धलाई पार्टी कामसँग जोड्ने कुरामा पनि सम्बन्धित तहको नेतृत्वले ध्यान दिनुपर्छ । पार्टीको नीतिगत नेतृत्व र निर्देशनमा सबै तहका सरकार संचालनको व्यवस्थित र वैज्ञानिक प्रणाली स्थापित गर्नु पर्दछ ।

## १७. विभिन्न तहको निर्वाचनको तयारी :

आगामी वर्ष तीनै तहको निर्वाचन वर्षका रुपमा रहनेछ । महाधिवेशन र अधिवेशनका माध्यमबाट पार्टी संगठनलाई व्यवस्थित गरी सिंगो पार्टी निर्वाचनको तयारीमा जुट्नुपर्ने भएको छ । पार्टी एकता, नेकपाभित्र उत्पन्न जटिल समस्या र नेकपा (एमाले) पुनर्स्थापित भएपछि पार्टी जीवनमा देखिएको समस्याका कारणले तीनै तहका सरकारको काम र पार्टी काम समेत नराम्ररी प्रभावित भएको छ । यतिबेला हाम्रो पार्टी विभाजनको षड्यन्त्रका बाबजुद संघीय संसदमा सबैभन्दा ठूलो दलको

हैसियतमा प्रमुख प्रतिपक्षमा छ । प्रदेशमा पनि अधिकांश ठाउँमा प्रमुख पार्टीको रुपमा छ । स्थानीय तहमा हामी सुदृढ अवस्थामा छौं । सत्ता गठबन्धन प्रमुख प्रतिपक्षका विरुद्धको गठबन्धन जस्तो बन्न पुगेको छ । यतिबेला मुलक नेकपा (एमाले) र नेकपा (एमाले) विरोधी गरी दुई कित्तामा विभाजित छ । यस्तो अवस्थामा हाम्रा सामू चुनौती र अवसर दुबै छन् । हामीले हाम्रो शक्तिलाई एकताबद्ध रुपमा परिचालित गर्न र हाम्रो नेतृत्वको सरकारले गरेका राम्रा कामहरू जनताको बीचमा लगेर स्थापित गर्ने हो भने आउने चुनाव हाम्रा लागि अनुकूलतामा परिणत हुने प्रवल सम्भावना छ । समयमै चुनाव गर्दा चैत–वैशाखमा स्थानीय चुनाव गर्नुपर्ने कानुनी व्यवस्था छ । समयका हिसाबले त्यसको ६ महिनाभित्रै प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव गर्नुपर्ने हुन्छ । पार्टीको राजनीतिक कार्यदिशालाई सफल बनाउनका लागि आगामी निर्वाचनमा सरकारको नेतृत्व गर्नेगरी हाम्रो पार्टीले बहुमत हासिल गर्नु आवश्यक छ । त्यसका लागि अहिलेदेखि नै तयारीमा जुटनुपर्छ । पार्टीको तर्फबाट सम्भावित उम्मेद्वारहरूलाई सुरुदेखि नै जनताको बीचमा स्थापित गर्न सक्दा निर्वाचनमा सफलता हासिल गर्न सकिन्छ । त्यसका लागि सम्बन्धित तहको नेतृत्वले विशेष ध्यान दिनुपर्दछ । उम्मेद्वार बन्ने नाममा अस्वस्थ प्रतिस्पर्धा नहोस् भन्नका लागि संस्थागत सिफारिसको प्रक्रियामा जोड दिनुपर्दछ । पार्टी अनुशासनको पालना गर्नसक्ने, वैचारिक र राजनीतिक रुपमा स्पष्ट, आफू निर्वाचित भएको जिम्मेवारी कुशलतापूर्वक पुरा गर्नसक्ने क्षमता भएका व्यक्तिहरूलाई उम्मेद्वारका रुपमा अघि सार्नुपर्दछ । पार्टीको उम्मेद्वार बनेर चुनाव लड्ने र चुनाव जितेपछि पार्टीविरुद्ध घात गर्ने प्रवृत्तिबाट पार्टीलाई जोगाउनु पर्छ । चुनाव जित्ने र चुनाव जितिसकेपछि पार्टीको योजनामा पार्टीको पक्षमा दृढतापूर्वक उभिने जनप्रतिनिधि निर्वाचित गराउने कुरामा पार्टीले ध्यान दिनुपर्दछ ।

*पार्टीको तर्फबाट सम्भावित उम्मेद्वारहरूलाई सुरुदेखि नै जनताको बीचमा स्थापित गर्न सक्दा निर्वाचनमा सफलता हासिल गर्न सकिन्छ । त्यसका लागि सम्बन्धित तहको नेतृत्वले विशेष ध्यान दिनुपर्दछ । उम्मेद्वार बन्ने नाममा अस्वस्थ प्रतिस्पर्धा नहोस् भन्नका लागि संस्थागत सिफारिसको प्रक्रियामा जोड दिनुपर्दछ ।*

**१८. जनसरोकारका कामको क्षेत्रमा पार्टीको नेतृत्व स्थापित गर्ने :**

विकास, निर्माण र सामाजिक काममा उपभोक्ता समिति, व्यवस्थापन समिति, सञ्चालन समिति जस्ता विभिन्न प्रकारका समितिहरू गठन गर्ने र उनीहरूको माध्यमबाट विकास निर्माणका काम र सामाजिक काम गर्ने प्रचलन रहिआएको छ । पछिल्ला दिनहरूमा ती कामहरूमा जनताको चासो र सरोकार बढ्दो क्रममा रहेको छ। विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, सामुदायिक र साझेदारी बन उपभोक्ता समिति, टोल विकास संस्था जस्ता जनसरोकारका ठाउँहरूमा स्थानीय जनताको सहभागिता बढ्दो छ । सरकारी बजेटबाट गरिने विकास निर्माणका काममा समेत स्थानीय स्तरमा उपभोक्ता समिति बनाएर काम गर्ने प्रचलन छ । यस्तो अवस्थामा सचेत र इमान्दार व्यक्तिहरूलाई अघि नबढाउने हो भने ती ठाउँहरूमा स्वार्थी र लोभी व्यक्तिहरूको प्रभुत्व कायम हुने, गुणस्तरयुक्त काम नहुने र बजेट चुहावटको अवस्था आउन सक्छ । ती संस्थाहरूलाई उपलव्ध हुने पैसा र अवसरको दुरुपयोग हुनसक्छ। यस्ता कुरामा सम्बन्धित तहको पार्टी कमिटीहरूको ध्यान पुग्नु आवश्यक छ ।

**१९. सामाजिक सेवा र लोककल्याणकारी कार्य गर्ने :**

पार्टी सरकारमा रहेका बेलामा राज्यका तर्फबाट र पार्टी प्रतिपक्षमा रहेका वेलामा पार्टीको तर्फबाट सामाजिक सेवा र लोक कल्याणकारी कार्यका माध्यमबाट असहाय र कमजोर नागरिकका बीचमा मानवताको सेवाभावका साथ पार्टी जोडिनु आवश्यक छ। यसका लागि पार्टीको एउटा शक्तिलाई सो काममा परिचालित गर्न सकिन्छ। पछिल्ला दिनमा गैरसरकारी क्षेत्रबाट गरिने मानवीय कार्यको महत्व निकै बढेर गएको छ। भूकम्प, वाढी पहिरो जस्ता समस्यामा पार्टीले आफ्नो संगठित शक्ति परिचालन गर्ने गरे पनि नियमित सामाजिक कार्य र मानव सेवाको कार्यका लागि कुनै व्यवस्थित ढाँचा वनाउन सकिएको छैन। यस प्रकृतिको काम गर्ने कुनै संरचना नहुँदा पार्टीका जिम्मेवार नेता र कार्यकर्ताको महत्वपूर्ण समय समेत त्यसमा खर्च हुने गरेको छ। तर परिणाम देखिनेगरी काम अघि बढ्न सकेको छैन। अव त्यो कामको आवश्यकता पूरा गर्नेगरी एउटा संगठन संयन्त्र वनाएर अघि बढ्नुपर्दछ।

**२०. पार्टीको केन्द्रीय कार्यालयको भवन निर्माण :**

पछिल्लो महाभूकम्पको समयमा भत्किएको पार्टी कार्यालय अहिलेसम्म निर्माण गर्न सकिएको छैन। यतिबेला पार्टीको केन्द्रीय कार्यालय भाडाको घरबाट सञ्चालन भइरहेको छ। भाडाको घरबाट पार्टी कार्यालय चलाउनु पर्दा पार्टी कामको आवश्यकता अनुरुप ठाउँ उपलब्ध हुने अवस्था छैन। देशका अधिकांश जिल्लाहरूमा पार्टी कार्यालय निर्माण गर्न सफल भएको हाम्रो पार्टीको केन्द्रीय कार्यालय भाडाको घरबाट लामो समयसम्म सञ्चालन गर्नु राम्रो होइन। अब पार्टीले छिटोभन्दा छिटो आफ्नो कार्यालय भवन निर्माण गर्नुपर्छ। पार्टी कार्यालय भवन निर्माण गर्नका लागि देशभरिका कार्यकर्ताको सहयोग

*जनआन्दोलन र जनक्रान्तिलाई शान्तिपूर्ण माध्यमबाट सफल बनाउन, ऐतिहासिक संविधानसभाबाट नयाँ संविधान जारी गर्न तथा राष्ट्रका सामु उत्पन्न नाकाबन्दी लगायतका चुनौतीहरूको सामना गर्न हाम्रो पार्टीका नीति र पहल नै निर्णायक बन्ने गरेका छन् ।*

जुटाउने नीति अवलम्बन गर्नुपर्छ । पार्टीको आफ्नै कार्यालय भवनको भावना आम कार्यकर्तामा जागृत गर्न सक्ने हो भने छोटो समयमा नै सुविधासम्पन्न अत्याधुनिक पार्टी कार्यालय भवन निर्माण सम्भव हुनेछ ।

## (ज) निष्कर्ष

हाम्रो पार्टी संगठनात्मक रुपले व्यवस्थित पार्टीका रुपमा स्थापित छ । तर पनि यस पार्टीको आन्तरिक जीवनमा बेलाबखत उत्पन्न हुने समस्याहरूलाई व्यवस्थापन गर्न नसक्दा उपलब्धिहरूको रक्षा गर्न र त्यसलाई थप सुदृढ गर्दै अघि बढाउन समस्या हुने गरेको छ । जनआन्दोलन र जनक्रान्तिलाई शान्तिपूर्ण माध्यमबाट सफल बनाउन, ऐतिहासिक संविधानसभाबाट नयाँ संविधान जारी गर्न तथा राष्ट्रका सामु उत्पन्न नाकाबन्दी लगायतका चुनौतीहरूको सामना गर्न हाम्रो पार्टीका नीति र पहल नै निर्णायक बन्ने गरेका छन् । पार्टी नेतृत्वको सरकारका माध्यमबाट राष्ट्रको स्वाधीनता र स्वाभिमानलाई उँचो राख्न गरिएका प्रयासहरू प्रभावकारी रहँदै आएका छन् । आर्थिक–सामाजिक विकासको योजनाअनुरुप अघि बढाइएको

'समृद्ध नेपाल, सुखी नेपाली'को रााष्ट्रिय आकांक्षा सिंगो राष्ट्रको संकल्प बन्दै गएको छ । पूर्वाधार विकास र लोककल्याणकारी राज्य निर्माणका लागि अघि बढाइएका कार्यक्रमहरूको प्रभावलाई अब कसैले रोक्न सक्दैन । यस्तो अवस्थामा पार्टीका विरुद्ध सुरु भएको षडयन्त्रपूर्ण कदम र घेराबन्दीलाई जनताको अभिमतबाट चिर्दै राष्ट्र निर्माणको नेतृत्वकर्ता मुख्य शक्तिका रुपमा पार्टीलाई स्थापित गर्ने कुरा यतिबेलाको संगठनात्मक कामको मुख्य विषय बनेको छ । यसमा प्राप्त हुने सफलताबाट यो पार्टी पुन: राज्यको वैधानिक नेतृत्व गर्ने ठाउँमा लोकप्रिय जनादेशका साथ स्थापित हुनेछ ।

पार्टीको संगठनात्मक जीवनलाई पुनर्व्यवस्थित गरी नेपाली राजनीतिको विद्यमान अन्योल र संक्रमणलाई सही दिशामा व्यवस्थापन गरी आर्थिक–सामाजिक विकासको माध्यमबाट समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशा पूरा गर्ने उद्देश्यका साथ यो संगठनात्मक प्रस्ताव प्रस्तुत गरिएको छ । यसै संगठनात्मक प्रस्तावको मार्गदर्शनमा पार्टीको वैधानिक व्यवस्था समेत परिमार्जन गरिनु पर्दछ । पार्टीको सिद्धान्त, नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने माध्यम नै पार्टी संगठनहरू हुन् । यही मान्यताअनुरुप पार्टीको संगठनात्मक प्रस्तावलाई व्यवहारमा प्रभावकारी ढंगले कार्यान्वयनमा लैजानु आवश्यक छ । यस विधान महाधिवेशनको ऐतिहासिक सफलतासँगै सिंगो पार्टी एकताबद्ध रुपमा यस संगठनात्मक प्रस्तावले निर्दिष्ट गरेको पार्टी निर्माणको दिशामा अघि बढ्नु अपरिहार्य छ ।

**ईश्वर पोखरेल**

१७ असोज २०७८ — महासचिव